# लेखापरीक्षण प्रतिवेदन

# बाणगंगा नगरपालिका, कपिलवस्तु

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# बाणगंगा नगरपालिका, कपिलवस्तु

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

स्वतन्त्रता *(Independence)*
निष्ठा *(Integrity)*
पारदर्शिता *(Transparency)*
जवाफदेहिता *(Accountability)*
व्यावसायिकता *(Professionalism)*

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/704

श्रीमान् नगरप्रमुख ज्यू,
बाणगंगा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, कपिलवस्तु ।

**विषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/704

**स्थानीय तहको रायसहितको प्रतिवेदन**

श्रीमान प्रमुखज्यू,

बाणगंगा नगरपालिका,नगरकार्यपालिकाको कार्यालय,

कपिलवस्तु ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुन बमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष, लगायतका कारोबार समावेश गरेको छैन।

२.२.नगरपालिकाको आय-व्ययतर्फ रु. ३ अर्ब १० करोड १ लाख ६३ हजारको लेखापरीक्षणबाट रु.१ करोड ८२ लाख ४१ हजारको बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.९३ लाख ९३ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु. ५५ लाख १५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६ लाख ६४ हजार र नियमित गर्नुपर्ने रु. २६ लाख ६९ हजार गरी जम्मा रु. ८८ लाख ४८ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.१५ करोड १३ लाख १३ हजार मध्ये रु.७ करोड १ लाख ६ हजार संपरीक्षण भई यस वर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु. ९ करोड ५५ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ।नगरकार्यपालिका,प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १०० | १२४ | १,८२,४०,६३९ | ० | ६९ | ९३,९२,६२१ | ० | १०० | ५५ | ८८,४८,०१८ | ५५,१५,१६५ | २६,६८,७७२ | ६,६४,०८१ | ० | ० | ३३,३२,८५३ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कपिलबस्तु | १५,१३,१३,२९३ | ० | ७०१०६०२० | ८१२०७२७३ | ० | ८८,४८,०१८ | ९००५५२९१ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| **प्रतिक्रियाबाट संपरीक्षणः** | | | | |
| १ | २०८१/८२ | १०३.१ | सूर्योदय विद्यालय वडा नं ८ भवन निर्माण | ३,२०० |
| २ | २०८१/८२ | ३३ | सामुदायिक सिकाइ केन्द्र संचालन | ५,७५४ |
| ३ | २०८१/८२ | ११२.४ | सम्भाव्यता अध्ययन/डी.पी.आर. लगाएत परामर्श सम्बन्धि कार्य | ४,००,००० |
| ४ | २०८१/८२ | ६० | सटर भाडा | ५७,५०० |
| ५ | २०८१/८२ | ९० | विशेष अनुदान बापत रकम भुक्तानी | ४६,४८,००० |
| ६ | २०८१/८२ | ३० | विद्यालयको लेखापरीक्षण | १३,२०० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८१/८२ | ५३ | भुक्तानीमा कर कट्टी | १,१३,०८० |
| ८ | २०८१/८२ | ९३ | ब्रहमाकुमारी ओम शान्ति भवन निर्माण | ५८,१७३ |
| ९ | २०८१/८२ | १८ | बैठक भत्ता | ११,०५० |
| १० | २०८१/८२ | २४.२ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ४,९४,२९० |
| ११ | २०८१/८२ | ७८.१ | प्रदेश विशेष आयोजना | १६,९५,१७६ |
| १२ | २०८१/८२ | २२ | पशु तथा कृषि विकास कार्यदल बैठक | ४,२५० |
| १३ | २०८१/८२ | १९ | पदाधिकारी अनुगमन भत्ता | ९६,०५० |
| १४ | २०८१/८२ | ११९ | निजी विद्यालय नियमन | ९९,००० |
| १५ | २०८१/८२ | ७७ | नगरपालिका बृत्त चित्र निर्माण | १,९८,९९९ |
| १६ | २०८१/८२ | ८३ | दुग्ध संकलन केन्द्र स्थापना/सुधार (वडा नं ५) | ५,०१,१८५ |
| १७ | २०८१/८२ | ८० | दिगो बन व्यवस्था तथा वृक्षारोषण कार्यक्रम | १२,००० |
| १८ | २०८१/८२ | ३१ | तलव भत्तामा बढी भुक्तानी | १,५३,९२६ |
| १९ | २०८१/८२ | २७ | गाई/भैसी र बाख्रा पालना सम्वन्धी ३ दिने कृषकस्तर तालिम | २७,११० |
| २० | २०८१/८२ | ११३.३ | कृषि बजार पूर्वाधार निर्माण तथा निरन्तरता | १८,७५५ |
| २१ | २०८१/८२ | ८८ | कम बिलपेश | १५,६४० |
| २२ | २०८१/८२ | ४१.२ | कफि वारिष्ट तालिम | ४५,०८१ |
| २३ | २०८१/८२ | १०५ | औधोगिक पूर्वाधार कार्यक्रम | १,४५,९९४ |
| २४ | २०८१/८२ | ६८ | एम्बुलेन्स सञ्चालन | ५५,३३९ |
| २५ | २०८१/८२ | ५८.२ | उपभोक्ता समिति र टोल विकास संस्था पदाधिकारी हरुको क्षमता विकास तालिम | १,७०० |
| २६ | २०८१/८२ | २९ | अवकाश प्राप्त शिक्षकको तलब बढी भुक्तानी | ३,०९,००३ |
| २७ | २०८१/८२ | ४८ | अन्य संस्थामार्फत कार्यक्रम | १,९४,२३५ |
| २८ | २०८१/८२ | ३२ | अनुदानको उपयोग | १४,९३१ |
| | | | **जम्मा** | **९३,९२,६२१** |
| **गत वर्षसम्मको संपरीक्षणः** | | | | |
| २९ | २०८०/८१ | २८ | मकैबाली प्रर्वद्धन कार्यक्रम | ३,५०,००० |
| ३० | २०८०/८१ | १५ | बढी ग्रेड भुक्तानी | १५,६८७ |

| | | | | |
|---|---|---|---|---|
| ३१ | २०८०/८१ | ३३ | नविकरणीय उर्जा प्रविधि कार्यक्रम – | ८,००,००० |
| ३२ | २०८०/८१ | २२.१ | दिवा खाजा | १,४५,४१,००० |
| ३३ | २०८०/८१ | ३२ | कार्यक्रम संशोधन – | २०,७२,७८० |
| ३४ | २०८०/८१ | ११ | कानुनी सल्लाहकार- | ४,०१,६०८ |
| ३५ | २०८०/८१ | ३५.१ | अधुरो कार्य – | ५०,३०,५२० |
| ३६ | २०७९/८० | ३१ | विमा अवधी | २९,६१५ |
| ३७ | २०७९/८० | ७२ | धरौटी फिर्ता | ९१,२१० |
| ३८ | २०७९/८० | ३३ | कार्य तालिका | २०,००० |
| ३९ | २०७९/८० | २२ | कानूनी सल्लाहकारः | ३,६०,००० |
| ४० | २०७९/८० | २५ | कर्मचारी व्यवस्थाः | १०,७६,४०० |
| ४१ | २०७९/८० | २७ | अध्ययन अवलोकन भ्रमणः | २१,४७,५३२ |
| ४२ | २०७९/८० | ७४ | गुणस्तर सुनिश्चित | ९,९३,२३१ |
| ४३ | २०७८/७९ | ६२ | वडा कार्यालयबाट खरिद | २,४५,८५७ |
| ४४ | २०७८/७९ | ५८ | भुक्तानी वाँकी | ३,८८,६२६ |
| ४५ | २०७८/७९ | ८३ | बैठक भत्ताः | १,४३,६५० |
| ४६ | २०७८/७९ | ५६ | खाजा खर्च | ७,१४,०७३ |
| ४७ | २०७८/७९ | ४१ | खर्च मितव्यिता कायम गर्नु पर्ने | १४,७२,००० |
| ४८ | २०७८/७९ | ५८ | कानुनी सल्लाकार | १,८०,००० |
| ४९ | २०७८/७९ | ६९ | कर्मचारी प्रोत्साहनः | ४०,००,४१७ |
| ५० | २०७८/७९ | ४० | कन्टिन्जेन्सी खर्चः | २७,९३,००० |
| ५१ | २०७८/७९ | ६५ | अवोलकन भ्रमणः | १,६२,५६२ |
| ५३ | २०७७/७८ | १७.२ | वित्तीय विवरण | ३,२०,७६,२५२ |
| **जम्मा** | | | | **७,०१,०६,०२०** |
| **कुल जम्मा** | | | | **७,९४,९८,६४१** |

# बाणगंगा नगरपालिका, कपिलवस्तु

# ( ८०५४९४०३३०० )

# बाणगंगा नगरपालिका , कपिलबस्तु

# परिचय

१ **परिचय**

**१.१ कार्यालयको परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ११ वडा, ५६ सभा सदस्य र २३३.५३ वर्ग किलोमिटर क्षेत्रफल तथा ९६७१४ जनसंख्या रहेको छ ।

**१.२ लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**१.३ लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।२५ देखि २०८२।९।३ सम्म रहेको छ ।

**१.४ लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**१.५ लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**१.६ आर्थिक कारोबारको स्थिति** :- यस पालिकाको आयतर्फ रू. १५४८४६७४१२.६१, व्ययतर्फ रू. १५५१६६२०६७.५९ गरी जम्मा रू. ३ अर्व १० करोड ०१ लाख २९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**१.७ लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा विभिन्न पदाधिकारी तथा कर्मचारीको बैठक तथा अनुगमन भत्ता वापतको रकम तथा विभिन्न कर्मचारीहरुको पारिश्रमिक कर वापतको रकम गरी कुल रु.६४५८३८।- असुल भइ दाखिला प्रमाण पेश भएको छ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत वित्तीय विवरण**

२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ मा सङ्घ, प्रदेश तथा स्थानीय तहले नेपाल सरकारवाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७९।०८।२० को निर्णयवाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान, २०७९ (Nepal Public Sector Accounting Standards-NPSAS) अनुसार यस पालिकाले स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली (SuTRA)मा म.ले.प.फारम नं. २७० मा सवै वित्तीय कारोबार देखिने गरी वित्तीय विवरण तयार गर्नुपर्नेमा व्यवस्था भएकोमा पालिकाले देहायका भुक्तानी बाँकीको विवरण, लगानी लगायतका विवरणहरुको साथै सम्पूर्ण टिप्पणी तथा अनुसूची प्रविष्टि गरेको देखिएन यस सम्बन्धी बेहोरा निम्नानुसार रहेका छन्-

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) अनुसूची खण्डमा समावेश छ ।

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १. सुरु मौज्दात | | २१२६४३६५२.२४ | १. पालिका तर्फ | | ५८३५४६७३९.७८ |
| क) संचित कोष | १६३४८७४०५.६३ | | क) चालु खर्च | २६२२४२९३९.९ | |
| ख) धरौटी | २४५९२८४२. | | ख) पुजिगत खर्च | ३२१३०३७९९.८८ | |
| ग) विविध खर्च खाता | ६५६२८०३.९८ | | २. सघिंय सरकार तर्फ | | ४३६१६७४७२.६२ |
| घ) स्थानीय तह विविध कोष खाता | ११२७९००२.६८ | | क) संघीय सशर्त चालु | ३९८१४४३३४.६२ | |
| ङ) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ६०२६५९७.९५ | | ख) संघीय सशर्त पुजिगत | ३१७२४८२५. | |
| च) स्थानीय तह आकस्मिक कोष खाता | ६९५०००. | | ग) संघीय विशेष | ६२९८३१३. | |
| २. यस वर्षको आय | | | घ) संघीय समपुरक | | |
| २. १ . आन्तरिक तर्फ | | 167008670.03 | ३. प्रदेश सरकार तर्फ | | २१३६७३५७. |
| २. १ . १ . आन्तरिक आय | ७९६८७४०१.९८ | | क) प्रदेश सशर्त चालु | २८८३२४१. | |
| २. २ . २ . राजस्व वाडफाड - स्थानीय | ८७३२१२६८.०५ | | ख) प्रदेश सशर्त पुजीगत | ९०५२२९८. | |
| २. २ . वित्तीय हस्तान्तरण ( संघ ) | | ७९२२१९५५५.१४ | ग) प्रदेश विशेष चालु | १९८४३७२. | |
| क) समानीकरण अनुदान | १७५१६९८४०. | | घ) प्रदेश समपुरक | ७४४७४४६. | |
| ख) राजस्व बाँडफाँड | १४५३३७६९६.१४ | | ङ) अन्य | | |
| ग) सशर्त अनुदान चालु | ४२९६०९२५०. | | ४. १ अन्तर सरकारी अख्तियारी ( संघ ) | | ४१५४४७४००. |
| ग) सशर्त अनुदान पुजिगत | ३५७६२१५८. | | क) सामाजिक सुरक्षा तथा संरक्षण | ३८८३९७४००. | |
| घ) समपुरक अनुदान | | | ख) औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | १९९००००. | |
| ङ) विशेष अनुदान | ६३४०६११. | | ग) स्वास्थ्य सुधार कार्यक्रम | ३४५००००. | |
| च) रोयल्टी | | | घ) स्वास्थ्य सुधार कार्यक्रम | ३७००००० . | |
| छ) अन्य | | | ४.२ अन्तर सरकारी | | १९९१०००. |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अख्तियारी ( प्रदेश ) | | |
| २. ३ . वित्तीय हस्तान्तरण ( प्रदेश ) | | ५९४०५५६७.२९ | क) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १९९१०००. | |
| क) समानीकरण अनुदान | १३५८६०००. | | ऋण फिर्ता ( साँवा ) | | |
| ख) राजस्व बाँडफाँट | २४०७०८५८.२९ | | ऋणको ब्याज भुक्तानी | | |
| ग) सशर्त अनुदान चालु | २९१३२४१. | | ५. धरौटी फिर्ता तथा सदर स्याहा | १०४२१११३. | १०४२१११३. |
| घ) सशर्त अनुदान पुजिगत | ९०९५२६९. | | ६. कार्यसञ्चालन कोषबाट भएको खर्च | | ४६७९५०८६.८१ |
| घ) समपुरक अनुदान | ७५४०१९९. | | क) विविध खर्च खाता | १२४९०६१३.८१ | |
| ङ) विशेष अनुदान | २२०००००. | | ख ) स्थानीय तह विविध कोष खाता | ३३२०३२४३. | |
| च) रोयल्टी | | | ग ) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ११०१२३०. | |
| छ) अन्य | | | घ) स्थानीय तह आकस्मिक कोष खाता | | |
| छ) अन्य | | | अन्य कोषबाट भएको खर्च | | |
| २.४. अन्तर सरकारी अख्तियारी (संघ) | | ४१५४४७४००. | गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | |
| क) सामाजिक सुरक्षा तथा संरक्षण | ३८८३९७४००. | | अन्य सहयोगमा सञ्चालित योजना | | |
| ख) औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | १९९०००००. | | अन्य खर्च भएमा | | |
| ग) स्वास्थ्य सुधार कार्यक्रम | ३४५००००. | | ७. अनुदान फिर्ता | | |
| घ) स्वास्थ्य सुधार कार्यक्रम | ३७०००००. | | ७. १ . संघ तर्फ | | ३५५४४५४६.३८ |
| २.५. अन्तर सरकारी अख्तियारी (प्रदेश) | | १९९१०००. | क) सशर्त अनुदान चालु | ३१४६४९१५.३८ | |
| क) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १९९१०००. | | ख) सशर्त अनुदान पुजिगत | ४०३७३३३. | |
| २. ६ . ऋण / वित्तीय व्यवस्था | | | ग) बिशेष अनुदान | ४२२९८. | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. ७ . धरौटी आय | १३९५२९१३. | १३९५२९१३. | ७. २ . प्रदेश तर्फ | | ३८१३५२. |
| २. ८ . कार्यसञ्चालन कोष आय | | ४३३८१८२५.४ | क) सशर्त अनुदान चालु | ३००००. | |
| क) विविध खर्च खाता | ५९७४८३४.८३ | | क) सशर्त अनुदान पुजिगत | ४२९७१. | |
| ख ) स्थानीय तह विविध कोष खाता | ३४९०६९९०.५७ | | ख) विशेष अनुदान | ९२७५३. | |
| ग ) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २५०००००. | | ग) समपुरक अनुदान | २१५६२८. | |
| घ) स्थानीय तह आकस्मिक कोष खाता | | | ८. अन्तिम मौज्दात | | १८८३३१८९०.०६ |
| २. ९ . अन्य कोषको आय | | | १. संचित कोषको मौज्दात | १६०२०७२४८.०६ | |
| २. १० . गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | | २. धरौटी | २८१२४६४२. | |
| २. ११ . अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | | | ९. कार्यसञ्चालनकोष मौज्जाद | | २११५०१४३.२ |
| २. १२ . अन्य आय भएमा | | | क) विविध खर्च खाता | ४७०२५. | |
| क) जनसहभागिता | ५५०९३५१७.७५ | ५५०९३५१७.७५ | ख ) स्थानीय तह विविध कोष खाता | १२९८२७५०.२५ | |
| | | | ग ) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ७४२५३६७.९५ | |
| | | | घ) स्थानीय तह आकस्मिक कोष खाता | ६९५०००. | |
| | | | ङ) अन्यकोष | | |
| जम्मा | १७६११४४१००.८५ | १७६११४४१००.८५ | जम्मा | १७६११४४१००.८५ | १७६११४४१००.८५ |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **लिन/उठ्न बाँकी रकम** - एकीकृत वित्तीय विवरणको लेखा टिप्पणी नं. १५ मा लिन/उठ्न बाँकी रकम प्रविष्टिको लागि व्यवस्था गरेको छ । पालिकाले यस वर्ष नदीजन्य पर्दाथको ठेक्का तर्फ र अस्पताल तर्फ सटर बापतको भाडा विवरण तयार गरी टिपणी १५ मा उल्लेख गर्नुपर्नेमा सो गरेको छैन । नियमानुसार टिप्पणीमा उक्त रकमको खुलासा गर्नुपर्दछ।

२.३

**सम्पत्तिको मौज्दात विवरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७८ (६) मा केन्द्रीय निकायले आफ्नो र मातहतको कार्यालयको सम्पत्ति तथा दायित्वको अभिलेख राखी वार्षिक विवरण असोज मसान्तभित्र महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने तथा नियम १०१ मा सम्बन्धित केन्द्रीय निकायले एकीकृत वार्षिक विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था छ । एकीकृत वित्तीय विवरणको टिप्पणी नं. ११ मा सम्पत्तिको मौज्दात रकम प्रविष्टिको लागि व्यवस्था गरेको छ । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा गत वर्ष सम्म २४६७ आइटमको रु ४ करोड ९७ लाख ०९ हजार मौज्दात रहेकोमा यस वर्ष सम्पत्ति ९०२ आइटमको रु. २ करोड ६९ लाख ९८ हजार ३७४.७० खरिद भई ४९२ आइटमको रु ६२ लाख २१ हजार ०९२.८८ हस्तान्तरण भई आ.व. ०८१।८२ मा २८७७ थानको रु. ७ करोड ०२ लाख ८७ हजार मौज्दात देखाएकोमा पालिकाले तयार गरेको वित्तीय विवरण लेखा टिप्पणीमा उल्लेख गरेको देखिएन। पालिकाले वित्तीय विवरणमा सम्पत्ति रकम समावेश गरी तयार गर्नुपर्दछ ।

## ३ कोष

३.१ **कर्मचारी कल्याण कोष-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१.१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ। उक्त ऐनको ९१.१ अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। साथै लुम्बिनी प्रदेशको निजामती सेवा ऐन २०८१ को दफा १३४ को उपदफा १ मा स्थानीय तहका कर्मचारी यस ऐन बमोजिम स्थानीय सेवाबाट अवकाश हुँदा वा स्थानीय सेवामा रहन नचाहेमा, यस ऐन बमोजिम स्थानीय तहका कर्मचारीलाई प्रत्याभूत गरिएका आर्थिक सुविधा प्रदान गर्नको लागि प्रदेश स्तरमा सबै स्थानीय तहको एउटा एकीकृत अवकाश कोष स्थापना गरिने उल्लेख छ। पालिकाले कर्मचारी कल्याण कोषमा यसवर्ष रु. १५००००० तथा गत वितगको रु. ६९९८६०९ गरि जम्मा रु. ८४९८६०९ जम्मा गरेको छ । पालिकाले कर्मचारी कल्याण कोषमा यसवर्ष रु. १५००००० तथा गत वितगको रु. ६९९८६०९ गरी जम्मा रु. ८४९८६०९ जम्मा गरेको छ । यसरी जम्मा भएको रकमका सम्बन्धमा कार्यविधि बनाई कर्मचारीको समेत कट्टा गरी कोषमा जम्मा भएको रकमको कानुनबमोजिम उपयोगको सुनिश्चितता गर्नुपर्छ ।

३.२ **मर्मत कोष-** पालिकाले पालिका तर्फका योजनाको भुक्तानीमा १ प्रतिशतका दरले मर्मत कोषकट्टी गरी गत वर्ष रु. २११७१२६ र यसवर्ष रु. १५२४२८० गरि जम्मा रु. ३६४१४०६ मर्मत कोषमा राखेकोमा हालसम्म रु. १७४५२३३ खर्च भई जम्मा रु. २२५४७६७ वर्षान्तमा मौज्दात रहेको देखियो । यसरी सम्बन्धित योजनामा खर्च गर्नुपर्ने रकम पालिकाको खातामा जम्मा गरि राखेको रकम संचित कोषमा राखि बजेटमा समावेश गरी खर्च गर्नुपर्दछ ।

## ४ बजेट तथा कार्यक्रम

४.१ **योजनाको प्राथमिकीकरण-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार पुँजीगत र कार्यक्रम पालिकास्तरका २७२ र वडा स्तरीय २३० गरी कुल ५०२ वटा योजनामा बजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५लाख देखि२० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या | कार्यान्वयन भएका योजना संख्या | कार्यान्वयन नभएका योजना संख्या |
|---|---|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २७२ | ३६ | १३१ | १०५ | २७२ | ० |
| २. | वडा स्तरीय | २३० | ० | ४४ | १८६ | २२५ | ५ |

उपर्युक्त विवरणअनुसार पालिकाले यस वर्ष तर्जुमा गरेका ५०२ योजना मध्ये ५ लाख देखि २० लाख सम्मका योजनाहरु १७५ वटा योजना रहेका छन् र २० लाख भन्दा माथिका २० वटा योजना मात्र रहेकाले पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ ।जसले गर्दा सञ्चालित योजनाबाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

४.२ **त्रैमासिक पुँजीगत खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र.स. | ब.उ . शि . न . | कुलखर्च | कूल खर्च | | अषाढमहिना |
|---|---|---|---|---|---|
| | | | दोश्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | पूँजीगत | ३७, ५८ , २६ , ६८२ | ६६, ७९ , ७४४ | ३०१९८६९४३ | २१, ७८ , ९६ , ७४० |
| | प्रतिशत | ७२.२७% | १.४६% | ५८.०७% | ४१.९०% |

माथिको तालिका अनुसार यस वर्ष ७२.२७ प्रतिशत खर्च भएकोमा चौथो त्रैमासिकमा कुल खर्चको ५८ प्रतिशत र आषाढमा मात्र ४१ प्रतिशत खर्च भएको छ । नगरपालिकाले तोकिएको त्रैमासिक अनुसार खर्च गर्न विनियोजन दक्षता एवं कार्यान्वयन प्रभावकारितामा वृद्धि गर्नु पर्दछ।

४.३ **रकमान्तर**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ । साथै नगरसभाले सालबसाली विनियोजन ऐन व्यवस्था गरी खर्च र रकमान्तरको व्यवस्था गर्नु पर्दछ । नगरपालिकाले यो वर्ष वजेट रु १ अर्व ३० करोड २० लाख २४ हजार विनियोजन गरेकोमा रु.२० करोड ५३ लाख ७ हजार रकमान्तर गरी खर्च गरेका छन् । ऐनको व्यवस्था अनुसार रकमान्तर गर्नुपर्दछ ।

४.४ **नीति तथा कार्यक्रम-** पालिकाले मिति २०८१ असार १० मा नगर प्रमुख बाट यस प्रशासनिक, विकासात्मक, अन्तर्निकायगत समन्वय गतिविधिहरुलाई नीति विधि र प्रविधिमा रुपान्तरण गरी जनताको खुसीयाली अभिवृद्धि गर्दै “ब्राण्ड बाणगंगा, बिलिभ बाणगंगा” अभियानलाई सार्थक बनाउन समावेशी, समानुपातिक, सहभागीतामूलक कार्यक्रम संचालन गरी जनताको खुसीयाली अभिबृद्धि गर्ने नीति तथा कार्यक्रमको उद्वेश्य रहेको दिगो विकास लक्ष्यका सूचकहरु क्रमस: पुरा गरी स्थानीयकरण गर्ने लक्ष्य , सामाजिक विकास पूर्वाधार विकास सुशासन तथा संस्थागत विकास आर्थिक विकास र वातावरण तथा विपद व्यवस्थापन जस्ता प्राथमिकताहरु रहेको यस पालिकाले यस वर्ष ७ वटा नीति तर्जुमा गरी विभिन्न कार्यक्रम उल्लेख गरिएकोमा यस्ता कार्यक्रमलाई बजेटले प्राथमिकता दिएको पाईएन ।नगरपालिकाले नीति तथा कार्यक्रममा उल्लेख गरिएका महत्वपूर्ण कार्यक्रमलाई प्राथमिकताका साथ बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ।

४.५ **बजेट कार्यान्वयनको अवस्था-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम आगामी आर्थिक वर्षको लागि पेश भएको राजश्व र व्ययको अनुमान (बजेट) मा पेश गरिएको कार्यक्रमलाई नगरपालिकाले प्राथमिकताका साथ कार्यान्वियन गर्नुपर्दछ। नगरपालिकाले देहायका कार्यक्रमहरू बजेटमा समावेश भएको तर कार्यान्वयन भएको छैन। स्वीकृत कार्यक्रम र बजेटलाई ध्यानमा राखी कार्यान्वयन गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ४.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)**

४.६ **क्षेत्रगत बजेट खर्च अवस्था-** नगरपालिकाको कुल बजेट १ अर्व ३० करोड २० लाख र खर्च १ अर्व ४ करोड १० लाख ८१ हजार आधारमा समग्रमा ७९.९५ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेटको स्थिति निम्नानुसार रहेको छ ।

| क्र.सं. | क्षेत्र/ उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | १३५२४८१८० | ९९४४६७२७ | १० |
| २ | सामाजिकविकास | ५९३३५७२०३ | ५००३८३७७६ | ४८ |
| ३ | पूर्वाधारविकास | ३८९६२४६२१ | २९५८५९२५६ | २८ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | ६०९३९९६ | २४८९२२० | ०.२३ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | १७७७००००० | १४२९०२५९० | १४ |
| कुलजम्मा | | १३०२०२४००० | १०४१०८१५६९ | १०० |

उपर्युक्त विवरण अनुसार नगरसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकास ४८ प्रतिशत, पूर्वाधार विकासमा २८ प्रतिशत र कार्यालय सञ्चालन तथा प्रशासनिकमा १४ प्रतिशत, आर्थिक विकास तर्फ १० प्रतिशत र सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा ०.२३ प्रतिशत मात्र रहेको देखियो ।अत: आर्थिक विकास, संस्थागत विकास तथा सेवा प्रवाह तथा वित्तीय व्यवस्थापन र सुशासन क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो।

## ५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
- सार्वजनिक खरिद नियमली २०६४ नियम १२३ अनुसार २५ हजार भन्दा माथांको भुक्तानी गर्दा सम्बन्धित व्यक्तिको खातामा विद्युतिय माध्यमबाट भुक्तानी गर्नुपर्नेमा केहीँ कार्यक्रममा सम्पूर्ण रकम व्यक्तिलाई नाममा भुक्तानी गर्ने गरेकोले यसमा सुधार हुनुपर्दछ ।
- पालिकाले २०८१।०८२ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसूची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
- पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फ नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो गरेको पाइएन
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.२५१३२८४ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

  तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ६ सम्पत्ति संरक्षण

६.१ **पालिकाको जग्गा प्राप्ति-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९७ अनुसार स्थानीय तहले आफू मातहतको सरकारी, सामुदायिक र सार्वजनिक सम्पतिको संरक्षण गर्नुपर्ने व्यवस्था रहेको अवस्थामा पालिकाले साविक वन तथा डिभिजन कार्यालयमा रहेको सार्वजनिक तथा सरकारी जग्गा प्राप्त नै नगरिकन विना अध्ययन आफु खुसी अतिक्रमण गर्दै भवनहरु निर्माण गरिरहेको अवस्थामा कानून अनुसार नेपाल सरकारबाट जग्गा उपभोगको स्वामित्व प्राप्त गरेर मात्र योजना अनुरुप सुन्दर तवरले पालिका भवन निर्माणको कार्य गर्नुपर्दछ ।

६.२ **सरकारी सम्पत्तिको संरक्षण-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९७ अनुसार स्थानीय तहले आफू मातहतको सरकारी, सामुदायिक र सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका मातहत रहेका अनुसूची खण्डमा समावेश गरेको विवरण अनुसार ऐलानीमा ४९ घर तथा सरकारी कूलोमा २९ गरी जम्मा ७८ घरहरु सरकारी जमिनमा अतिक्रमण गरी निर्माण कार्य गरेकोले पालिकाले अतिक्रमित सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ६.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ७ पुरानो घर दर्ता

पालिकाको आर्थिक ऐन २०८१ अनुसार पुरानो घर नविकरण दर्ताको को लागि घरको तला अनुसार २०७२ अघि सम्मको दर र २०७२ साल देखि २०८० सम्म घर नविकरणको दर तोकिएकोमा पालिकाले घर दर्ताको लागि सूचना आव्हान गरिएकोमा यस वर्ष केहि घरको नविकरण भएको श्रेस्ता परीक्षण गर्दा केहि भवनको निर्माण अवधि नखुल्दै २०७१ साल भन्दा अघिको घर भनी सिफारिस गरेको आधारमा कम राजश्व दाखिला भएको साथै तयार गरेको नक्साको क्षेत्रफल र पालिकामा अभिलेखन भएको क्षेत्रफलमा फरक भएको जस्ता व्यहोरा देखिएको हुदा पालिकाले घर नक्साङ्कन कार्यलाई भवन अभिलेखिकरणको भवन संहिता अनुसार भए पालना भए

नभएको साथै सम्पत्ति करमा दर्ता भए नभएको यकिन गरी अन्य सेवा प्रवाह सङ्ग समायोजन गरी घर नविकरण कार्यलाई तिव्रता दिई राजश्व संकलन कार्यलाई व्यवस्थित गर्नुपर्दछ।

## ८ सेवा प्रवाहको स्थिति

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाइ कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था अनुसार ऐन २३ वटा , नियमावली ६, निर्देशिका ७, मापदण्ड ३ तथा कार्यविधि ४५ वटा स्वीकृत गरी जम्मा ८१ वटा कार्यान्वियनमा ल्याएको छ । यस वर्ष नगरपालिकाबाट निम्नानुसार सेवा प्रवाह गरेको विवरण रहेको छ ।

| **विवरण** | **संख्या** |
|---|---|
| स्वीकृत घर नक्सा दर्ता पास(नयाँ घर र पूरानो घर) | ७२० |
| पञ्जिकरण | |
| जन्मदर्ता | १५०० |
| मृत्युदर्ता | ५८६ |
| विवाह दर्ता | ७५९ |
| बसाईसराई दर्ता | ६५७ |
| सम्बन्धविच्छेद दर्ता | ९८ |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | १३.६७१ कि.मि |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | १५.२०९ कि.मि |
| ग्राभेल सडक मर्मत | ७.५८ कि.मि |

## ९ मुद्दाको अवस्था

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४९(४) मा न्यायिक समितिले ३ महिना भित्र मुद्दा मेलमिलापको माध्यमबाट छिनोफानो गर्नुपर्ने व्यवस्था रहेको छ। न्यायिक समितिलाई यस आर्थिक वर्षमा गत वर्षको जिम्मेवारी सारिएको उजुरी ४ र यस वर्ष थप भएको उजुरी १५ सहित जम्मा १९ वटा उजुरी दर्ता भएकोमा १८ वटा मुद्दाको फर्स्यौट भई १ वटा उजुरीको किनारा नलागी वर्षान्तमा बाँकी देखिएकोले नियममानुसार बाँकी मुद्दा को किनारा लगाउनुपर्दछ।

## १० गैरसरकारी संस्था नियमन

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २५(१) मा गैरसरकारी सङ्घ संस्थाले संस्था, सामाजिक तथा सामुदायिक सङ्घ संस्थाले स्थानीय तहसँगको समन्वयमा रही कार्य गर्नु पर्ने, नेपाल सरकारको पूर्व स्वीकृति लिई गर्नु पर्ने, गैरसरकारी सङ्घ संस्थाले स्थानीय तहसँग भएको सम्झौताका आधारमा कुनै अध्ययन, सर्वेक्षण वा कार्यक्रम सञ्चालन गर्ने, आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय तहको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गरी संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन पेश गर्ने उल्लेख छ । पालिकामा हाल सक्रिय रहेका देहाय गैरसरकारी संस्थाहरूले पालिकासंग सम्झौता नगरी कार्यक्रम संचालन गरेको र संस्थाहरूको योजना तथा कार्यक्रमलाई स्थानीय तहले आफ्नो योजना, कार्यक्रम तथा बजेटमा समेत समावेश गरेको देखिएन । पालिकाले आफ्नो योजनामा उक्त कार्यक्रमहरु समावेश नगर्दा कार्यक्रमको दोहोरोपना हुने देखिन्छ । त्यसैगरी, संस्थाहरुबाट कार्यक्रमको प्रगति प्रतिवेदन पनि लिने गरेको देखिएन । तसर्थ, आगामी दिनमा पालिकाले गैरसरकारी संस्थाहरूको योजना तथा कार्यक्रमलाई आफ्नो बजेटमा समावेश गरी स्वीकृति दिनुको साथै संचालित कार्यक्रमको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

११ **घ इजाजत पत्र अनुमति तथा नविकरण**

कपिलवस्तु नगरपालिका घ वर्गको निर्माण इजाजतपत्र प्रदान सम्बन्धी कार्यविधि, २०७७ को दफा २ र ३ मा तोकिएको योग्यता पुगेका निर्माण कार्य गर्न इच्छुक निर्माण व्यवसायीलाई तोकिएको दस्तुर लिई इजाजतपत्र दिने व्यवस्था छ । नगरपालिकाले विगतमा ३९ वटा घ वर्गका निर्माण व्यवसायीलाई दर्ता नविकरण गरेकोमा यस आर्थिक वर्ष २०८१।८२ मा ३६ वटा मात्र नबिकरण भएको देखियो। घ वर्गको निर्माण इजाजत तथा नविकरण गरेका केहीँ फाइल नमुना परीक्षण गर्दा कार्यविधिको अनुसूचिमा बमोजिम वाटर पम्प-३, भाईब्रेटर-३, कम्तिमा रु.पाँच लाख मौज्दात रहेको कम्पनीको नाममा हालैको बैँक स्टेटमेन्ट र कर चुक्ता प्रमाणपत्र लगायत कागजातको अध्ययन गरेरमात्र इजाजत तथा नविकरण गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । तसर्थ, पालिकाले कार्यविधिले तोकेको कागजातहरुको आधारमा इजाजत पत्र जारी तथा नविकरण गर्नुपर्दछ ।

१२ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, बार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ प्रत्येक महिनाको सात गतेभित्र मासिक, प्रत्येक चौमासिक अवधि व्यतीत भएको पन्ध्र दिनभित्र चौमासिक र प्रत्येक आर्थिक वर्ष व्यतीत भएको तीस दिनभित्र वार्षिक वित्तीय प्रतिवेदन एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाभित्र दर्ता ५० वटा र प्रदेशमा कार्यक्षेत्र राखि दर्ता भई यस नगरपालिकमा कार्यगर्ने १५ वटा सहरकारी संस्था समेत गरी ६५ सहकारी संस्था यस नगरक्षेत्रमा संचालित रहेका छन् । यसमध्ये पालिकाभित्र दर्ता भएका अधिकांश सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा डाटा प्रविष्ट गरेको देखियो । आर्थिक वर्ष २०८१।८२ मा पालिकाले नगरभित्र संचालित सहकारी संस्थाहरूको अनुगमन गरी सोको प्रतिवेदन पेश गरेको र सो प्रतिवेदन अनुसार ९ वटा सहकारी संस्थाहरूले अझैपानि ऐन, नियम र निर्देशिका अनुसार समयमा गर्नुपर्ने साधारण सभा, लेखापरीक्षण लगाएका कार्य गरेको देखिएन । तसर्थ, ऐन र नियमावलीको निर्देशिका अनुसार सहकारीहरूको प्रणालीमा साधारण सभा, लेखापरीक्षण गर्न लगाई सोको विवरण प्रणालिमा दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१३ **सामाजिक सुरक्षा भत्ता**

पालिकामा यस बर्ष सामाजिक सुरक्षा शिर्षकमा रु. ३८८३९७४०० बजेट विनियोजन, निकासा तथा खर्च रू.३८८१८५५८८, बाँकी बजेट रू.२११८१२ र निकासा भएको मध्ये मृत्यु लगायत अन्य कारणले बैँकबाट फिर्ता भई सञ्चित कोषमा दाखिला भएको रकम सहितको श्रेस्ता परीक्षण गर्दा देहायको बेहोरा पाईयो।

१३.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ वमोजिम लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रूपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, बैंक मार्फत वितरण गर्नुपर्ने, नियमित रूपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अधावद्यिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । लेखापरीक्षणको क्रममा वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा बैङ्क मार्फत वितरण गरेको भत्ताको अद्यावधिक प्रगति प्रतिवेदन लिने गरेको देखिएन । निश्चित समय अन्तरमा लगत अद्यावधिक नभएकोले मृत्यू भई लाभग्राही सूचिवाट लगत कट्टा हुनुपर्ने व्यक्तिको नाममा समेत बैंकमा निकासा जाने गरेको देखियो । लाभग्राही लगत अद्यावधिक गरी सोही आधारमा निकासा व्यवस्थापन गर्नु पर्छ ।

१३.२ डाटा फरक- पालिकाले विभिन्न वडाको गत वर्षको अन्तिम त्रैमासिकमा कायम भएको संख्यालाई नयाँ आर्थिक वर्षको प्रथम त्रैमासिकमा जिम्मेवारी सारी त्यसमा थप तथा घट गरी लाभग्राही संख्या कायम गर्नुपर्नेमा पालिकाले निम्नानुसारको वडामा जिम्मेवारी सारेको संख्या अन्तिम त्रैमासिक भन्दा घटी वा बढी जिम्मेवारी सारेको सम्वन्धमा संख्या फरक पर्नाको यकिन कारण पेश गर्नुपर्दछ ।

| सा.सु. किसिम | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०८०।०८१ | २०८१।०८२ | | | |
| | (खुद कायम संख्या) | गत आ.ब. बाट नविकरण भएको संख्या | थप भएको संख्या | लगत कट्टा भएको संख्या (घटेको) | हाल कायम संख्या |
| अन्य जेष्ठ नागरिक भत्ता | ५१०२ | ५०४१ | ३९४ | २२८ | ५२०७ |
| जेष्ठ नागरिक भत्ता (दलित) | २९१ | २८५ | ५३ | ७ | ३३१ |
| जेष्ठ नागरिक एकल महिला | ८७५ | ८६२ | ६३ | ६ | ९१९ |
| विधवा | १२८१ | १२३७ | १६७ | १० | १३९४ |
| पूर्ण अपाङ्गता भत्ता | १४४ | १४३ | ९ | २ | १५० |
| अति अशक्त अपाङ्गता भत्ता | ४६७ | ४६२ | ५४ | ९ | ५०७ |
| क्षेत्र तोकिएका बालबालिका | ५७०६ | ५३७९ | १२३९ | १०५१ | ५५६७ |
| दलित बालबालिका | ३९९ | ३६९ | ८६ | ९६ | ३५९ |
| लोपन्मुख जाति | ३३ | ३१ | २ | १ | ३२ |
| जम्मा | १४२९८ | १३८०९ | २०६७ | १४१० | १४४६६ |

१४ **नगरसभा तयारी भत्ता**

अर्थ मन्त्रायलयको कार्यसञ्चालन निर्देशिका, २०८१ को दफा ४७ मा प्रोत्साहन भत्ता प्राप्त गरिरहेको पदाधिकारी/कर्मचारीलाई तोकिएको बाहेक अन्य कुनै भत्ता र परिवहन खर्च वापत कुनै रकम उपलब्ध नगराइने, पालिकाले १५ औं नगरसभाको निर्णय नं. १५.२.९ को निर्णय नं. ६ बाट बजेट तथा कार्यक्रम, योजना तर्जुमा, नगरसभाको कार्यसूची बमोजिमको तयारीको क्रममा मुख्य भूमिकामा रही काम गर्ने पदाधिकारी तथा कर्मचारीहरुलाई हिँउदे नगरसभामा बढीमा १५ दिन र वर्षे नगरसभामा बढीमा १ महिनाको अतिरिक्त समय खटिई कार्य गरेवापतको सुविधा उपलब्ध गराउने निर्णय गरी कार्यसञ्चालन निर्देशिका वितरित खर्च गरेकोले थप व्ययभार परेको रु.

| सि.नं. | नाम | पद | मासिक | प्रोत्साहन कट्टी | जम्मा | करकट्टी | खुद पाउने |
|---|---|---|---|---|---|---|---|
| १ | भक्तिराम मरासिनी | प्रमुख प्रशासकीय अधिकृत | ४८७३७ | १४६२१ | ३४११६ | ५११७ | २८९९९ |
| २ | केशबराज भट्टराई | शाखा अधिकृत | ४५८५१ | १३७५५ | ३२०९६ | ४८१४ | २७२८२ |
| ३ | केशबराज गैरे | लेखा अधिकृत | ४५८५१ | १३७५५ | ३२०९६ | ४८१४ | २७२८२ |
| ४ | शान्तराज आचार्य | योजना अधिकृत | ४५८५१ | १३७५५ | ३२०९६ | ४८१४ | २७२८२ |
| ५ | सुरज घिमिरे | इन्जिनियर | ४५८५१ | १३७५५ | ३२०९६ | ४८१४ | २७२८२ |
| ६ | सुनिल श्रेष्ठ | इन्जिनियर | ४५८५१ | ११३९७ | ३४४५४ | ५१६८ | २९२८६ |
| ७ | सञ्जुदेवी आचार्य | आ.ले.प. अधिकृत | ४५८५१ | ११३९७ | ३४४५४ | ५१६८ | २९२८६ |
| ८ | मदन प्रसाद घिमिरे | राजस्व अधिकृत | ४५८५१ | ११३९७ | ३४४५४ | ५१६८ | २९२८६ |
| १० | लक्ष्मी पोडेल | अधिकृत छेठों | ४३६८९ | ११३९७ | ३२२९२ | ४८४४ | २७४४८ |
| ९ | अनिल खनाल | इन्जिनियर | ४३६८९ | ११३९७ | ३२२९२ | ४८४४ | २७४४८ |
| ११ | मिलन पोखेल | सूचना प्रविधी अधिकृत | ४३६८९ | ११३९७ | ३२२९२ | ४८४४ | २७४४८ |
| १२ | सन्तोष बहादुर थापा क्षेत्री | अधिकृत छेठों | ४३६८९ | १०४१९ | ३३२७० | ४९९१ | २८२८० |
| १३ | दीपक थापा | अधिकृत छेठों | ४३६८९ | १०४१९ | ३३२७० | ४९९१ | २८२८० |
| १४ | अनन्त पोखेल | लेखापाल | ३४७३० | १०४१९ | २४३११ | ३६४७ | २०६६४ |
| १५ | कुमारी बिन्दु शर्मा | सहायक पाँचो | ३४७३० | १०४१९ | २४३११ | ३६४७ | २०६६४ |
| १६ | दिपा जि.सी. | सहायक पाँचौ | ३४७३० | १०४१९ | २४३११ | ३६४७ | २०६६४ |
| १७ | महेश भट्टराई | सहायक पाँचो | ३४७३० | ९८७१ | २४८५९ | ३७२९ | २११३० |
| १८ | ध्रुव बेल्बासे | स.क.अ. | ३२९०२ | | ३२९०२ | ४९३५ | २७९६७ |
| १९ | खुम प्रसाद पाण्डे | का.स. | २७६१२ | ८२८४ | १९३२८ | २८९९ | १६४२९ |
| २० | नारायण प्रसाद पन्थी | का.स. | ३२८५६ | ९८५७ | २२९९९ | ३४५० | १९५४९ |
| २१ | **जम्मा** | | **८२०४२९** | **२१८१३०** | **६०२२९९** | **९०३४५** | **५११९५६** |

| | |
|---|---|
| अनियमित भएको | ५,११,९५६ |

१५ **प्रोत्साहन भत्ता**

बाणगङ्गा नगरपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि, २०७९ को दफा ३ मा नियमित कार्यालय समयभन्दा अतिरिक्त समयमा कार्यालयको आवश्यकता अनुसार उपस्थित भई कार्य गरेमा, सार्वजनिक बिदाका दिनमा समेत आयोजना हुने नगरपालिकाका बिभिन्न कार्यक्रम तथा अभियानहरुमा सहभागी भएमा, आफ्नो कार्यविवरण अनुसारको कार्य सम्पन्न गरी अतिरिक्त थप कार्यमा समेत सहयोग पुराएमा, बमोजिम काम गरे वापत कर्मचारीहरुलाई सम्बन्धित कर्मचारीको आधारभूत पारिश्रमिक (शुरु तलब स्केल) को ३० प्रतिशत बराबरको रकमलाई १०० प्रतिशत मानि अनुसूची १ बमोजिम प्रोत्साहन भत्ता उपलब्ध गराउन सकिने उल्लेख छ । उक्त कार्यविधिमा उल्लेख भएको नियमित कार्यालय समयभन्दा अतिरिक्त समयमा कार्य गरेको खुल्ने गरी अनुसुचिमा स्पष्ट व्यवस्था गरेको छैन । कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध गराउँदा कर्मचारीले कार्यालय समय बाहेक अतिरिक्त समय कार्य गरेको खुल्ने ई हाजिरी संलग्न नराखि कर्मचारीको मुल्याङ्कनमा नियमित रुपमा कार्यालय समयमा भएको उपस्थितिलाई मात्र आधार लिई रु. ६५६१२७५ प्रोत्साहन भत्ता उपलब्ध गराएको छ । यसरी प्रोत्साहन भत्ता उपलब्ध गराउँदा कार्यविधि बमोजिम कार्यालय समय अघि वा पछी कार्य गरेको सम्बन्धमा सुचकमा व्यवस्था नगरि भुक्तानी दिएको छ । पालिकाले आगामी दिनमा प्रोत्साहन भत्ता उपलब्ध गराउँदा आन्तरिक आयलाई मध्यनजर गर्दै कर्मचारीहरुको कार्यबोझ र ई-हाजिरीलाई समेत मध्यनजर राख्वै अतिरिक्त कार्य सम्पादन गरेको वास्तविक समयको आधारमा प्रोत्साहन सुविधा उपलब्ध गराउनुपर्दछ ।

१६ **थप सुविधा जोखिम भत्ता** (६१२/०८२/३/५-):

बाणगङ्गा नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि- २०७७ को दफा २४ मा नगरपालिकामा सेवा करारमा सम्झौता हुने नगर प्रहरीको तलब, भत्ता र अन्य सुविधाहरुका सम्बन्धमा नगर कार्यपालिकाले निर्णय गरी त्यस्तो सेवा करार सम्झौतामा उल्लेख गरिएको सुविधा उपलव्ध गराइने र सो वाहेक अन्य सुविधा उपलव्ध नहुने उल्लेख छ । साथै नगर प्रहरीसंग गरेको सम्झौताको बुँदा नं. ३ मा नगर प्रहरीले मासिक तलबका अतिरिक्त नियमानुसार चाडपर्व र पोसाक खर्च उपलब्ध गराईने उल्लेख छ । पालिकाले गत विगत वर्षमा र यसवर्ष नियुक्ति भएका नगर प्रहरीलाई मासिक तलब चाडपर्व र पोसाक खर्च बाहेक निम्नानुसार भुक्तानी भएको रकम सम्बन्धिबाट असुल गर्नुपर्ने निर्णय नं. ७ मा चालकको सञ्चार खर्च रु. ५०० प्रति महिना र चालक तथा अग्नि नियन्त्रक (फायरमेन) को जोखिम भत्ता वापत खटिएको प्रति दिनको रु. ५०० का दरले प्रति व्यक्ति उपलब्ध गराउने साथै दमकलमा खटिने कर्मचारी तथा नगर प्रहरीहरुको दुर्घटना बिमा गरिदिने निर्णय गरेको छ । पालिकाले दिर्घकालिन दायित्व पर्ने किसिमका खर्च गर्दा कानुनबमोजिम मितब्ययिता कायम हुने गरी कार्यविधि तयार गर्नुपर्दछ । यसरी कानुन विपरित भएको भुक्तानी सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| **क. स.** | **कर्मचारीकोनामथर** | **पद** | **काम गरेको जम्मास्थान** | **खाजा खर्च प्रतिस्थान** | **जम्मा रकम** | **भुक्तानी रकम** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| १ | राजेन्द्र भण्डारी | दम्कल चालक | ३१ | ५०० | २१५०० | १८२७५ | सञ्चार खर्च ६००० समेत |
| ३ | खिमानन्द घिमिरे | सुरक्षा गार्ड | १९ | ५०० | ९५०० | ८०७५ | |
| ४ | चुरामणी चौधरी | सुरक्षा गार्ड | २२ | ५०० | ११००० | ९३५० | |
| ५ | बाबुराम मरासिनी | नगर प्रहरी हवल्दार | ३३ | ५०० | १६५०० | १४०२५ | |
| ६ | अभिषेक कुवार क्षेत्री | नगर प्रहरी जवान | ३३ | ५०० | १६५०० | १४०२५ | |
| ७ | खगेन्द्र भुसाल | नगर प्रहरी जवान | २७ | ५०० | १३५०० | ११४७५ | |
| ८ | शिव कुमार थारु | नगर प्रहरी जवान | ३० | ५०० | १५०० | १२७५ | |
| ९ | रत्नविक्रम शाही | नगर प्रहरी | २० | ५०० | १०००० | ८५०० | |
| | **जम्मा** | | | | **१०७५००** | | |

१७ **नगर प्रहरी**

पालिकाले मिति २०८१/०९/२६ मा नगरसभाबाट संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नगर प्रहरी तर्फ असई १ हवल्दार २ जना र नगर प्रहरी जवान १२ गरी कुल १५ दरबन्दी स्वीकृत भएकोमा १३ जना पदपूर्ति भएको साथै सुरक्षा गार्ड तर्फ २ जना दरबन्दी कायम गरी २ जना पदपूर्ति भएको देखिन्छ । यसरी पदपूर्ति गरिएका नगर प्रहरीको कार्यविवरण माग गरी हेर्दा सचिवालयमा २ जना समेत गरी ९ जना सम्म काम बिहिन अवस्थामा (हाल्ट) बस्ने गरेको देखियो । पालिकाले पेश गरेको विवरणमा यस वर्ष नगर प्रहरीबाट सम्पादन गरिएको कार्यमा खोलामा ढुंगा, गिट्टी, बालुवाजन्य पदार्थ निष्कासन गर्दा हुने तत्कालिन तनाव व्यवस्थापन, बजार क्षेत्रमा छाडा पशु चौपाया व्यवस्थापन लगाएतका कार्यहरु गर्दै आइरहेको देखियो । नगर प्रहरी कार्यक्षेत्रमा खटिएको समय र क्षेत्र समेतलाई मध्यनजर गरी अत्यावश्यक क्षेत्रमा दरबन्दी कायम गरी अन्य क्षेत्रको दरबन्दी मिलान गरी ड्युटी सिफ्ट र कार्यको तादाम्यता मिलाउने गरी दरबन्दी संरचनामा सुधार ल्याइ मितब्ययिता अपनाउनुपर्दछ ।

१८ **बैठक भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

१९ **पदाधिकारी अनुगमन भत्ता** (६३२/०८२/३/७ र ८९०/०८२/३/२५-):

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धि ऐन ,२०७६ को दफा ४ मा वडाध्यक्षलाई यातायात तथा इन्धन वापतको सुविधा उपलब्ध गराइने उल्लेख छ। पालिकाले नियमित रुपमा यातायात भत्ता भुक्तानी लिइरहेका विभिन्न वडाका वडाध्यक्षहरुलाई विभिन्न मितिमा २०८२/१/२ देखि २०८२/२/३१ सम्म तथा वर्षान्तमा विभिन्न मितिमा पूर्वाधार तर्फका योजनाहरु अनुगमन वापत अनुगमत भत्ता भुक्तानी गरेको छ । यसरी अनुगमन लगाएतका कार्यका लागि नियमित रुपमा यातायात भत्ता भुक्तानी दिएको अवस्थामा अनुगमन वापत छुट्टै भुक्तानी दिन मिल्ने देखिएन । अनुगमन वापत भुक्तानी भएको निम्नानुसारको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| क्र.स. | नाम थर | दर्जा/ कार्यालय | सख्या (गो. भौ. नं. ६३२ बाट भुक्तानी) | सख्या (गो. भौ. नं. ८९० बाट भुक्तानी) | जम्मा संख्या | दर (रु) | जम्मा रकम (रु) | खुद भुकतानी रकम (रु.) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | छबिलाल रेश्मीमगर | वडाध्यक्ष - ४ | ६ | १० | १६ | १००० | १६००० | १३६०० |
| जम्मा | | | ६ | १० | १६ | | १६००० | १३६०० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१३,६००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,६०० |

२० **छाडा पशु चौपाया**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९४ अनुसार सार्वजनिक निकायले श्रेणी विहिन कर्मचारी नियुक्त गरी सेवा लिनुपर्दा लाभ लागतको विश्लेषण गरी सेवा परामर्शको माध्यमबाट सेवा प्राप्त गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष छाडा चौपाया व्यवस्थापन लागि रु ५५००००० बजेट विनियोजन, त्यसको लागि गौ संरक्षण कोष स्थापना गरी रु ४८,४०,५६३ प्राप्त गरेको साथै गौशाला पुर्वधार निर्माणका लागि रु २०००००० विनियोजन गरी कुल रु १,२३,४०,५६३ प्राप्त गरी त्यस बाट हेरालु खर्च, पराल, खाद्यान्न खरिद तथा अन्य व्यवस्थापन कृयाकलाप मध्ये हेरालु खर्च रु.२५,४६,६३० पराल खर्च रु. १७,७३,७०० ट्याक लगाउने काम रु. १३,७१,५० र गौशाला पुर्वाधारका लागि रु ३९,४२,३७० गरी खर्च गरेको देखियो । पालिकाले आगामी दिनमा कानुन अनुसार हेरालुलाई सेवा करार मार्फत खरिद गर्ने तथा पराल तथा अन्य खरिद गर्दा खरिद कानून अनुसार वार्षिक खरिद योजना तयार गरी सोहि अनुसार एकद्धवार प्रणाली अनुसार खरिद कार्य गर्नुपर्दछ ।

२१ **विभिन्न संस्थालाई अनुदान**

२१.१ **टोल विकास संस्थालाई अनुदान-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ अनुसार अधिकारप्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा प्रचलित कानून अनुसार भए नभएको र उक्त भुक्तानी दिन प्रयाप्त आधारको यकिन गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ।पालिकाले यस वर्ष कानूनी व्यवस्था नगरिकनै टोल विकास संस्थालाई अनुदान कार्यक्रममा रु २३ लाख विनियोजन गरी ५८ वटा टोल विकास संस्थाले उनिहरुले पेश गरेको विल तथा भरपाई आधारमा प्रति संस्था रु १५ हजारका दरले ५८ वटा संस्थालाई गो भौ भं ५२५।०८२।३।२१ बाट रु ८ लाख ७० हजार र गो भौ नं ५६६।०८२।३।२४ बाट रु ३० हजार गरी रु ९ लाख खर्च भएको छ। पालिकाले यसरी रकम वितरण गर्ने भन्दा प्रतिफलयूक्त योजना छनौट गरी आवश्यकताको आधारमा खर्च गर्नुपर्दछ।

२१.२ **रजत महोत्सव तथा स्मारिका विमोचन कार्यक्रम-** पालिकाले संस्थागत सहायता बजेट शीर्षकमा अवण्डा बजेट विनियोजन गरेकोमा पछी अपाङ्ग संघको रजत महोत्सव तथा स्मारिका विमोचन कार्यक्रमको खर्च भनी गो भौ नं ५०६।०८२।१।१३ बाट अपाँङ्ग उत्थान समाजलाई रु ५० हजार भुक्तानी गर्ने कार्य नियमसम्मत नभएको हुदा यस कार्यमा सुधार गर्नुपर्दछ।

२१.३ **कपिलवस्तु महोत्सव सहायता-** पालिकाले १५ औ कपिलवस्तु महोत्सव कार्यक्रम संचालन भनी गो भौ नं ८८५।०८२।३।२५ बाट रु १ लाख भुक्तानी भएकोमा उक्त महोत्सव संचालन बाट प्राप्त हुने टिकेटको पैसाबाट पालिकालाई उक्त संस्थाले महोत्सवमा व्यापारीलाई ठाउ उपलव्ध गराए बापत वहाल कर समेत नतिरेको अवस्थामा उक्त संस्थालाई कार्यक्रम संचालन बापत रकम भुक्तानी दिने कार्य नियमसम्मत नभएको हुदा यस प्रकारको वितरणमूखी कार्यमा नियन्त्रण हुनुपर्दछ।

२२ **पशु तथा कृषि विकास कार्यदल बैठक**

कार्यसंचालन निर्देशिका २०८१ अनुसार समितिको बैठक कार्यालय समयभन्दा अघि वा पछि बसेको अवस्थामा नियमानुसार बैठक भत्ता भुक्तानी गर्न सकिने व्यवस्था रहेको छ । साथै लुम्बिनी प्रदेश पदाधिकारी सुविधा सम्बन्धी ऐन, २०७६ को दफा १४ को उपदफा २ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने उल्लेख छ । पालिकाले कानून विपरित कुनैपनि कानूनले प्रष्ट रुपमा व्यवस्था नगरेको पशु तथा कृषि विकास कार्यदलको बैठक बसेको भनि गौ भौ नं ४९३।

२०८२।०३।१९ बाट रु ८८००० र गो भौ नं ९९।२०८१।०९।२३ बाट रु ८२००० गरी रु १७०००० निम्नानुसारको कर्मचारीलाई भुक्तानी भएको देखिएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| क्र. स. | कर्मचारीको विवरण | पद | बैठक संख्या | भुक्तानी रकम (रु.) |
|---|---|---|---|---|
| १ | छविलाल रेश्मी मगर | वडा अध्यक्ष | ३ | २२५० |
| जम्मा | | | | २२५० |


( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२५० |

२३ **नयाँ गाई/भैसी पकेट विकास कार्यक्रम संचालन** (गो भौ नं ३३४।०८२।३।२२ -):

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल,२०७७ बुदाँ नं. ४.१.९.२ पकेट सञ्चालनको पहिलो वर्षमा पशुपन्छी तथा मत्स्यको हकमा पशु संख्या वृद्धि/नश्ल सुधार/जलाशय क्षेत्र विस्तार र कृषि तर्फका बाली/वस्तुको हकमा बीउ/बिरुवा/क्षेत्रफल विस्तार कार्यक्रम संचालन गर्न कम्तीमा ६० प्रतिशत रकम परिचालन गर्नुपर्ने र स्थानीय तहबाट स्वीकृत लाभान्वित वर्गको सहभागितामा प्राविधिक समितिले तालिका-२ मा उल्लेख भएका क्रियाकलापको सूची मध्येबाट लाभान्वित वर्गको आवश्यकता र प्राविधिक दृष्टिकोणले उपयुक्त क्रियाकलापहरु छनौट गरी स्थानीय दररेटको आधारमा लागत अनुमान तथा कार्ययोजना तयार गर्नु पर्ने उल्लेख छ। प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम संचालन सम्वन्धी कार्यविधि २०८१ को बुदा नं ९ अन्तर्गत सुविधाको सीमामा सार्वजनिक निकायबाट संचालन गरिने पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम पूर्वाधार निर्माणमा १०० प्रतिशत कृषक समूह वा सहकारी वा उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषक समूहद्धारा संचालन भएको पूर्वाधारको हकमा अधिकत्म ८५ प्रतिशत , निजी एवम् व्यावसायिक प्रयोगका पशुपन्छी तथा मत्स्य विकास पूर्वाधारको हकमा ५० प्रतिशत र प्रविधि प्रशारण तथा तालिम गोष्ठीमा अधिक्तम १०० प्रतिशतसम्म खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले संघीय शसर्त अनुदान अन्तर्गत आ.व. २०८१।०८२ मा नँया गाई/भैसी पकेट विकास कार्यक्रम संचालनमा शीर्षकमा विनियोजन भएको बजेटबाट ५० प्रतिशत अनुदानमा दुग्ध प्रवर्द्धन अन्तर्गत भैसी खरिद बापतको रकम बापत श्री कैलाश आश्रम कृषि सहकारी संस्था लिमिटेडलाई रु २३ लाख २१ हजार २३२ भुक्तानी भएको देखियो। पालिकाले नँया पकेट कार्यक्रम को लागि रु. ४७५०००० को लागत अनुमान तयार गरी उपभोक्ता समितिको २२ लाख ५० र अनुदान बापत रु २२ लाख ५० हजार गरी ४५ लाख र कार्यक्रम संचालनको लागि रु २ लाख ५० हजार गरी ४७ लाख ५० हजार गरी श्री कैलाश आश्रम कृषि सहकारी संस्था लि लाई उक्त संस्थाले २०२ थान भैसि भएकोमा कार्यविधि २०८१ को बुदा नं १०.२.८ अनुसार भैंसी प्रवर्द्धन कार्यक्रम अन्तर्गत भैंसीको आनुवंशिक स्रोत संरक्षण र भैसीजन्य उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यल यस उल्लेख भएका गोठ सुधार चरण सुधार लगायतका कार्य संचालन गर्नुपर्नेमा आवश्यकताको पहिचान नै नगरिकनै ५० थान भैसि खरिद गरी रु ४० लाख भुक्तानी दिने कार्य नियमसम्मत देखिएन । पालिकाले अनुदान दिएको संस्थाको वित्तीय विवरण परीक्षण गर्दा उपरोक्त कार्याक्रमको लागि पालिकाबाट रू. २३२१२३२ भुक्तानी भएकोमा उक्त संस्थाको २०८१।८२ को वित्तीय विवरणमा अनुदान कार्यक्रममा रू. २१४९२३२ मात्र खर्च देखाएकोले खर्च नभएको असान्दर्भिक बिजक पेश गरेकोले फरक रकम रू १७२००० असुल गरी दाखिला गर्नुपर्ने रू.




| | | |
|---|---|---|
| जगेडा कोषमा स्थानतरण | | |
| जम्मा (क) | | |
| दुध अनुदान | - | ६४६,६६२ |
| दुध अनुदान सदस्यको खातामा स्थानतरण गनुपर्ने | ४८३,०४९ | ४२२,४४६ |
| जम्मा (ख) | (४८३,०४९) | (४२२,४४६) |
| मल्च एनेलाइजर अनुदान प्राप्त | - | - |
| जगेडा कोषमा स्थानतरण | ११५,००० | २२१,४९६ |
| जम्मा (ग) | (११५,०००) | (२२१,४९६) |
| | - | - |
| कुलो निर्माण अनुदान | ३००,८३९ | २२१,४९६ |
| जगेडा कोषमा स्थानतरण | (३००,८३९) | (२२१,४९६) |
| जम्मा (घ) | - | - |
| यान्त्रिक अनुदान प्राप्त (थ्रेसर मेशिन) | ३८८,००० | २२१,४९६ |
| यान्त्रिक अनुदान वितरण | (३८८,०००) | (२२१,४९६) |
| जम्मा (ङ) | - | - |
| गाई / भैंसी पकेट विकास कार्यक्रम | २,२५१,२३२ | - |
| चापकटर, काउ म्याट, गोठ सुधार तथा भैंसी वितरण | (२,१४९,२३२) | - |
| मिल्क क्यान अनुदान | १०२,००० | - |
| जगेडा कोषमा स्थानतरण | (१०२,०००) | |
| जम्मा (च) | - | - |
| जम्मा | - | ६४६,६६२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७२,००० |

२४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

२४.१ **रोजगार श्रृजना कार्यक्रम-** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम पालिका अन्तर्गत विभिन्न वडामा ६ योजना सञ्चालन गरी यस वर्ष ४३३ महिला र १०२ पुरुष गरी ५३५ जना सूचीकृत भएकोमा महिला ६१ र पुरुष १० गरी जम्मा ७१ जनालाई औसत ९७.१५ रोजगारी दिन रोजगारी उपलव्ध गराई रु. ३३ लाख ५८ हजार श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार खुलाई योजना संचालन गरी योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दिगोपना तथा दिर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

२४.२ बढी भुक्तानी :

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४९४,२९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२५ **दोहोरो अनुदान**

लुम्बिनी प्रदेश अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन,२०७६ को बूदा नं ९ मा एउटै काम वा व्यवसायमा दोहोरो हुनेगरी अनुदान उपलब्ध नगराउने व्यवस्था रहेको छ। कार्यालयले अनुदान वितरण गरेका फर्महरुको परीक्षण गर्दा स्थानीय एउटै फर्म, कृषक सहकारी संस्था वा कृषक समुहलाई विभिन्न शिर्षकबाट पटक पटक अनुदान वितरण गरेको पाईयो । यसरी अनुदान वितरण गर्दा एकै सस्था वा कृषकलाई अनुदान दिँदा अनुदानबाट पहुँच भएका निश्चित वर्ग तथा समुह मात्र लाभान्वित हुने जोखिम देखिएकोले अनुदान वितरण गर्ने कार्यालयहरुले समन्वय गरी अनुदान वितरण गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। कार्यालयले छलफलका क्रममा एकै फर्मले अनुदान लिएतापनि समान प्रकृति र कार्यका लागि दिने विषयमा कार्यालय सचेत रहेको जनाएको छ। एकै कार्यमा दोहोरो अनुदान प्राप्त हुन सक्ने विषयमा सम्बन्धित कार्यालयबाट अनुगमन गरेर मात्र अनुदान वितरण गरिनुपर्छ ।

| भौ.च.न | कार्यक्रम | दोहोरो अनुदानपाउनेफर्मको नाम | अनुदान रकम |
|---|---|---|---|
| २९१।२०८२।०२।२० | ५०% अनदानमा मागमाआधारित ब्यवसायिक कृषि कार्यक्रम | ग्रन एग्रो जोन | १९५६१५ |
| | | प्रगतिशिल कृषि फर्म | १६५६८५ |
| २५८।२०८२।०१।१९ | ७५प्रतिशत अनुदानमा व्यवासायिक तरकारी खेतिका लागि मल्चिक प्लाष्टिक वितरण | ग्रन एग्रो जोन | १५०८० |
| | | प्रगतिशिल कृषि फर्म | २२६२० |

२६ **कृषि विकास प्रवर्द्धन** (गो भौ नं २९१।०८२।२।२० बाट-):

पालिकाले यस वर्ष ५० प्रतिशत अनुदानमा मागमा आधारित व्यवसायिक कृषि कार्यक्रम बापतको रकम १२ वटा कृषि फर्मलाई रु १ लाख ९७ हजार देखि १ लाख ५६ हजार सम्म भुक्तानी भएको आधारमा रु २३ लाख ५ हजार १७८ भुक्तानी भएको देखियो। पालिकाले लागत साझेदारी बापत रकम फिर्ता गरेकोमा उक्त सामाग्रीको ग्यारेन्टी तथा वारेन्टि अवधिसम्म कुनै कार्यसम्पादन जमानत तथा धरौटी कट्टा गरी बाँकी रकम फिर्ता गर्नुपर्नेमा सो नगरी सम्पूर्ण रकम फिर्ता दिने कार्य नियन्त्रण गर्दै पालिकाले अनुदानमा सामग्री वितरण गर्दा खरिद योजना तयार गरी एकद्धार प्रणालीद्धारा पालिकाले खरिद कानून अनुसार खरिद गरी वितरण गर्नुपर्दछ।

२७ **गाई/भैसी र बाख्रा पालना सम्वन्धी ३ दिने कृषकस्तर तालिम** (गो भौ नं २९३।०८२।२।२१-2082-10-09):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१०,८८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१६,२३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

२८ **विद्यालयबाट ठेक्का**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ मा नगरपालिकाको अधिकार क्षेत्र भित्र हाटबजार व्यवस्थापन गर्ने उल्लेख छ । साथै सोही ऐनको दफा ६२ मा हाटबजार सेवा उपयोग गरेवापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने उल्लेख छ । पालिकाको क्षेत्रभित्र पर्ने विभिन्न पोखरी, हाटबजार लगाएतका सम्पत्ती ठेक्का लगाई आम्दानी गरी सो आम्दानी विद्यालयले नै खर्च गर्ने गरेको देखियो । जसका केही उदाहरणहरु निम्नानुसार छन् । पालिकाले आफनो मातहत राखि ठेक्का लगाई आवश्यकता अनुसार बजेट बिनियोजन गर्नुपर्छ । यसरी लगाएको ठेक्का वापतको रकम पालिकाको संचित कोषमा दाखिला गर्नुपर्ने रु. २४९५६६४ तथा भ्याट रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.३२४४३६

| विद्यालयको नाम | भ्याटबाहेक | भ्याट | भ्याटसहित |
|---|---|---|---|
| श्री बाल मा.वि, बा.न.पा-०१, बैरीया | ७९६५४९ | १०३५५१ | ९००१०० |
| श्री सिद्धार्थ मा.वि, बा.न.पा-०१, बुङ्ची | ६६५४८७ | ८६५१३ | ७५२००० |
| श्री महेन्द्र मा.वि, बा.न.पा-०५, कोपवा | १९२९२० | २५०८० | २१८००० |
| श्री ओदारी मा.वि, बा.न.पा-११, ओदारी | ५९२९२० | ७७०८० | ६७०००० |
| श्री जनज्योती मा.वि, बा.न.पा-०७, मोतिपुर | २४७७८८ | ३२२१२ | २८०००० |
| **जम्मा** | **२४९५६६४** | **३२४४३६** | **२८२०१००** |

| असुल गर्नुपर्ने | २८,२०,१०० |
|---|---|

२९ **अवकाश प्राप्त शिक्षकको तलब बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१६८,२९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **९१,४२८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४९,२८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३० **विद्यालयको लेखापरीक्षण**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३१ **तलव भत्तामा बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१५३,९२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३२ **अनुदानको उपयोग**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्ययोजना कार्यान्वयन पुस्तिका २०८१।८२ अनुसार पाठ्य पुस्तक अनुदान दिदाँ IEMIS मा प्रविष्टि तथ्याङ्ककलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्याथीहरूको यथार्थ तथ्याङ्ककसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी अनुदान दिने व्यवस्था छ। पालिकाले लेखापरीक्षणको क्रममा ५ वटा माध्यामिक विद्यालयको नमुना लिई हाजिर परीक्षण गर्दा देहायका विद्यालयहरुको हाजिर, पाठ्यपुस्तक वितरण भरपाई भन्दा IEMIS को तथ्याकं बढी राखी प्रति विद्यार्थी अनुदान भुक्तानी गरेको देखियो । अतः बढी संख्यामा प्रविष्टि र सोको सत्यापन नगरी पाठ्य पुस्तकमा बढी भुक्तानी भएको सम्बन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नु रु.

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१४,९३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा ३२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,९९७ |

३३ **सामुदायिक सिकाइ केन्द्र संचालन**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **५,७५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३४ **शिक्षक-विद्यार्थी अनुपात**

शिक्षा नियमावली, २०५९ को नियम ७७ मा तराई क्षेत्रको सामुदायिक विद्यालयमा सामान्यतया प्रत्येक कक्षामा ५० जना विद्यार्थि हुनुपर्ने व्यवस्था रहेको छ। पालिकावाट उपलव्ध विवरण अनुसार पालिका अन्तर्गतका विभिन्न सामुदायिक विद्यालयमा शिक्षक-विद्यार्थी अनुपात ३० भन्दा कम देखिन्छ। त्यसकारण पालिकाले विद्यालय आपसमा गाभेर गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्यमा सुधार गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३५ **विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एंव कार्यसम्पादन आधारित प्रोत्साहन** (१३१/२०८१/११/२७-):

पालिकाले क्रियाकलाप नं २.७.१३.१३ मा कक्षा १ देखि ३ सम्म पढाई तथा गणित क्षेत्रका थप सिकाई सामाग्री छपाई तथा वितरण कार्यक्रमको लागि प्रति विद्यालय रु. ९००० का दरले ४४ वटा विद्यालयलाई रु. ३९६००० वापतको सिकाई सामाग्री वितरण गर्दा कार्यविधि अनुसार विद्यालयलाई अनुदान दिनुपर्नेमा पालिकाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र को मिति २०८१।६।३० को निर्देशन अनुसार भाषा सम्वन्धी १५ वटा र गणित क्षेत्रका ३ वटा सिकाई सामाग्री गरी १८ वटा पुस्तक छपाई गरी विद्यालयलाई हस्तान्तरण गरेकोमा पालिकाले उक्त पुस्तकको अवस्था कुन रुपमा रहेको साथै त्यसको उपयोगिता को अवस्था साथै जिन्सी दाखिला विद्यालयले पेश नगरेको हुदा उक्त विद्यालयले पुस्तक जिन्सी दाखिला गरेको प्रमाण तथा पुस्तकको यथार्थ अवस्था तथा उक्त पुस्तक अध्यापनबाट विद्यार्थीमा भएको सिकाइको उपलब्धि लगाएतलाई मध्यनजर गरि सञ्चालन गर्नुपर्दछ ।

३६ **सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले रकम खर्च गर्दा उपयुक्त प्रमाण कागजात पेश गरी त्यसको औचित्यको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना अन्तरगत कार्यक्रम (ReAL) सञ्चालनको रकम भुक्तानी गर्दा रु. २९२४०० को भुक्तानी भएकोमा उक्त कार्यक्रम वापत भएका उपलब्धि कार्यक्रमका प्रभावकारिता लगाएत देखिने प्रमाण कागजात पेश देखिएन । पालिकाले आगामी दिनमा यस्ता कार्य गर्दा उक्त कार्यको उपलब्धि, प्रभावकारिता समेतका आधारमा भुक्तानी दिनुपर्छ ।

३७ **विद्यालयमा शैक्षिक गुणस्तर सुरढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**

शिक्षा मन्त्रालयद्धारा जारी भएको कार्यक्रम कार्यान्वियन निर्देशिका २०८१।०८२ को ९.५ अनुसार नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वियनका लागि कार्यसम्पादनमा आधारित अनुदान( कक्षा ११-१२ मा विज्ञान विषय संचालनका लागि समेत) शीर्षकमा विनियोजन भएको बजेटबाट नमुना विद्यालयको रूपमा छनोट भई शैक्षिक सत्र २०८० सम्म विज्ञान विषय सञ्चालन गरिरहेका र यसकेन्द्रबाट पहिलो चरणमा विज्ञान विषयका लागि छनोट भएका विद्यालयका लागि विद्यालयमा १००० सम्म विद्यार्थी भए प्रति विद्यालय ३० लाख, १००१ देखि २५०० सम्म विद्यार्थी भए प्रति विद्यालय ४५ लाख र २५०० भन्दा बढी विद्यार्थी भए प्रति विद्यालय ६० लाख अनुदान यस शीर्षक बाट उपलब्ध गराउने र यस बजेटबाट विद्यालयबाट स्वीकृत विज्ञान विषय प्रवर्द्धनका लागि स्वीकृत विद्यालय विकास योजनाका आधारमा विद्यालयले आफ्नो जिल्ला भित्रका स्थानीय तहमा विज्ञान विषयको पठनपाठन नभएका विद्यालयबाट सम्बन्धित स्थानीय तहको सिफारिस सहित आएका विद्यार्थीका लागि दोहोरो नपर्ने गरी छात्रवृत्ति, विज्ञान विषय पठनपाठनका लागि शिक्षक व्यवस्थापन, प्रयोगशाला सञ्चालन एवम् अध्यावधिक गुणस्तर अभिवृद्धि कार्यक्रम (क्षमता विकास, विज्ञान प्रदर्शनी, सामग्री व्यवस्थापन, स्थलगत अध्ययन भ्रमण लगायत) र स्वीकृत गुरुयोजना बमोजिम नमुना विद्यालय विकासका लागि बाँकी काम गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष संघीय सशर्त चालू अन्तर्गत विद्यालयमा शैक्षिक गुणस्तर सृरढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत जनता मा वी पिपिरालाई छनौट गरी उक्त विद्यालयले निम्नानुसारको कार्य गरेको भनी कार्य गरेको भनी गो भौ नं ३१२।०८२।३।१७ रु ४५ लाख भुक्तानी भएको श्रेस्ता परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

| क्रियाकलाप | बजेट विनियोजन | कार्य | खुद खर्च | भुक्तानी भएको रकम |
|---|---|---|---|---|
| लेखा परीक्षण | १००००० | लेखापरीक्षण | ११९७९३ | १००००० |
| प्रचारात्मक कार्य | ५०००० | प्रचारात्मक कार्य | ५०५० | ५०००० |
| शिक्षक सम्मान तथा प्रोत्साहन | ३००००० | प्रोत्साहन भत्ता | ३०९६०० | ३००००० |
| विद्यालय विकास योजना निर्माण | १००००० | योजना निर्माण | १०००८० | १००००० |
| शिक्षक तथा कर्मचारी निरन्तर्ता | २१००००० | | २२२२२८६ | २१००००० |
| स्टाफ बैठक भत्ता | १००००० | विभिन्न मितिमा स्टाफ तथा विविस बैठक भत्ता | १०१८०० | १००००० |
| शैक्षिक भ्रमण | ५००००० | शिक्षक तथा विद्यार्थी भ्रमण | ५००००४ | ५००००० |
| अतिरिक्त कक्षा | १०००००० | अतिरिक्त कक्षा संचालन | १००८००० | १०००००० |
| | | | | ४५००००० |

- **मूल्य प्राथमिकता भन्दा अन्य कार्यमा बढी भुक्तानी**- माथी उल्लेखित कार्यक्रमको बजेट मूख्यगरी विज्ञान विषय प्रवर्द्धनका लागि स्वीकृत विद्यालय विकास योजनाका आधारमा विद्यालयले आफ्नो जिल्ला भित्रका स्थानीय तहमा विज्ञान विषयको पठनपाठन नभएका विद्यालयबाट सम्बन्धित स्थानीय तहको सिफारिस सहित आएका विद्यार्थीका लागि दोहोरो नपर्ने गरी छात्रवृति, विज्ञान विषय पठनपाठनका लागि शिक्षक व्यवस्थापन, प्रयोगशाला संचालन गर्ने कार्यमा खर्च गर्नुपर्नेमा सो भन्दा कम प्राथमिकतामा हुने अध्यावधिक गुणस्तर अभिवृद्धि कार्यक्रम (क्षमता विकास, विज्ञान प्रदर्शनी, सामग्री व्यवस्थापन, स्थलगत अध्ययन भ्रमण लगायत) का कार्यमा बढी रकम खर्च भएकोले कार्यक्रमको उद्देश्य अनुरुप कार्यक्रममा खर्च नभएको देखिएकोले यस कार्यमा सुधार गर्नुपर्दछ। कार्याविधि अनुसार कुन कुन स्थानीय तहको कति विद्यार्थीलाई पठनपाठन गराई खर्च भएको हो सो को प्रमाण पेश गर्नुपर्दछ ।
- **कार्यक्रम संचालन**- शिक्षा मन्त्रालयद्धारा जारी भएको कार्यक्रम कार्यान्वयन निर्देशिका २०८१।०८२ को ९.५ अनुसार नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पादनमा आधारित अनुदान( कक्षा ११-१२ मा विज्ञान विषय संचालनका लागि समेत) कार्यको प्रति विद्यालय ३० लाख, १००१ देखि २५०० सम्म विद्यार्थी भए प्रति विद्यालय ४५ लाख अनुदान भुक्तानी गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले माथी उल्लेखित विद्यालयकमा उक्त संख्यामा भएको तथा नियमित रुपमा विज्ञान विषय पठन पाठन भइरहेको प्रमाण पेश गर्नुपर्दछ ।
- कार्ययोजना भन्दा बढी भुक्तानी- कार्यविधि भन्दा फरक शीर्षकमा खर्च भएको निम्नानुसारको रकम असुल गरी दाखिला गर्नुपर्ने रु

| क्रियाकलाप | बजेट विनियोजन | कार्य | खुद खर्च | भुक्तानी भएको रकम |
|---|---|---|---|---|
| लेखा परीक्षण | १००००० | लेखापरीक्ष | ११९७९३ | १००००० |
| कार्यक्रम प्रवोधिकरण | ५०००० | प्रचारत्कम का | ५०५० | ५०००० |
| शिक्षक सम्मान तथा प्रोत्साहन | ३००००० | प्रोत्साहन भत्ता | ३०९६०० | ३००००० |
| विद्यालय विकास योजना निर्माण | १००००० | योजना निरम्ण | १०००८० | १००००० |
| शिक्षक तथा कर्मचारी निरन्तर्ता | २१००००० | | २२२२२८६ | २१००००० |
| स्टाफ बैठक भत्ता | १००००० | विभिन्न मितिमा स्टाफ तथा विविस बैठक भत्ता | १०१८०० | १००००० |
| जम्मा | | | | २७५०००० |

३८ **दिवा खाजा**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको २०८१।८२ को सर्सत अनुदान तर्फको कार्यक्रम कार्यान्वियन पुस्तिकामा दिवा खाजा बापतको निकासा दिँदा विद्यार्थी संख्याको आधारमा दिनुपर्ने उल्लेख छ । कोटिहवा वाल विकास केन्द्रको IMEIS मा विद्यार्थी संख्या १० जना रहेकोमा प्रथम किस्ता वापतको रकम भूक्तानी दिँदा १९ जना विद्यार्थीको ५५.९० दिनको दिवा खाजा वापतको रकम भुक्तानी भएकोले ९ जना विद्यार्थीको बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,५७६ |

३९ **शैक्षिक सुनिश्चतता अनौपचारीक तथा बैकल्पिक विद्यालय साक्षरता र निरन्तर शिक्षा कार्यक्रम**

सामुदायिक सिकाई केन्द्र संचालन तथा व्यवस्थापन सम्वन्धि मापदण्ड, २०७८ को बुदा नं १३ अनुसार केन्द्रले सूचना प्रविधिसहितको साक्षरता तथा निरन्तर शिक्षा, प्रारम्भिक बाल विकास तथा शिक्षा,वैकल्पिक विद्यालय शिक्षा तथा सिकाइ कार्यक्रम,सिप विकास तालिम, वचत तथा ऋण परिचालन,सामुदायिक विकास,नागरिक शिक्षा, मानव अधिकार शिक्षा र अभिभावक शिक्षा,कानुनी साक्षरता शिक्षा,भेदभाव तथा लैङ्गिक हिंसा विरुद्धका जनचेतनामूलक कार्यक्रम, वातावरणीय संरक्षण तथा संवर्धन कार्यक्रम,सामुदायिक सरसफाइ तथा स्वास्थ्य शिक्षाका क्रियाकलापहरू, खेलकुद,व्यावसायिक तालिम र कला, साहित्य, संस्कृति, बालविकास तथा मनोरञ्जनात्मक क्षेत्रका कार्यक्रम संचालन गर्ने र सो मापदण्डको बुदा नं १६ अनुसार वर्षान्तमा सम्पूर्ण क्रियाकलापको विवरण देखिने गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ।कार्यालयले उक्त कार्यक्रम संचालन नगरेको अवस्थामा समेत भलवाङ्ग सामुदायिक अध्ययन केन्द्रले हाजिरी जवाफ तथा बिद्युत वाइरिङ्ग तालिम संचालन गरेको भनी गो भौ नं २६८।०८२।३।९ बाट रु १ लाख ७० हजार भुक्तानी भएकोमा उक्त सिकाई केन्द्रले पेश गरेको लेखापरीक्षणमा विगत २ वर्ष देखि नै शिक्षक नियुक्ति भइ कार्य गरेको नदेखिएकोले उक्त सिकाई केन्द्र उद्देश्य अनुरुप संचालन भए नभएको यकिन भएको प्रमाण वेगर वाइरिङ्ग तालिम संचालन गरेको भनी रकम भुक्तानी भएको देखिएकोले उक्त सिकाई केन्द्रले प्राथमिक कार्य गरे नगरेको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

४० **विद्यालयमा शैक्षिक गुणस्तर सुद्धढीकरण एंव् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**

४०.१ पालिकाले यस वर्ष विद्यालयमा शैक्षिक गुणस्तर सुद्धढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान बापत गो भौ नं २३४।०८२।२।२८ बाट श्री पञ्च आधारभुत विद्यालय बैजलपुर लाई ६ थान ल्यापटप ४ थान प्रोजेक्टर र १ थान इ लाइब्रेरी सफ्टयर खरिद बापत न्यू यूनिक इन्टरप्राइजेकको विजकको आधारमा रु ६ लाख ५० हजार र श्री भर्तापुर आ वि लाई जे एस इन्तरप्राइजेजको कम्प्यूटर ७ थान कनेक्सन र टेवल र जडान तथा जडान बापत रु ७५७१० गरी गो भौ नं २३४।०८२।२।२८ बाट रु. १२९७३०८ भुक्तानी भएको श्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

४०.२ गत वर्ष अनुदान प्राप्त विद्यालयलाई सोहि शीर्षकमा अनुदान रकम भुक्तानी- पालिकाले गत वर्ष भर्ता आ वि लाई रु ६ लाख ५० हजार भुक्तानी दिई पुस्तिकाको बुदा नं ९.४(ङ) लाइब्रेरी निर्माण गर्दा अनुदानबाट पाठ्यपुष्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री खरिद गर्ने र लाइब्रेरीको लागि आवश्यक पर्ने फर्निचर आदिको लागि २५ प्रतिशत रकम सम्म खर्च गर्ने व्यवस्था रहेकोमा विद्यालयले सो भन्दा बाहिरका कथा उपन्यास, सन्दर्भ सामाग्री जस्ता पुष्तक खरिद गरी दाखिला गरेको आधारमा पुन- यस वर्ष पालिकाले सोहि विद्यालयलाई सोहि शीर्षक अन्तर्गतको अन्य कम्पोनेन्ट आइ सि टि तथा इ लाइब्रेरी तयार गर्नको लागि अनुसार समेत लाइब्रेरी स्थापना गर्नको लागि यस वर्ष समेत रु ६ लाख ५० हजार भुक्तानी गरी सोहि विद्यालयलाई निरन्तर रुपमा सोहि शीर्षकमा अनुदान दिने कार्य नियमसम्मत नभएको हुदा यस कार्यमा सुधार गर्नुपर्दछ।

४०.३ **जडान तथा मर्मत खर्च बापतको रकम भुक्तानी-** पालिकाले संघीय बजेट अनुसार त्यसको कार्यविधि अनुसार रकम खर्च गर्दा आइ सि टी तथा इ लाइब्रेरी तयार गर्दा चालू खर्च जस्ता वार्षिक मर्मत तथा जडान खर्च भनी ६ लाख ५० हजारमा ७५ हजार ७१० रकम भुक्तानी दिएकोमा उक्त कार्यविधि विपरित भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७५,७१० |

४०.४

**ल्यापटप खरिद-** पालिकाले श्री पञ्च आधारभुत विद्यालय बैजलपुर लाई ICT ल्याब व्यवस्थापन कार्यक्रम वितरण गर्दा स्थानीय तहले इन्टरनेटको पहुँच भएका तथा विद्युतको नियमित आपूर्ति भएका, कम्प्युटर ऐच्छिक विषयका रूपमा अध्यापन गराएका एवम् शिक्षकको ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण आधारमा छनोट भएका विद्यालयका लागि Networking, Internet फर्निचर, कम्प्युटर/उपकरण/सफ्ट्वेयर/विद्युतीय अन्तरक्रियात्मक श्रव्य-दृश्य सिकाइ सामग्री व्यवस्थापन गर्न सक्ने व्यवस्था रहेकोमा विद्यालयले ६ थान लापटप र ४ थान प्रोजेक्टर खरिद गरेको भनी कार्यविधिले तोकेको मापदण्ड अनुसार गुणस्तर भएको सामग्री खरिद गर्नुपर्दछ ।

## ४१ कफि वारिष्ट तालिम

४१.१ (गो भौ नं ५७०/०८२।३।२४ -):

**लागत अनुमान तयारी-** सार्वजनिक खरिद नियमावली २०६४ नियम १० अनुसार सार्वजनिक निकायले खरिद कार्य गर्नु गरी वस्तुनिष्ठ लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले ६५ दिने कफि वारिष्ट तालिम मिति २०८२।१।९ देखि २०८२।३।५ सम्म संचालन गरेको भनी यूनाइटेड टेक्निकल ट्रेनिङ्ग एजुकेशनल प्रा.लि. लाई रु. ४९५८९९ भुक्तानी भएको श्रेस्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो।कार्यालयले माथी उल्लेखित तालिम संचालन बजेट अनुसार लागत अनुमान तगार गरी रकम खर्च भएको छ। ६५ दिनको लागत अनुमान तयार गरेकोमा कुनै वस्तुनिष्ट आधार नगरिकनै लागत अनुमान तयार गरी खर्च गर्ने कार्य नियमसम्मत नभएको हुदा यस कार्यमा नियन्त्रण गर्नुपर्दछ। साथै प्रशिक्षक द्वय दिलिप कुमार श्रेष्ठ र सुशिल ज्ञवालीले कफि बनाउने तालिम संचालन गर्दा होटेल म्यानेजमेन्ट अध्ययन गरेको प्रशिक्षकले तालिम संचालन गरेको भनी भुक्तानी दिएको छ । पालिकाले आगामी दिनमा यस्ता तालिम सञ्चालन गर्दा प्रशिक्षकहरुको प्रमाणपत्र, अनुभव लगाएतका प्रमाणपत्र संलग्न राखी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

४१.२ कार्यपत्र पेश नभएको :

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४५,०८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ४२ कार्यस्थल सुरक्षा सामाग्री (१२२/२०८१/११/१९-2082-10-06):

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मातहतको प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं. ३६५, मिति २०८०।११।१४ को परिपत्र अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना अन्तर्गत कार्यान्वियन हुने कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना निर्माण तथा मर्मत आयोजनाको गुणस्तर कायम राख्न आवश्यक पर्ने दक्षश्रमिक, निर्माण सामाग्री लगायतका अन्य सामाग्रीहरु प्रचलित दररेट बमोजिम स्थानीय तहको स्रोतबाट बेहोर्ने गरी लागत साझेदारी गरी आयोजना सञ्चालन गर्नुपर्ने भनी पत्राचार गरेको छ। पालिकाले उक्त पत्राचार विपरित कार्यस्थल फिस्टेल जियोसर्भे प्रा.ली. संग विभिन्न सुरक्षा सामाग्री खरिद गरी वितरण गरेको छ । उक्त सामाग्री पालिकाको जिन्सी शाखामा फिर्ता गरी दाखिला गरी बुहुउपयोग हुने सुनिश्चितता गर्नुपर्दछ ।

## ४३ इन्टरनेट शुल्क भुक्तानी

कार्यालयले मिति २०८०/१२/३० मा सुविसु केवलनेट प्रा. ली. संग गरेको सम्झौताको बुँदा नं. ६ मा एक पटक जडान वापत जडान खर्च वापत लाग्ने रकम प्रथम पक्षबाट भुक्तानी नभई दोस्रो पक्ष स्वयमले व्यहोर्नुपर्ने उल्लेख छ । उक्त सेवा प्रदायकसंग गरेको मिति २०८१/०४/०१ को सम्झौतामा उक्त विषय उल्लेख नगरि सम्झौता गरेको देखियो । २०८१/०४/०१ मा गरेको सम्झौताको बुँदा नं. ९ मा दोस्रो पक्षले नेपाल दूरसञ्चार प्राधिकरणको कानुन, नियम, निर्देशिका र नियमहरुको पालना गर्नुपर्ने र सो पालना नगरेमा सम्झौता रद्द गर्न सक्ने उल्लेख छ । साथै कार्यालयमा सेवा प्रवाहको लागि आवश्यक गर्ने उपकरणहरु जस्ते Router, Switch, Lan Cable आदि प्रथम पक्षले उपलब्ध गराउने तथा बुँदा नं. ७ मा कार्यालय देखि सुरुहुने गरि सुरुको पोलबाट फाईवर तर टुटेमा वा कारणवस नयाँ

फाइवर तर परिवर्तन गर्नु परेमा वा मिडिया कन्भटर विग्रीएको खण्डमा परिवर्तन गर्नुपर्ने भएमा सो को रकम पालिका भुक्तानी गर्नुपर्ने व्यवस्था छ । दूर सञ्चार नियमावलीको नियम १५ मा ग्राहकलाई उपलब्ध गराएको दूरसंचार सेवा कुनै कारणले विग्रेमा प्राधिकरणले तोकिदिएको स्तर अनुरूप निशुल्क मर्मत संभार गर्नुपर्ने तर दूर संचार सेवा अन्तर्गत फिक्सवायर वोडव्याण्ड सेवा प्रदान गरे वापत लागने महशुलमा वढीमा ५० प्रतिशत सम्म मर्मत संभार शुल्क लगाउन सक्ने उल्लेख छ । पालिकाले सुविसु केवलनेट प्रा. लि. संग गरेको सम्झौतामा उक्त व्यवस्थाको पालना भएको पाईएन । पालिकाले सुविसु केवलनेट प्रा. ली. लाई फाईबर मोडेम तथा एक पटक जडान वापत बिल नं. ०७०८२३६ बाट रु. ३३९०० तथा बिल नं. ०७०८२३७ बाट एक पटक जडान वापत रु. १६५०००, मिडिया कन्भर्टर वापत रु. २०००० सहित रु. ४९६४७२ समेत कुल रु. ५३०३७२ को बिल पेश गरेकोमा सम्पूर्ण रकम भुक्तानी भएको छ । पालिकाले आगामी दिनमा इन्टरनेटको सम्झौता गर्दा प्रचलित कानून वमोजिम सम्झौता गर्नुपर्दछ ।

४४ **बाणगंगा प्रज्ञा प्रतिष्ठान**

पालिकाले बाणगंगा प्रज्ञा प्रतिष्ठानलाई पुस्तक छपाई, दिवस/जयन्ति मनाउने, बुलेटिन प्रकाशन, बैठक लगाएतका कार्यका लागि १० लाख विनियोजन गरि रु. ६३६३४० भुक्तानी गरेको छ । पालिकाले अन्य कार्यक्रमसंग दोहोरो हुने तथा दीर्घकालिन दायित्व सिर्जना हुने यस प्रकारका कार्यक्रमहरुमा नियन्त्रण गर्नुपर्दछ ।

४५ **सी. सी. क्यामेरा जडान**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले रकम खर्च गर्दा उपयुक्त प्रमाण कागजात पेश गरी त्यसको औचित्यको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। पलिकाले सी. सी. क्यामेरा जडान गर्दा उक्त क्यामेरा, स्टोरेज लगाएतका विषयमा विस्तृत स्पेसिफिकेशन सहितको लागत तयार नगरि खरिद गरेको छ । पालिकाले जडान गरेको सी. सी. क्यामेरा पालिकाको आवश्यकता बमोजिम मितब्ययि तवरले खरिद तथा जडान गरे नगरेको सम्बन्धमा एकिन हुन सकिएन । पालिकाले आगामी दिनमा यस्ता कार्य गर्दा कानूनबमोजिम मितब्ययि तवरले खरिद गर्नुपर्दछ ।

| **गो. भौ. नं./ मिति** | विवरण | भुक्तानी पाउने | जम्मा भुक्तानी (रु.) |
|---|---|---|---|
| २७९/ २०८०/ ०३/ २४ | ईलाका प्रहरी कार्यालय पिपरा र वडा नं. ४ का विभिन्न स्थानमा सि. सि. टि. भी. जडान | बृहस्पति टेक्नो कन्सल्टेन्सी प्रा. लि. | ७५८७५२ |
| २६५/ २०८२/ ३/ २३ | वडाका विभिन्न स्थानमा सी. सी. क्यामेरा जडान (ठेक्का नं. ११०/ ०८१-८२) | धर्मा टेक्नोलोजी | ८७२१०० |
| **जम्मा** | | | **१६३०८५२** |

४६ **जाइका सँगको लागत साझेदारीमा शिक्षक पारिश्रमिक** (गो भौ नं ९।०८१।६।१३ , गो भौ नं १९२।०८१।१२।८, गो भौ नं ३१४। ०८२।२।२८-):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को ३९(५) मा बिल भरपाईको आधारमा लेखा राख्नु पर्ने उल्लेख छ । पालिकाले जाइका सँगको लागत साझेदारीमा शिक्षक पारिश्रमिक शिर्षकमा रु. १३ लाख ६५ हजार विनियोजन गरी असोज सम्मको १३ जना शिक्षिकाको लागि रु. ४२००००, पौष महिनासम्मको लागि गो भौ नं २९२५००, चैत्रसम्मको रु. २९२५०० र अन्तिम अषाढसम्मको लागि रु. २९२५०० भुक्तानी भएको देखियो । पालिकाले एन जि ओ को अनुदान रकमलाई आफ्नो संचितकोषमा दाखिला गर्न लगाई आवश्यकता अनुसार विद्यालय छनौट गरी नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक हुने गरी रकम भुक्तानीको व्यवस्था गर्नुपर्नेमा पालिकाले विद्यालयको खातामा रकम भुक्तानी गरिरहेको देखिएकोले योग्य शिक्षक नियुक्ति भई नियमित रुपमा पठनपाठन भए नभएको यकिन गरी प्रतिवेदन पेश गर्न लगाउनु पर्दछ ।

४७ **सीपमुलक कार्यक्रम**

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०८१ को अनुसुचि ११ मा सीप विकास तालिमका लागि ३० कार्यदिन भन्दा बढीको तालिममा मासिक १५००० का दरले प्रशिक्षक भत्ता दिन सकिने उल्लेख छ । कार्यक्रममा प्रशिक्षकलाई ४० दिनको ४०००० का दरले

भुक्तानी गरेको छ । छलफलका क्रममा पालिकाले तालिम प्राप्त विज्ञ प्रशिक्षक भएकाले मासिक रु. ३०००० का दरले भुक्तानी दिनुपरेको जनाएको छ । यसरी भुक्तानी दिँदा उक्त प्रशिक्षकको स्किल टेस्ट सर्टिफिकेट संलग्न राखेको देखिएन । साथै पालिकाले सञ्चालन गरेको कार्यक्रमबाट उत्पादित सामाग्रीहरु पालिकाले जिन्सीमा दाखिला नगरी खर्च जनाएको छ । यसरी पालिकाले उक्त सीपमुलक कार्यक्रमबाट उत्पादित सामाग्रीहरु पालिकाको जिन्सीमा दाखिला गरेको र सो को बिक्रीबाट राजश्व प्राप्त भएको भए राजश्व दाखिला गरि राख्नुपर्दछ ।

| **गो. भौ. नं./ मिति** | **लाभान्वित समुह** | **कार्यक्रम सञ्चालक** | **भुक्तानी पाउने** | **धागो लगाएत सिकाई सामाग्री खरिद (रु)** |
|---|---|---|---|---|
| ६२/ २०८१/ ९/ ११ | तान ढाँका लघु उद्यमी समूह | कुलदिप सिंह संथवार | लक्ष्मी ढाका कपडा उद्योग | १०८३५० |
| १०५/ २०८१/ १०/ २९ | प्रगतिशिल तान ढाका लघु उद्यम समूह | कुलदिप सिंह संथवार | सलमान सिलाई तथा मेशिन मर्मत तथा बिक्री केन्द्र | ४४९६५ |
| २३१/ २०८२/ १/ ११ | कोइली बनगाइ तान ढाँका लघु उद्यमी समूह | कुलदिप सिंह संथवार | कुलदिप सिंह संथवार | २००००० |
| **जम्मा** | | | | **३५३३१५** |

४८ **अन्य संस्थामार्फत कार्यक्रम**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम,अभिमुखीकरण,सवलीकरण,मूलप्रवाहीकरण जस्ता कार्य गैह्रसरकारी संस्थाबाट गराउँदा छिटो छरितो,प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैह्रसरकारी संस्थाबाट गराउन सक्ने व्यवस्था गरेको छ। सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९९ मा गैह्रसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य संचालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको अनुगमन गरी गर्न सकिने व्यवस्था गरेको छ। आयकर ऐन २०५८ को दफा ८८ मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको सेवा शुल्क, अन्य कुनै प्रतिफल भुक्तानीको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने व्यवस्था छ ।सुत्र प्रणालीबाट नमुना छनौटका आधारमा हेर्दा पालिकाले देहाय बमोजिमका स-साना कार्यक्रमहरु आफ्नै जनशक्तिबाट गर्न सक्ने अवस्थामा समेत गैह्रसरकारी संस्थाबाट कार्य गराएको देखियो । पालिकाले संघ संस्थालाई भुक्तानी दिँदा आयकर ऐन अनुसार सेवा खरिद गर्दा प्यान नम्बर लिएका सेवा प्रदायकलाई १५ प्रतिशत कर कट्टी नगरी कम कर कट्टी गरेकोले कर कट्टी रकम एकिन गरी नपुग कर सम्बन्धिबाट असुल गर्नुपर्ने रु.

| गो.भौ.न र मिति | कार्यक्रमको नाम | सेवाप्रदायकको नाम | भुक्तानी रकम | १५ % कर | कर कट्टा रकम | नपुग कर |
|---|---|---|---|---|---|---|
| ६२५/२०८२/०३/०७ | वडा नं.अपाङ्ग तथा जेष्ठनागरिक कार्यक्रम | कार्यपालिका खबर | ९८,२४३.०० | १४,७३६.४५ | १,७५७.०० | १२,९७९ |
| ६२६/२०८२/०३/०७ | वडा नं. १अपाङ्ग सम्बन्धी कार्यक्रम | | ४८,८४२.०० | ७,३२६.३० | १,१५५.०० | ६,१७१.३० |
| ६२७/२०८२/०३/०७ | वडा नं. ५अपाङ्ग लक्षित कार्यक्रम | | ४८,८४५.०० | ७,३२६.७५ | १,१५५.०० | ६,१७१ |
| ६२८/२०८२/०३/०७ | वडा नं. २अपाङ्ग लक्षित कार्यक्रम | | ४८,८४५.०० | ७,३२६.७५ | १,१५५.०० | ६,१७१ |
| ६२९/२०८२/०३/०७ | अपाङ्ग तथाएकल महिलालाई झुल वितरण | | ९७,०६२.०० | १४,५५९.३० | २,९२६.०० | ११,६३३.३० |
| | जम्मा | | | | | ४३१२७.५५ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **७४,३८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२९,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४३,१२७.५५ |

४९ **कृषि सामाग्री वितरण**

बाणगंगा नगरपालिका कृषि विकास तथा कृषि प्रसार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ को दफा ४.१.३ मा व्यावसायिक रुपमा कृषि पेशामा आवद्ध हुनुपर्ने, कृषक समूह/कृषि सहकारी/कृषि फर्म कम्तिमा १ बर्ष अघि देखि नगरपालिका तथा सरोकारवाला निकायमा दर्ता भई कृषि कार्य गरिरहेका व्यावसायिक कृषि फर्म / कृषक समूह तथा कृषि सहकारीलाई प्राथमिकता दिनु पर्ने, कार्यक्रम अनुसार तोकिएको क्षेत्रफल/संख्या/परिमाण हुनुपर्नेछ, गत वर्षहरुमा कार्यक्रममा सहभागी हुन नपाएकोलाई प्राथमिकता दिइने, समूह/सहकारी/ कृषि फर्म सक्रिय रुपमा सञ्चालनमा रहेको हुनुपर्ने, सामूहिक वा चक्लाबन्दी खेती गर्नेलाई प्रथमिकता दिइने, कार्यालयले प्रदान गरेको ढाँचामा प्रस्तावना पेश गरेको हुनुपर्ने उल्लेख छ । साथै सोही कार्यविधिको अनुसुचि १ को बुँदा नं. ९ मा कृषक, कृषक समुह, कृषि सहकारी र कृषि फर्म लक्षित वर्गको रुपमा रहने उल्लेख छ । पालिकाले विभिन्न कृषि सामाग्री वितरण गर्दा कृषक समूह/कृषि सहकारी/कृषि फर्म कम्तिमा १ बर्ष अघि देखि नगरपालिका तथा सरोकारवाला निकायमा दर्ता भई कृषि कार्य गरिरहेको प्रमाण बेगर विभिन्न व्यक्तिलाई भुक्तानी दिएको छ । पाालिकाले आगामी दिनमा यस्ता कार्यक्रम गर्दा कार्यविधि बमोजिम गर्नुपर्दछ ।

| गो. भौ. नं./ मिति | विवरण | भुक्तानी पाउनेको नाम | भुक्तानी भएको रकम |
|---|---|---|---|
| ८४९/ २०८२/ ३/ २३ | चाप कटर मेसिन १ थान | विष्णुमाया खनाल | १६६०० |
| | स्प्रे टंकी १ थान | नवराज उपाध्याय पौडेल | २००० |
| जम्मा | | | १८६०० |

५० **अन्य निकायको खर्च**

प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ को दफा १६ मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई प्रचलित कानुन बमोजिम उपलब्ध गराउने वित्तीय समानीकरण अनुदान र सशर्त अनुदानका बारेमा उल्लेख छ। पालिकाले निम्न गो. भौ. नं. र मितिबाट अन्य निकायको खर्च समेत गरि विविध कार्यमा खर्च गरेको छ। छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका विभिन्न कार्यालयहरुको खर्च लेखेकोले प्रचलित कानुनी व्यवस्था प्रतिकुल हुने गरि भुक्तानी दिएको अनियमित देखिएको रु.

| **गो भौ नं./ मिति** | **भुक्तानी लिनेको नाम** | **विवरण** | **रकम** |
|---|---|---|---|
| ४६/ २०८१/ १२/ ०८ | वडा नं. १० प्रहरी चौकी फदवा मेचकुरी भूई ढलान प्लाष्टर उ.स. | वडा नं. १० प्रहरी चौकी फदवा मेचकुरी भूई ढलान प्लाष्टर | **१९४०००** |
| २०७/ २०८२/ ०३/ १६ | ईलाका प्रहरी कार्यालय रंग रोगन उ. स. | वडा नं. २ ईलाका प्रहरी कार्यालय रङ्गरोगन | **१५००००** |
| २०९/ २०८२/ ०३/ १६ | ईलाका प्रहरी कार्यालय पिपरा जिन्सी सामान भण्डार कक्ष | ईलाका प्रहरी कार्यालय पिपरा जिन्सि सामान भण्डार कक्ष | **४९३८८४** |
| २४८/ २०८२/ ०३/ १९ | सशस्त्र प्रहरीबल सुरक्षा बेस पिपरा भवन निर्माण उ. स. | सशस्त्र प्रहरीबल सुरक्षा बेस पिपरा भवन निर्माण | **५०००००** |
| ८२२/ २०८२/ ३/ २० | जिल्ला सम्न्वय समिति, कपिलवस्तु | जिल्ला समन्वय समितिकपिलवस्तुलाई कार्यपालिकाको निर्णयानुसार भुक्तानी | ३५०००० |
| **जम्मा** | | | **१६८७८८४** |

| | |
|---|---|
| अनियमित भएको | १६,८७,८८४ |

५१ **खर्चको प्रकृति :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले न्यानो कपडा, साइकल ईन्भर्टर लगाएतका सामाग्रीहरु विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको छ । यस्तो खर्चले नागरिकको जीवनस्तरमा प्रत्यक्ष उपलब्धी हाँसिल नहुने भएकोले कार्यविधि वेगर वितरण गरेका कार्यक्रममा नियन्त्रण गरिनुको साथै यस्तो खर्च गर्दा वास्तविक आवश्यकता र मागमा आधारित भई पारदर्शी तवरले वितरण गरीनु पर्दछ। पालिकाबाट यस्ता प्रकृतिका खर्च गरेका उदाहरणहरु निम्न छन् ।

| गो.भौ.न र मिति | कार्यक्रमको नाम | सेवाप्रदायकको नाम | भुक्तानी रकम | १५ % कर | कर कट्टा रकम | नपुग कर |
|---|---|---|---|---|---|---|
| ६२५/२०८२/०३/०७ | वडा नं.अपाङ्ग तथा जेष्ठनागरिक कार्यक्रम | कार्यपालिका खबर | ९८,२४३.०० | १४,७३६.४५ | १,७५७.०० | १२,९७९ |
| ६२६/२०८२/०३/०७ | वडा नं. १अपाङ्ग सम्बन्धी कार्यक्रम | | ४८,८४२.०० | ७,३२६.३० | १,१५५.०० | ६,१७१.३० |
| ६२७/२०८२/०३/०७ | वडा नं. ५अपाङ्ग लक्षित कार्यक्रम | | ४८,८४५.०० | ७,३२६.७५ | १,१५५.०० | ६,१७१ |
| ६२८/२०८२/०३/०७ | वडा नं. २अपाङ्ग लक्षित कार्यक्रम | | ४८,८४५.०० | ७,३२६.७५ | १,१५५.०० | ६,१७१ |
| ६२९/२०८२/०३/०७ | अपाङ्ग तथाएकल महिलालाई झुल वितरण | | ९७,०६२.०० | १४,५५९.३० | २,९२६.०० | ११,६३३.३० |
| २९६।२०८२।२।२६ | झोला तथा अन्य वस्तु बनाउने तालिम | सिद्धार्थ सामाजिक विकास केन्द्र | ४००००० | ६०००० | | ६००००. |
| ३०५।०८२।२।२६ | मनारा बजाउने तालिम | सामुदायिक रेडियो बुद्ध आवाज | १९९००० | २९८५० | | २९८५० |
| ४६०।०८२।३।१६ | अपाङ्गता भएका व्यक्तिहरूका लागि सिप विकास कार्यक्रम | अपाङ्ग उत्थान समाज कपिलवस्तु | २००००० | ३०००० | | ३०००० |
| ५७०।०८२।३।२४ | कपि वरिष्टा तालिम | युनाईटेड टेक्निकल एजुकेशनल प्रा.लि. | ४९५८९९ | ७४३८५ | | ७४३८५ |
| | जम्मा | | | | | २३७,३६० |

५२ **गहुँको बिउ वितरण** (२८३/२०८१/११/०४-):

बाणगंगा नगरपालिका कृषि विकास तथा कृषि प्रसार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ को दफा ४.१.१ मा नगर कार्यपालिकाको कार्यालयले अनुदान कार्यक्रममा सहभागी हुन चाहने कृषक समुह /कृषि सहकारी / कृषि फर्महरुलाइ १५ वा ३० दिनको प्रस्तावना पेश गर्नको लागि सूचना प्रकाशन गर्ने र आवश्यकता अनुसार सूचनाको म्याद थप समेत गर्न सकिने तथा ४.१.२. कार्यक्रममा संम्मिलित हुन बुदा न. ४.१.३ वमोजिम मापदण्ड पुरा गरेका इच्छुक कृषक समूह / कृषि सहकारी/कृषि फर्मले तोकिएको म्याद भित्र तोकिएको ढाँचामा (अनुसूची-२ अनुसारको कार्यक्रम संग सम्बन्धित) फारम भरि अनुसूची-३ अनुसारको निवेदन नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्ने उल्लेख छ । यसै कार्यविधिको अनुसुची १ को बुँदा नं. २८ मा कार्यक्रम सञ्चालन गर्दा सूचना प्रकाशन गर्नुपर्ने, लाभग्राही छनौट गर्ने र कार्यक्रम सम्झौता तथा सञ्चालन गर्ने उल्लेख छ । साथै अर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायीत्व नियमावली २०७७ को बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्ने र सो को औचित्यको आधारमा रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले गहुँको बिउ वितरण गर्दा सूचना प्रकाशन नगरि लाभग्राहीको निवेदन समेत संलग्न नराखि, कार्यक्रमको समझौता समेत नगरि सोझै सेवाग्राहीलाई वितरण गरेको छ । नेशनल एग्रोभेट सेन्टर साथै वितरण गरिएको बिउको जर्मिनेशन सर्टिफिकेट संलग्न राखेको देखिएन ।

उक्त कार्यक्रमको सूचना प्रकाशन, लाभग्राही छनौटका आधार, बिउको जर्मिनेशन सर्टिफिकेट, खडा बाली परीक्षण लगाएतका प्रमाण कागजात पेश गर्नुपर्ने गरेको देखिएन । पालिकाले आगामी दिनमा यस्ता कार्य गर्दा कानुनबमोजिम उक्त बिउको प्रभावकारिता र उपलब्धि हाँसिल हुने गरि गर्नुपर्दछ ।

५३ **भुक्तानीमा कर कट्टी**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१०,२५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२२,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५४ **जिल्ला स्तरीय डोरी तान खेल प्रतियोगितामा सहभागी**

पालिकाले जिल्ला स्तरीय डोरी तान खेल प्रतियोगितामा सहभागी संचालन भएको भनी खुम बहादुर जि सी लाई गो भौ नं ३१७।०८२।२।२८ बाट रु. १ लाख भुक्तानी भएको गरेको देखियो।बाणगंगा नगर डोरीतान संधलाई कार्यक्रम संचालन गरेकोमा विभिन्न कार्यक्रम संचालन गरेको विभिन्न पार्टीको विजक पेश भएकोमा उक्त पार्टीलाई भुक्तानी दिनुपर्नेमा व्यक्तिको नाममा सोझै भुक्तानी दिने कार्य नियमसम्मत नभएको देखिएको यस कार्यमा सुधार गर्नुपर्दछ।साथै उक्त संस्थाले कार्यक्रम संचालन गरेको टाइसिट पेश नगरिकनै रकम भुक्तानी गरेको उक्त कार्यको टाइसिट तथा कार्यक्रम संचालन गरेको यथार्थ विवरण खुल्ने गरी भुक्तानी गर्नु पर्दछ ।

५५ **न्यायिक समिति तथा मेलमिलापकर्ताहरुका लागि अन्तरपालिका अनुभव आदन प्रदान** (गो भौ नं ३१९।०८२।२।२८ , गो भौ नं ३१९। ०८२।२।२८ -):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा विल भरपाई तथा प्रमाणित कागजातको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले न्यायिक समिति तथा मेलमिलापकर्ता अन्तरपालिका अनुभव आदान प्रदान कार्यक्रम बापत कार्य बापत आदित्या नारायण खनाल लाई रु ३५९५४ र केशव राज घिमिरेलाई रु १२८७०० गरी रु. ३४९८५० भुक्तानी भएको देखियो । कार्यालयले मेलमिलापत कर्ताको लागि अन्तरपालिका अनुभव आदान प्रदान गर्नको लागि इलाम लागतका विभिन्न पालिकाको भम्रण गरेको भनी रकम भुक्तानी भएकोमा हाम्रो पालिका भन्दा तहा पालिकाको न्यायिक प्रणालीमा के के कुरा उत्कृष्ट थियो र हाम्रोमा के कुराको कमजोरी थियो सो को विश्लेषण गरी भम्रण गर्नुपर्ने साथै के कुराको अनुभव आदान प्रदान भएको हो सो कुरा खुल्ने यथार्थ विवरण उल्लेख नगरिकनै रकम खर्च गर्ने कार्य नियमम्मत नभएको हुदाँ यस कार्यमा नियन्त्रण गर्नुपर्दछ।

५६ **सहकारीसँग आय आर्जनमा साझेदारी कार्यक्रम** ( ४७५।०८२।३।१७ -):

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम संचालन सम्वन्धी कार्यविधि २०८१ को बुदा नं ९ अनुसार स्थानीय तथा प्रदेश तहको तालिम तथा गोष्ठी पालिकाले संचालन गर्नुपर्ने व्यवस्था रहेको छ। सहकारीसँग आय आर्जनमा साझेदारी कार्यक्रम पालिकाले सहकारीसँग आय आर्जनमा साझेदारी कार्यक्रम अन्तर्गत ७०/३० प्रतिशत साझेदारीमा प्रारङ्गिक मल उद्योग स्थापना बापत सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको प्राङ्गगारिक मल उद्योग स्थापना र संचालन गर्नको लागि उपकरण तथा मेशिनरी सामाग्री आपूर्ती गरे बापत रु. ९४९२७९, तालिम खर्च बापत बापत शुभ लक्ष्मी ल्यावरोटवरिस को रु ४९९९९९, भवन संरचनामा जाली, वल्डिङ्ग गरेको खर्च श्री गणेश ट्रेडसले रु. ११०२४६ गरी १५५७५२४ को ७० प्रतिशत अनुदान बापत रु. १५३८४०० भुक्तानी भएको देखियो। पालिकाले कार्यक्रम संचालन गर्नको लागि कार्यक्रमको रुप रेखा तथा कार्यक्रमको मोडालिटी तथा कार्यक्षेत्रगत शर्तहरु तयार गरी सूचना आव्हान गर्ने र सोहि अनुसार सहकारी छनौट गरी कार्यक्षेत्रगत शर्तअनुसार कार्य भए नभएको यकिन गरी सो को आधारमा भुक्तानी दिनुपर्नेमा पालिकाले सिधै रकम भुक्तानी दिएको तथा उक्त कार्यको

लागि ७० प्रतिशत अनुदान दिएकोमा उक्त सहकारी संस्थाले कार्यविधि अनुसार तालिम सञ्चालन पालिकाबाट गराउनुपर्नेमा शुभ लक्ष्मी ल्याब्रोरिरजलाई रु.४७६१०४ भुक्तानी दिने कार्य नियमसम्मत देखिएन ।

५७ **विउ वितरण कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ। पालिकाले पालिका चालु अन्तर्गत देहायका कृषि तथा पशु सम्बन्धी सामान खरिद गरी कृषकहरूलाई विभिन्न सामाग्री वितरणमा खर्च लेखेको छ। । तसर्थ, पालिकाले कार्यविधि तयार गरी वितरणमुखी कार्यक्रममा नियन्त्रण गरिनुको साथै यस्तो खर्च गर्दा वास्तविक आवश्यकता र मागमा आधारित भई पारदर्शी तवरले वितरण गर्नुपर्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ । पालिकाबाट यस्ता प्रकृतिका कार्यमा खर्च गरेका केही उदाहरणहरु निम्न छन् ।

| क्र.स | भौ.न. | कार्यक्रम | वितरण गरेको परीमाण (किलो) | खर्च रकम |
|---|---|---|---|---|
| १ | ७५।२०८१।०९।२६ | ५०% अनुदान विऊ वितरण- गहु | ५०००० | ३८५०००० |
| २ | ७५।२०८१।०९।२६ | ५०% अनुदान विऊ वितरण- गहु | २४४८ | २३३८९४ |
| ३ | १२४।२०८१।१०।२४ | ५०% अनुदान विऊ वितरण- गहु | ३२८० | ३०६१३१ |
| ४ | ५६।२०८१।०८।११ | ५०% प्रतिशत अनुदानमा बर्षिम घांसको बीउ खरिद तथा वितरण | २१५० | ६८८००० |
| जम्मा | | | | ५०७८०२५ |

५८ **उपभोक्ता समिति र टोल विकास संस्था पदाधिकारी हरुको क्षमता विकास तालिम**

५८.१ पालिकाले उपभोक्ता समिति र टोल विकास संस्था पदाधिकारीहरुको क्षमता विकास तालिम संचालन बापत टोल विकास संस्था तथा उपभोक्ता समितिलाई अभिमूखिकरण कार्यक्रम बापत गो भौ नं २४२।०८२।१।१२ बाट रु. २ लाख ६० हजार ६९० भुक्तानी भएकोमा पालिकाले माथी उल्लेखित कार्यक्रमको लागि को को सदस्यहरु छनौट भएका हुन त्यसको छनौटको आधार पेश नगरी ४२ वटा सेसन पढाएको भनी प्रति सेसन रु २६०० का दरले रकम भुक्तानी दिएको छ । पालिकाले आगामी दिनमा तालिम प्राप्त गर्ने कर्मचारी तथा व्यक्तिहरुको छनौट गर्दा उक्त तालिमको आवश्यकता तालिमबाट हुने सिकाइ र उपलब्धि समेतलाई आधार लिइ छनौट गर्नुपर्दछ ।

५८.२ अनुगमन भत्ता :

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५९ **गैर सरकारी संस्था मार्फत खरिद**

गैर सरकारी संस्था मार्फत खरिद- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ मा गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समायवधी, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी लागत अनुमान तयार गरी तोकिएको खरिद प्रक्रिया पुरा गरी खरिद गर्नु पर्ने व्यवस्था छ । अर्थ मन्त्रालय, कार्य सञ्चालन निर्देशिका, २०८१ (नवौं संस्करण) परिच्छेद ७ मा सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालनको दर उल्लेख छ । पालिकाले विभिन्न कार्यक्रम गैर सरकारी संस्था मार्फत खरिद गरेकोमा लागत अनुमान तयार नगरेको, सहभागीको छनौट पारदर्शी नभएको, कार्यक्षेत्रगत शर्त तयार नगरेको, कार्यतालिका, प्रशिक्षकको योग्यता स्पष्ट नगरेको तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको

देखिएन । पालिकाले उल्लेखित व्यवस्था अनुरुप क्रियाकलापगत लागत अनुमान तयार नगरी वजेटलाई आधार बनाई कोटेशन माग गरी विभिन्न ७ वटा संस्थाबाट सेवा खरिद गरी रु.२०३६८९९।- खर्च लेखेको छ । यसरी एकमुष्ठ बजेटको आधारमा कोटेशन माग गरी खरिद गर्नु उचित देखिएन । पालिकाले कार्यक्रम सञ्चालन गर्दा आन्तरिक जनशक्तिबाट नसक्ने भएमा मात्र गैर सरकारी संस्था मार्फत खरिद गरी तोकेको प्रक्रिया पुरा गर्नु पर्दछ।

| क्र.सं. | गोश्वारा भौचर नं. र मिति | कार्यक्रमको नाम | सहभागी संख्या | कार्य दिन | कार्यक्रम संचालन तथा सहजीकरण गरी भुक्तानी पाउने संस्था | भुक्तानी रकम | प्रशिक्षको नाम |
|---|---|---|---|---|---|---|---|
| १ | २५२<br>२०८१/१०/२४ | कागजका झोला तथा अन्य वस्तु बनाउने तालिम | २२ | १५ | सिद्धार्थसामजिक विकास केन्द्र बा.न.पा.-४ कपिलवस्तु | २,००,००० | इन्द्र पौडेल<br>राधिका पौडेल |
| २ | ५७०<br>२०८२/०३/२४ | कफी बारिष्टा बनाउने तालिम | २२ | ६५ | युनाइटेडटेक्निकल ट्रेनिङ्ग एजुकेशन प्रा.लि. काठमाण्डौं | ४,९५,८९९ | दिलिप कु.श्रेष्ठ<br>शुसिल श्रेष्ठ |
| ३ | २८६<br>२०८२/०२/१९ | गुणस्तरीय अचार बनाउने तालिम | ३० | ७ | कपिलवस्तु नेवार समाज नेपाल, बा.न.पा.-०१, कपिलवस्तु | २,५०,००० | कमला के.सि.<br>मनकला गिरी |
| ४ | ३७५<br>२०८२/०३/०४ | एडभान्स कम्प्युटर तथा मोबाइल हाडवेयर तालिम | २२ | ३० | सिद्धार्थकम्प्युटर इन्सिच्यूट, बा.न.पा.७, कपिलवस्तु | ४,९९,००० | संजय श्रेष्ठ<br>विजय श्रेष्ठ |
| ५ | ३७४<br>२०८२/०३/०४ | ग्राफिक डिजाइन एण्ड फोटो ग्राफर सीप विकास तालिम | २२ | १० | कपिलवस्तुपब्लिक एण्ड कन्सल्ट फर्म, बुद्धभुमि -०२ कपिलवस्तु | १,९५,००० | सन्दिप थारु चौधरी<br>सरोज चौधरी |
| ६ | ३७२<br>२०८२/०३/०४ | मस्यौरा सिन्की बनाउने तालिम | २२ | ३ | सहयोगीमहिला बहुउद्देश्य सहकारी संस्था, बा.न.पा.-०४,कपिलवस्तु | १,९८,००० | जुना पुरी<br>कमला के.सी.<br>कुँवर ( लक्ष्मी) |
| ७ | ३०५<br>२०८२/०२/२६ | मनरा बजाउने तालिम | २२ | १३ | सामुदायिकरेडियो बुद्ध आवाज,बा.न.पा.-४ | १,९९,००० | राम प्रसाद थारु<br>दुलेश्वरी थारु |
| | | जम्मा | | | | २०३६८९९ | |

## ६० सटर भाडा

पालिकाले पेश गरेको विवरणमा पिपराकोठी सामुदायिक बन उपभोक्ता समितिको जगामा नगर अस्पताल रहेको उक्त अस्पताल परिसरमा २८ वटा सटर रहेकोमा जम्मा २६ वटा सटर मात्र भाडामा रहेको देखियो । गत विगत वर्ष देखि १ देखि १५ नं. सम्मका १५ वटा सटरको प्रति सटर मासिक रु. २५०० तथा १६ देखि २८ नं. सम्मका १३ वटा सटरको रु. २००० का दरले भाडा संकलन गर्दै आइरहेकोमा उक्त व्यवसायीसंग सम्झौता गरेको देखिएन । १-१५ नं. सम्मका सटरको भाडा मासिक २५०० का दरले रु. ४५०००० तथा १६-२८ नं. सम्मका सटरबाट मासिक रु. २००० का दरले वार्षिक रु. ३१२००० गरि वार्षिक सटर भाडा वापत रु. ७६२००० गरि २ वर्षमा रु. १५२४००० संकलन हुनुपर्ने देखिन्छ । छलफलका क्रममा अस्पतालले सबै सटर भाडामा नलागेको तथा केहीले भाडा तिर्न असहमति जनाएको प्रतिकृया दिएको छ । सटर भाडामा भए नभएको र समयमा भाडा प्राप्त भए नभएको सम्बन्धमा एकिन हुन सकिएन । पालिकाले आगामी दिनमा यस्ता सम्पत्ती व्यवस्थापनका लागि कानुन बनाइ कानुनबमोजिम भाडा संकलन कार्यलाई व्यवस्थित गर्नुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष भाडामा लागेका सटरहरुमध्येबाट रु. ६३७००० संकलन हुनुपर्नेमा रु. ५२३००० संकलन भई संकलन हुन बाँकी रकम सम्बन्धिबाट असुल गर्नुपर्ने रु ११४०००. तथा २०८०/०८१ को बक्यौता बाँकी रु.२५८५०० गरि रु. ११४००० बक्यौता बाँकी रहेकोमा असुल गर्नुपर्ने रु.

| सटर नं. र सटर सञ्चालकको नाम | आ. व. २०८०/०८१ | आ. व. २०८१/०८२ | जम्मा |
|---|---|---|---|
| २ लक्ष्मी भुर्तेल | १५००० | ३०००० | ४५००० |
| ४ राधिका परियार | ३०००० | ३०००० | ६०००० |
| ५ राधिका परियार | ३०००० | ३०००० | ६०००० |
| २० रमेश जि.सी. | २४००० | २४००० | ४८००० |
| २२ तेज कुमारी राना | २४००० | २४००० | ४८००० |
| २३ लिल बहादुर राना | २४००० | २४००० | ४८००० |
| २४ लक्ष्मी भुसाल | | ४००० | ४००० |
| २५ इन्द्र बहादुर कार्की | ५६००० | २४००० | ८०००० |
| जम्मा | २०३००० | २४७५०० | |
| कुल जम्मा | | | ३९३००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,९३,००० |

६१ **औषधि खरिद** (१२१/२०८१/११/१८-):

पालिकाले नरोत्तम आयुर्वेद डिस्ट्रिब्यूटर्ससंग गरेको सम्झौताको बुँदा नं. २ र ३ मा सम्झौता बमोजिम दोस्रो पक्षले उपलब्ध गराउने औषधीको नाम, ब्याच नम्बर, उत्पादन मिति, म्याद सकिने मिति आदि कुराहरु स्पष्ट रुपमा उल्लेख गरिएको र पूर्णरुपमा सिलबन्दी गरिएको गुणस्तरिय औषधी हुनु पर्नेछ नं. ३ मा उल्लेखित कुराहरु र गुणस्तर बमोजिम औषधीहरु उपलब्ध नभएमा प्रथम पक्षले सम्झौता रद्द गर्न सक्ने छ । पलिकाले विभिन्न औषधी खरिद गर्दा बिजकमा औषधीको म्याद उल्लेख नरहेको र पोष्ट डेलिभरी इन्सपेक्सन प्रतिवेदन समेत तयार नगरी औषधी खरिदको भुक्तानी गरेकोबाट पालिकाको आवश्यकता र माग बमोजिम म्याद कायम रहेको औषधि प्राप्त भए नभएको सम्बन्धमा एकिन हुन सकिएन । खरिद भएको औषधीको पोष्ट डेलिभरी इन्सपेक्सन प्रतिवेदन समेत संलग्न राखी भुक्तानी दिनुपर्छ ।

६२ **अस्पताल व्यवस्थापन प्रणाली खरिद** (६१/२०८१/११/०६-):

पालिकाले गत विगत देखि सञ्चालनमा ल्याएको अस्पताल व्यवस्थापन प्रणालीको सम्झौता उपलब्ध नभएका कारण उक्त प्रणालीबाट् हुने कार्य अस्पतालको बिलिङ, ल्याब लगाएतको कार्यलाई व्यवस्थित गर्नका लागि गत विगत देखि अस्पताल व्यवस्थापन प्रणाली खरिद गर्दा विगतको प्रणालीको डाटावेस प्राप्त गर्ने तथा विगतको सम्झौता बमोजिम कार्य भए नभएको सम्बन्धमा एकिन हुन सकिएन साथै आ. व. को बीचमै खरिद गरिएको नयाँ प्रणालीका सम्बन्धमा सफ्टवेयर खरिद कार्य मपतब्ययी र प्रभावकारी भयो भन्न सकिएन । पालिकाले Hospital management system installation and training को दररेट माग गरि एयर प्रो. प्रा. लि. बाट रु. ३८०७९५ मा खरिद गरेको सफ्टवेयर खरिद सम्झौताको बुँदा नं. ३.२ मा वार्षिक र्मंमत सम्भार शुल्क तथा होस्टिङ वापत मासिक ३०००० भ्याट बाहेक प्रदान गर्ने र २ वर्षपछी शुरु नवीकरण शुल्कको १० प्रतिशत वृद्धि गरि भुक्तानी गर्ने उल्लेख छ । सम्झौताको बुँदा नं. ५ मा २०८१/०८/१ बाट सुरु भई २०८१/११/३० सम्म परिक्षणको रुपमा रहने उल्लेख छ । उक्त सफ्टवेयरको सोर्स कोड समेत प्राप्त भएको देखिएन । उक्त सफ्टवेयर सञ्चालनमा ल्याउनु अघी २०८१ कार्तिक मसान्त सम्म निरन्तर प्रयोग गर्दै आईरहेको Midas Health Service को डाटा पालिकाले नयाँ प्रणालीमा माइग्रेट गर्ने वा छुट्टै सुरक्षित राख्ने कार्य समेत गरेको देखिएन । पालिकाले उक्त सफ्टवेयरको विस्तृत लागत अनुमान समेत तयार नगरि सुरु वर्षमा इन हाउस मेड सफ्टवेयरको वार्षिक र्मंमत सम्भार शुल्क तथा होस्टिङ वापत लिएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,९०० |

६३ **कार्यक्रम सञ्चालन**

अर्थ मन्त्रायलयको कार्यसञ्चालन निर्देशिकाको अनुसुचि ११ मा कार्यक्रम संचानलन गर्दा नगरपालिकाका आन्तरिक प्रशिक्षकले प्रति सेसन कार्यपत्र वापत रु. ८०० मात्र पाउने उल्लेख छ । पालिकाले विभिन्न कार्यक्रम सञ्चालन गर्दा कार्यपत्र, कार्यक्रममा प्रशिक्षण/ अन्तरकृयाका विषय तथा कार्यसुचि लगाएतका प्रमाण कागजात पेश नगरी प्रशिक्षकलाई रु. ८०० का दरले सहजकर्ता भत्ता प्रदान गरेको छ । पालिकाले आगामी दिनमा कार्यक्रम सञ्चालन गर्दा कार्यविधि बमोजिम मितब्ययी तवरले कार्यपत्र तयार गरि कार्यविधि बमोजिम प्रशिक्षक भत्ता र सहभागि भत्ता वितरण गर्नुपर्छ ।

| गो. भौं. नं./ मिति | कार्यक्रमकोनाम | कार्यक्रमखर्च | भुक्तानीपाउने | प्रशिक्षकसंख्या | दर | जम्मादिन | बढीभुक्तानी जम्मा |
|---|---|---|---|---|---|---|---|
| ११९/ २०८१/ ११/ ११ | क्षयरोगकार्यक्रमको अर्धवार्षिक समिक्षा | ४११४९ | ठगराजपौडेल | ३२ | ७०० | | २२४०० |
| १२५/ २०८१/ ११/ २२ | क्षयरोगकार्यक्रमको लागि युवा परिचालन | १३७४५० | भक्तिरामपाण्डे | ११ | ६०० | २ | १३२०० |
| १६७/ २०८१/ १२/ २६ | क्षयरोग मुक्त अभियान कार्यक्रममा नागरिक समाज संगठन | १३७४५० | भक्तिरामपाण्डे | ११ | ६०० | २ | १३२०० |
| १७९/ २०८२/ १/ ११ | पूर्णखोप वडा सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम | ५९९०० | भक्तिरामपाण्डे | ११ | ७०० | १ | ७७०० |
| १९४/ २०८२/ १/ २३ | क्षयरोगकाबिरामीसंग अन्तरकृया कार्यक्रम | १०३९५० | द्रोणप्रसाद बेल्बासे | ११ | ६०० | २ | १३२०० |
| २०२/ २०८२/ १/ २५ | क्षयरोग मुक्त अभियान निरन्तरताका लागि विभिन्न कार्यक्रम | १२३९०२ | जिवन खनाल | २० | ७०० | २ | २८००० |
| २०९/ २०८२/ २/ २६ | सुनौलो हजार दिनका आमाहरुलाई पोषण विशेष अभिमुखिकरण तथा लेखाजोखा | १३०८०० | ठगराजपौडेल | १२ | ७०० | २ | १६८०० |
| २१२/ २०८२/ २/ २६ | क्षयरोगसम्बन्धी अभिमुखिकरण कार्यक्रम | १२७००० | हिमलालघिमिरे | १० | ७०० | २ | १४००० |
| २१६/ ०८२/ २/ २७ | क्षयरोग मुक्त अभियानका लागि निरन्तरता कार्यक्रम (वडा नं. ९) | ८९६०० | ठगराजपौडेल | ९ | ७०० | १ | ६३०० |
| २२०/ ०८२/ २/ २७ | क्षयरोग मुक्त अभियानका लागि निरन्तरता कार्यक्रम(वडा नं. १ र २) | १९५४०० | ठगराजपौडेल | १८ | ७०० | २ | २५२०० |
| २२४/०८२/ २/ २८ | किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा प्रमाणीकरणका लागि स्वास्थ्यव्यवस्थापन समिति र सरोकारवालालाई अभिमुखिकरण | ५७७०० | भक्तिरामपाण्डे | २० | ७०० | २ | २८००० |
| २५१/ २०८२/ ३/ ५ | क्षयरोग मुक्त अभियानका लागि निरन्तरता कार्यक्रम | १९०२८२ | भक्तिरामपाण्डे | ७ | ७०० | ३६ | २५२०० |
| गो.भौं. नं./ मिति | विवरण | कार्यक्रमखर्च | भुक्तानीपाउने | प्रशिक्षकसंख्या | | | २१३२०० |
| १३२/ २०८१/ ११/ २९ | प्रजननरुग्णता सम्बन्धी शिविर सञ्चालन | ८०८५० | ठगराजपौडेल | जागृतीखनाल | ५००० | १ | ५००० |
| १३२/ २०८१/ ११/ २९ | प्रजननरुग्णता सम्बन्धी शिविर सञ्चालन | | ठगराजपौडेल | सुदिपपौडेल | ३००० | १ | ३००० |
| १३२/ २०८१/ ११/ २९ | प्रजननरुग्णता सम्बन्धी शिविर सञ्चालन | | ठगराजपौडेल | तेजेन्द्रचौधरी | ३००० | १ | ३००० |
| १२०/ १०८१/ ११/ १८ | एकीकृतपाठ्यक्रमसम्बन्धी कस्टमाइज्ड तालिम (अनलाईनसमेत) | १९६६५० | खिम बहादुरजि. सी. | ३ | ८०० | ५ | १२००० |
| ९/ २०८१/ ६/ १३ | डेंगु सम्बन्धि अभिमुखिकरण | | | | ८०० | २१ | १२००० |
| २५१/ २०८२/ ३/ ५ | क्षयरोग मुक्त अभियान | | भक्तिराम पाण्डे | | ७०० | ३६ | २५२०० |
| **जम्मा** | | | | | | | **४८६६००** |

६४ **चिकित्सक प्रोत्साहन**

बाणगंगा नगरपालिकाको अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० को दफा १८ मा पिपरा अस्पताल अस्पतालको सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रभावकारी साथै गुणस्तरिय सेवा प्रदान गर्न व्यवस्थापन समितिले आवश्यक मापदण्ड बनाउन सक्ने उल्लेख छ। सोही कार्यविधिका आधारमा बनेको पिपरा अस्पतालमा कार्यरत कर्मचारीहरुको प्रोत्साहन तथा भत्ता सम्बन्धी मापदण्ड, २०८१ को दफा ८ को उपदफा २ मा विशेषज्ञ चिकित्सकलाई खाईपाई आएको तलव स्केलको १५०% देखि २५०% सम्म थप सुविधा, चिकित्सकहरुलाई खाईपाई आएको तलव स्केलको ५०% देखि १००% सम्म थप सुविधा र एनस्थेसिया, लेजिष्ट/एनेस्थेसिया सहायकलाई १००% देखि १५०% सम्म थप सुविधा उपलब्ध गराउन सकिने, उपदफा (३) मा यो सुविधा निर्धारण व्यवस्थापन

समितिले तोके बमोजिम हुने, साथै उपदफा (५) मा चिकित्सकलाई प्रोत्साहन सुविधा भुक्तानीका लागि कामकाज गरेको जनाउने विद्युतीय हाजिरी र चिकित्सकले प्रदान गरेको सेवाको अनुसूची-१ बमोजिमको प्रतिवेदन फारम विशेषज्ञ चिकित्सकको हकमा कार्यालय प्रमुखले र अन्य चिकित्सक तथा कर्मचारीको हकमा मेडिकल सुपरिटेन्डेन्टले प्रमाणित गरेको हुनुपर्ने उल्लेख छ । साथै अस्पताल उक्त चिकित्सकसंग गरेको सम्झौताको बुँदा नं. ३ मा करारमा काम गरेवापत मासिक तलबका अतिरिक्त चाडपर्व र पोशाक खर्च उपलब्ध गाराउने तथा बुँदा नं. ५ मा आवश्यक परेको खण्डमा विदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्ने उल्लेख छ । नेपाल सरकारबाट छात्रवृत्ती प्राप्त चिकित्सक तथा स्वास्थ्य कर्मी परिचालन निर्देशिका, २०७१ दफा १३(३) मा उक्त चिकित्सकहरुको सुविधा अनुसुचि ३ बमोजिम हुने उल्लेख छ तथा अनुसुचि ३ मा करारमा नियुक्त भएको चिकित्सा तथा स्वास्थ्यकर्मीले पाउने तलव स्केल नेपाल सरकारको सम्बन्धित सेवा तथा समुहको शुरु स्केल वरावर हुनेछ । सो पदले पाउने स्थानीय भत्ता लगायत अन्य भत्ता पाउनेछ । अस्पताल व्यवस्थापन समितिले मिति २०८१/०६/१६ मा गरेको निर्णयमा पिपरा अस्पतालमा कार्यरत डाक्टर तथा एनेस्थेसिया कर्मचारीलाई कार्यालय समयको अतिरिक्त समयमा समेत काम गर्नुपर्ने तथा अपरेसनको समेत काम गर्नुपर्ने भएकोले निजहरुलाई मापदण्डको अधिनमा रही निम्नानुसारको सुविधा उपलब्ध गराउने निर्णय गरेको देखियो । यसरी कानुन विपरित स्पष्ट सूचक र विद्युतिय हाजिरी बेगर निम्नानुसारको कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध गराएको छ । अस्पतालले आगामी दिनमा यस्ता भत्ता प्रदान गर्दा कानुनबमोजिम गर्नुपर्दछ ।

| क्र स. | नाम | पद | थप सुविधा (प्रतिशत) | तलब स्केल | कुल भक्तानी रकम (रु) | खुद भुक्तानी रकम(रु) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | डा.सरस्वती भट्टराई | मे.सु. | २०० | ५२४१७ | १८७४२४६ | ११९२८२५ | छात्रवृत्ती करार |
| २ | डा. तेजेन्द्र चौधरी | मे.अ. | १०० | ४८७३७ | १२६४७२५ | ६३११४४ | |
| ३ | डा. गणेश क्षेत्री | मे.अ. | १०० | ४८७३७ | ५४१४८० | १५१५८४ | |
| ४ | डा. आदेश रायमाझी | मे.अ. | ५० | ४८७३७ | ९९९२१९ | ३६५६३८ | छात्रवृत्ती करार |
| ५ | डा. सुदिप पौडेल | मे.अ. | ७५ | ४८७३७ | ११५३३४१ | ५१९७६० | |
| ६ | राधा कोईराला | एनेस्थेसिया | १०० | ३४७३० | ८०५७३६ | ३५४२४६ | |
| ७ | जागृति खनाल | कन्सल्टेन्ट | २०० | ५२४१७ | | | |
| ८ | राजन सुवेदी | मे.अ. | ५० | ४८७३७ | | | छात्रवृत्ती करार |
| **जम्मा** | | | | | | **३२१५१९७** | |

## ६५ विभिन्न सेवामा आनुपातिक रुपमा प्रोत्साहन

अस्पतालले विभिन्न सेवा शुल्कलाई शतप्रतिशत मानि विभिन्न सेवामा आनुपातिक रुपमा ल्याब टेक्निसियन स्थायी कर्मचारि ले २५ प्रतिशत करार कर्मचारी ले ५ प्रतिशत जोखिम भत्ता प्रदान गर्ने निर्णय गरि जोखिम भत्ता प्रदान गरेको छ । पालिकाले आगामी दिनमा यस्ता प्रोत्साहन भत्ता उपलब्ध गराउँदा उक्त सेवा वापत लाग्ने लागत छुट्याई लागत बाहेको रकममा तोकिएको सेवाको गुणस्तर समेतलाई ध्यान दिई दोहोरो नपर्ने गरि कार्यविधि तयार गरि सुचक निर्धारण गरेर उपलब्ध गराउनुपर्दछ ।

## ६६ अतिरिक्त भत्ता

बाणगङ्गा नगरपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि, २०७९ को दफा ५ (च) मा कार्यालयले कुनै कर्मचारीलाई निजको कार्यविवरण बाहेक थप कुनै जिम्मेवारी दिइ थप जिम्मेवारीको रुपमा पारिश्रमिक समेत तोकेमा प्रोत्साहन भत्ता उपलब्ध नहुने उल्लेख छ । निम्नानुसारका कर्मचारीले नियमित रुपमा प्रोत्साहन भत्ता प्रदान गर्दै आइरहेको अवस्थामा अस्पताल निम्नानुसारका कर्मचारीलाई विभिन्न भत्ता वापत भत्ता भुक्तानी गरेको छ । पालिकाले आगामी दिनमा यस्ता भत्ता प्रदान गर्दा कार्यविधि बमोजिम एकिकृत रुपमा कर्मचारीले गरेको कार्य समय तथा उपलब्धि समेतलाई आधार लिई तय गरेको सुचकका आधारमा निर्धारण गरि भुक्तानी दिनुपर्छ ।

| कर्मचारी/ चिकित्सकको नाम | प्रोत्साहन भत्ताको प्रकार | मासिक भुक्तानी रकम (रु.) | कुल भुक्तानी (रु.) |
|---|---|---|---|
| डा. सरस्वति भट्टराई | मे.सु. भत्ता | १०००० | १२०००० |
| नरेन्द्र पोखेल | खाजा भत्ता | ५००० | ६०००० |
| | संचार भत्ता | १००० | १२००० |
| **जम्मा** | | | **१९२०००** |

६७ **औषधी खरिद**

पालिकाले विभिन्न सप्लायर्ससंग गरेको सम्झौतामा खरिद गरिने औषधीको म्यान न्यूनतम १८ महिना बाँकी हुनुपर्ने वा ७० प्रतिशत अवधि बाँकी रहेको हुनुपर्ने उल्लेख छ । पालिकाले खरिद गरेको औषधीमा तोकिएको समयभन्दा कम अवधि राखि भएको औषधिको प्राप्तिमा भुक्तानी गरेको देखियो । जसका केही उदाहरणहरु निम्नानुसार छन् । पालिकाले आगामी दिनमा औषधी खरिद गर्दा कानुनबमोजिम म्याद कायम रहेका औषधी तोकिएको गुणस्तर बमोजिम भए नभएको एकिन गरि खरिद गर्नुपर्दछ ।

| **ठेक्का नं.** | **सप्लायर्सको नाम** | **औषधिको नाम** | **खरिद बिल मिति** | **म्याद सकिने मिति** | **मुल्य** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| 37/NCB/BMO/KAPIL/GOODS/81-82 | समुन्द्र मेडिको फर्मा | Gabapentin 100 mg | 4/30/2025 | 2026-08 | ३ | ५७२० |
| 37/NCB/BMO/KAPIL/GOODS/81-82 | समुन्द्र मेडिको फर्मा | Aspirin 75mg | 6/23/2025 | 2026-11 | १ | ७४२ |
| 37/NCB/BMO/KAPIL/GOODS/81-82 | समुन्द्र मेडिको फर्मा | Formentral 6 Budesinide 200 mcg | 5/23/2025 | 2026-07 | १७६ | ८८०० |
| 37/NCB/BMO/KAPIL/GOODS/81-82 | मेडिहेवन ड्रग डिस्ट्रिब्युटर्स | Limipride 3 mg | 5/4/2025 | 2025-10 | ११ | ३३०० |
| 37/NCB/BMO/KAPIL/GOODS/81-82 | मेडिहेवन ड्रग डिस्ट्रिब्युटर्स | Calbone Suspension | 6/17/2025 | 2026/06 | ५२ | १०३४ |
| 37/NCB/BMO/KAPIL/GOODS/81-83 | समुन्द्र मेडिको फर्मा | METFORMIN 500MG | 5/30/2025 | 2026/09 | १ | ३६५० |
| 37/NCB/BMO/KAPIL/GOODS/81-85 | समुन्द्र मेडिको फर्मा | AFUZOSIN HYDROCHLORIDE 10MG | 5/30/2025 | 2026/10 | ५ | ८२२० |
| 37/NCB/BMO/KAPIL/GOODS/81-86 | समुन्द्र मेडिको फर्मा | FORMETRAL 6 BUDESINIDE 200MG | 5/30/2025 | 2026/12 | १७६ | ८८०० |
| 37/NCB/BMO/KAPIL/GOODS/81-87 | समुन्द्र मेडिको फर्मा | FORMETRAL 6 BUDESINIDE | 5/30/2025 | 2026/07 | २१४ | १०२७२० |
| 37/NCB/BMO/KAPIL/GOODS/81-90 | समुन्द्र मेडिको फर्मा | PANTOPRAZOLE 40MG | 5/30/2025 | 2026/08 | १ | ३४२०० |
| 37/NCB/BMO/KAPIL/GOODS/81-92 | समुन्द्र मेडिको फर्मा | EMPAGLIFLOZIN 10MG TAB | 5/30/2025 | 2026/12 | ८ | ३८९०० |
| 37/NCB/BMO/KAPIL/GOODS/81-93 | समुन्द्र मेडिको फर्मा | LEVETIRACETAM 500MG TAB | 5/30/2025 | 2026/10 | ७ | ३३७०० |
| 37/NCB/BMO/KAPIL/GOODS/81-94 | समुन्द्र मेडिको फर्मा | SILODOSIN 8 MG CAP. | 5/30/2025 | 2026/10 | ९ | ९२०० |
| **जम्मा** | | | | | | २२००८६ |

६८ **एम्बुलेन्स सञ्चालन**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **५५,३३९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६९ **बीमा**

पालिकाले यस वर्ष विभिन्न सेवा वापत सेवाग्राहीको कुल रु. २०४०२००७ को बीमा वापत भुक्तानी दिई बिमा संस्थानमा भुक्तानीका लागि माग गरेकोमा रु. ५९००४६४ मात्र भुक्तानी भई भुक्तानी लिन बाँकी रु. १५९६५१८८ प्रकृया पुर्याई सोधभर्ना लिनुपर्दछ ।

७० **राजश्व(अस्पताल तर्फ)**

**अस्पतालको राजश्व संकलन**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम २८(२) मा सार्वजनिक नगद जिम्मा लिने व्यक्तिले जिम्ममा आएको सरकारी नगद सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने र सो दाखिला नभएमा तालुक कार्यालयले १० दिनसम्म ढिला गरेको भए दाखिला गर्न बाँकी रकम र १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार अस्पतालमा यस वर्ष रु. ६४६७०१० राजश्व संकलन भएकोमा उक्त राजश्व १५ दिन भन्दा अधि दाखिला गरेको देखिएन । छलफलका क्रममा १५ दिनमा दाखिला गर्ने गरेको र वर्षान्तमा हिसाब एकिन नभएका कारण छुट हुन गएको जनाएको छ । राजश्व ढिला दाखिला भएको सम्बन्धमा सम्बन्धित निकायबाट एकिन गरि सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

७१ **प्रोत्साहन भत्ता**

स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शन २०८१।८२ को बुदा नं १.५ CEONC सेवा स्थापना तथा संचालन गर्नको लागि संघबाट विनियोजित बजेटबाट कार्यसंचालन निर्देशिका २०८१।८२ अनुसार CEONC सेवाको निरन्तरता र विस्तार गर्नका लागी चाहिने जनशक्ति नियुक्त गर्न, पारिश्रमिक दिन र सेवा अनुसार प्रोत्साहन रकममा खर्च गर्नु पर्नेछ । त्यस बाहेक अन्य शिर्षकमा खर्च गर्न पाईने छैन र रकम अभाव भएको अवस्थमा स्थानीय तहबाट रकम विनियोजन गरि सेवा सूचारु गर्न सकिने र अस्पताल विकास समितिबाट समेत जनशक्ति व्यवस्थापन गर्न सकिने गरि कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस वजेटबाट १ जना चिकित्सक जागृति खनाल लाई २०० प्रतिशत भत्ता र स्टाफ नर्स राधा कोइरालाई १०० प्रतिशत भत्ता यस कार्यक्रमबाट व्यवस्था भएको हुदा कार्यक्रमको मूख्य उद्देश्य जनशक्ति व्यवस्था र प्रोत्साहन भत्तामा कार्यसंचालन निर्देशिका अनुसार खाजा खर्च वा विदाको दिन कार्य गरेबापत को भत्तामात्र भुक्तानी गर्नुपर्नेमा कार्यविधि विपरित प्रोत्साहन भत्ता दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

७२ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (१क) अनुसार सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार ५० लाखसम्म लागत अनुमान भएको औषधी खरिद गर्दा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै नियमावलीको निमय १० अनुसार सार्वजनिक निकायले बार्षिक १० लाख भन्दा बढीको खरिद कार्य गर्न खरिद योजना तयार गरी सोहि अनुसारको खरिद कार्य गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले १ पटक सिल कोशेसन र अर्को पटक मूल्यसुचि माग गरी निम्नानुसारको औषधि खरिद गरी रकम भुक्तानी गरेको छ।

| गा भौ नं र मिति | सप्लायर्सको नाम | सप्लाई गरेको आइटम | भुक्तानी रकम | खरिदको माध्यम |
|---|---|---|---|---|
| १२४।०८१।११।२२ | चिराग फार्मेसी प्रा ली | ५३ आइटम | १५६१००० | ठेक्का आव्हान नं ३४ |
| १६२।०८१।११।२२ | चिराग फार्मेसी प्रा लीज | ५३ आइटम | २७४५४३० | ठेक्का आव्हान नं ३४ |
| ५४९।०८२।३।२३ | चुन चुन फार्मेसी | ९ आइटम | ७८८९०० | ढेक्का आव्हान नं ११८ |

नगरपालिकाकालाई आवश्यक पर्ने औषधि खरिद र अन्य सरकार तथा निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति गर्ने तथा आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि-शुल्क वितरणको छाप लगाउनु पर्नेमा खरिद गरेको औषधीको नमूना परीक्षण गर्दा औषधीको निर्माण गर्दाको बखत नै Institutional Supply उल्लेख गरेको, निर्माण मिति समाप्त हुने मिति सबै एउटै छपाई गरेको देखिएकोले आपूर्तिकर्ताले औषधि कम्पनिले बाह्य बिक्रि र संस्थागत आपूर्तिको लागि फरक फरक औषधि उत्पादन गरेको भण्डार दाखिला समयदेखि कम्तीमा ७५ प्रतिशत वा १८ महिना बाँकी हुनुपर्नेमा नमूनागत छनौट गर्दा आपूर्ति गरी औषधि दाखिला गर्दाको बखत उक्त औषधिको बाँकी म्याद औषधिको कुल अवधिको ७५% नरहेकोले आदि कमिकमजोरी देखिएकोले आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ।

७३ **बहुक्षेत्रिय पोषण कार्यक्रम**

सार्वजनिक खरिद नियवमली २०६४ को नियम १२३ अनुसार २५ हजार भन्दा माथीको भुक्तानी गर्दा सम्वन्धित व्यक्तिको खातामा विद्युतिय माध्यमबाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत पोषणमैत्री वडा निर्माणको लागि पोषण तथा खाध्यसुरक्षा सहजिकरण समितिको अभिमुखिकरण कार्यक्रमको गो भौ नं ३२७।०८२।२।२९ बाट सर्मिला रानाको नाममा रु. १ लाख ६९ हजार ७१० भुक्तानी गरेको छ । यसरी भुक्तानी गर्दा सम्पूर्ण रकम कार्यक्रम सञ्चालन गर्ने व्यक्तिलाई भएको भुक्तानी नियमसम्मत नभएको हुदा सम्वन्धित व्यक्तिको नाममा भुक्तानी गर्नुपर्दछ।

७४ **स्वयम् सेविका**

७४.१ महिला स्वंयसेविका खर्च- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ अनुसार सरकारी रकम खर्च गर्दा दोहोरो पर्ने गरी खर्च गर्न नहुने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष ११२ जना महिला स्वयंसेविकालाई नेपाल सरकारबाट महिनाको २ पटक स्वास्थ्य चौकिमा रिपोर्टिङ्ग गर्ने कार्यको लागि मासिक रु १००० का दरले भुक्तानी भइरहेको अवस्थामा पालिकाले सोहि कार्यक्रमसँग दोहोरोपना हुने गरी वर्षान्तमा ११२ जना मध्ये रु ७००० कम हुने गरी गो भौ नं ३७८।०८२।३।५ बाट १२ महिनाको लागि प्रति महिना रु १००० का दरले रु १३ लाख ३७ हजार भुक्तानी भएकोमा पालिकाले कानून अनुसार दोहोरो खर्च हुने गरी खर्च लेख्ने कार्यमा सुधार गर्नुपर्दछ।

७४.२ **महिला स्वयंसेविकाको विमा बापतको रकम भुक्तानी-** स्थानीय तहबाट संचालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु संचालत सम्वन्धी मार्गदर्शन २०८१ अनुसार महिला स्वयंसेविकालाई तोकिए अनुसारको सुविधा उपलव्ध गराउने व्यवस्था रहेको छ। कार्यालयले यस वर्ष महिला स्वयंसेविकाको स्वास्थ्य विमा कार्यक्रमको लागि रु २ लाख विनियोजन गरी विभिन्न वडाका महिला स्वयंसेविकाको विमा नविकरण गरेको भनी रु १ लाख ९९ हजार ९५० खर्च भएको छ। कार्यालयले संघले तोकेको भन्दा फरक कार्यक्रममा पालिकालाई आर्थिक व्ययभार हुने गरी भुक्तानी दिने कार्यमा सुधार गर्नुपर्दछ।

**संख्या यकिन-** पालिकाले यस वर्ष ११२ जना महिला स्वयंसेवक क्रियाशिल रहेको भनी नियमित रुपमा यातायात खर्च तथा पोशाक खर्च वितरण भइरहेको अवस्थामा लेखापरीक्षणको क्रममा परीक्षण गर्दा २५ जना विभिन्न कारण देखाई अनुपस्थित रहेको देखिएकोले पालिकाले संख्या यकिन गरेर मात्र सुविधा भुक्तानी गर्नुपर्दछ ।

७४.३ (गो भौ नं २९७।०८२।२।२६, २९९।०८२।२।२६ ,२९५।०८२।२।२६ -):

महिला स्वयम् सेविका अध्ययन अवलोकन भम्रण- पालिकाले यस वर्ष महिला संयम् सेविका अध्ययन अवलोकन भम्रणको लागि रु १५ लाख ५० हजार बजेट बिनियोजन गरी बिभिन्न ४ स्थानमा अवलोकन भम्रण गरेको भनी गो भौ नं ४५६।०८२।३।१५ बाट रु १ लाख १४ हजार, रु. ३ लाख ९८ हजार, रु २ लाख ६३ हजार, गो भौ नं २९८।०८२।२।२६ बाट २ लाख ६२ हजार, २ लाख ५८ हजार गरी रु १२ लाख ९५ हजार भुक्तानी गरेको देखियो। अध्ययन भ्रमणलाई ज्ञानव्रदक बनाउनु पर्दछ।

७५ **संघ दरवन्दीमा करार कर्मचारी नियुक्त**

संघ दरवन्दीमा करार कर्मचारी नियुक्त- संघीय सरकार दरवन्दीमा रहेको अवस्थामा मात्र संघीय बजेटबाट स्थायी पदपूर्ति नहुने बेलासम्म करारमा नियुक्ति गर्न सकिने व्यवस्था रहेको छ। कार्यालयले पिपिरा अस्पतालमा २ जना स्थायी पदपूर्तिको लागि कुनै पत्राचार नगरिकनै करार दरवन्दीमा २ जनालाई मेडिकल अफिसरहरु तेजेन्द्र चौधरी र सुदिप पौडेललाई मासिक जनही रु. ४८७३७ का दरले १३ महिनाको तलव भत्ता र पोशाक खर्च गरी १२ लाख ८७ हजार १६२ खर्च लेखेको छ। नियममानुसार स्थायी पदपूर्तिको लागि पत्राचार गर्नुपर्दछ।

७६ **पोषण प्रोफाईल तयारी**

पालिकाले पोषण अवस्था सम्वन्धी बस्तुगत विवरण प्रोफाइल तयारी गरेको भनी गो भौ नं ५५३।०८२।३।२४ बाट शिरिष डिजाइनर्सलाई रु १ लाख ९९ हजार ६६० भुक्तानी भएकोमा प्रोफाइल तयारीको इन्सेप्सन रिपोर्ट तथा ड्राफ्ट रिपोट तयार गरी त्यसमा भएको छलफल नगरी अन्तिम प्रतिवेदन पेश भएको साथै रिपोर्ट कर्ताले कुन कुन अवधिमा कति डाटा संकलन भएको हो सो को यकिन गर्ने प्रतिवेदन पेश नगरिकनै रकम भुक्तानी गर्ने गरेको छ । पालिकाले आगामी दिनमा यस्ता कार्यको भुक्तानी गर्दा प्रतिवेदन संलग्न राखि भुक्तानी दिनुपर्दछ ।

७७ **नगरपालिका बृत्त चित्र निर्माण**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१९८,९९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७८ **प्रदेश विशेष आयोजना**

७८.१ कार्यविधि विपरित कार्यक्रम संचालन :

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१,६९५,१७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७८.२ **कुपोषण नियन्त्रण कार्यक्रम संचालन**- पाकार्यक्रम संचालन- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ अनुसार अधिकार प्राप्त अधिकारीले खर्च गर्दा अनावश्यक रुपमा दोहोरो पर्ने गरी खर्च गर्नु नहुने व्यवस्था छ। सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ मा सार्वजनिक निकायले रु.१ लाख भन्दा बढिको खरिद( निर्माण बाहेक) गर्दा लागत अनुमान तयार गरी खरिद कार्य गर्नुपर्ने उल्लेख छ । पालिकाले कुपोषण नियन्त्रण कार्यक्रम संचालन गर्नको लागि विनियोजन भएको बजेटबाट पोषण कर्नर निर्माण गरेको भनी शुभ फिनिसिङ्गलाई रु. २५२६०० र सर्मिला रानालाई लाई रु.४२३६८ गरी गो. भौ नं ७।०८२।३।१९ बाट रु. २९९०१३ भुक्तानी भएको देखियो।लिकाले प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम चालू अन्तर्गत कुपोषण नियन्त्रण कार्य संचालन गरेको भनी लक्ष्मी स्टोर्सको नाममा रु.२८७८६६ र सर्मिला रानालाई ५८८८ गरी गो भौ नं ९।०८२।३।१९ बाट रु २ लाख ९९ हजार भुक्तानी गरेको देखियो । पालिकाले स्थानीय तहबाट बजेट विनियोजन भएकोमा सोहि प्रकृतिको कार्यमा बजेट बिनियोजन गरी खर्च गरेको देखिएकोले दोहोरो पर्ने गरी खर्च गरेको तथा गर्ने ऐन व्यवस्था अनुसार लागत अनुमान तयारी नगरी विभिन्न वडामा पोषण कर्नरको दराज खरिद तथा व्यक्तिको नाममा भुक्तानी भएकोले खरिद कानुनको परिपालना गरी खरिद तथा खर्च गर्नुपर्दछ।

७८.३ स्तनपान कक्ष निर्माण गर्दा एल्मुनियन पार्टेशन गरेको अवस्थामा २ कोट पलाष्टिक पेन्ट भनी ५४.३६ वर्ग मिटर लाई प्रति वर्ग मि रु. २७० का दरले रु. १४ हजार ६७७ भुक्तानी असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,६७७ |

७९ **महिला समृद्धि नेपालको ट्रस निर्माण**

महिला समृद्धि नेपालको ट्रस निर्माण: स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय निकायले नाफामूलक संस्थालाई आर्थिक सहायता गर्ननुहेन व्यवस्था रहेको छ। कार्यालयले प्रदेश सरकारबाट विनियोजन भएको बजेटबाट महिना समृद्धि नेपाल नामक एन जि ओ को भवनको ट्रस निर्माण बापत गो भौ नं १५।०८२।३।१९ बाट रु ८ ५७२५३ भुक्तानी दिने कार्य नियमसम्मत नभएको हुद यस कार्यमा सुधार गर्नुपर्दछ।

८० **दिगो बन व्यवस्था तथा वृक्षारोषण कार्यक्रम**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८१ **प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम**

प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत कोशेली घर स्थापना/सुधार(वडा नं १) मा विनियोजित बजेटबाट रु ३३३९८३७.६१ को लागत अनुमान तयार गरि सिनर्जि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको कोशेली घर निर्माण गरेको भनी गो भौ नं ३।०८२।१। २४ बाट रु. १९१३२४१ भुक्तानी भएको गरेको छ । लुम्बिनी प्रदेश द्धारा जारी गरिएको कोशेली भवन स्थापना संचालन विधि, २०७७ को बुदा नं ९ अनुसार छनौट भई सम्झौता भएका साझेदार संस्थालाई प्रदान गरिने अनुदानको खर्च अनुदान भुक्तानी गर्दा कुल लागत अनुमानको ५० प्रतिशत रकम कार्यालयले उपलव्ध गराउने र बाँकी ५० प्रतिशत रकम समिति वा समुहले व्यहोर्ने र भौतिक पूर्वाधार तर्फ व्यवस्थापन कक्ष, डिप्ले रुम, पार्किङ्ग स्थल, शौचालय, भण्डार कक्ष आदिको पूर्वाधार निर्माणमा कुल लागत रकमको ७० प्रतिशत र औजार तथा उपकरण सामग्रीहरु तर्फ र्याक, पार्टिसन, दराज, रेफ्रिजिरेटर तथा अन्य आवश्यक पूँजिगत सामग्री आदिको खरिद तथा जडानमा ३० प्रतिशत अनुदान उपलव्ध गराउने सकिने व्यवस्था रहेको छ । त्यस्तै स्थानीय तहमा वित्तीय हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि को बुदा नं ५(१०) अनुसार समूह/सहकारीको हकमा भौतिक पूर्वाधार निर्माण कार्य तर्फ अधिकतम ७५ प्रतिशत अनुदान रकम र उपकरण सामग्रीहरु खरिदमा अधिकतम ५० प्रतिशत अनुदान रकम उपलब्ध गराई भौतिक पूर्वाधारमा अन्तर्गत डिस्प्ले कक्ष, कार्यालय कोठा, गोदाम घर लगायतका क्रियाकलाप सञ्चालन गर्न सकिने र उपकरण सामग्रीहरु अन्तर्गत न्याक, पार्टिसन, दराज, रेफ्रिजिरेटर खरिद जस्ता क्रियाकलापहरु सञ्चालन गर्न सकिने गरी आपसमा बाँझिने गरी कानूनी व्यवस्थापन गरी कार्यादेश अनुसार लागत अनुमान रु ३३३९८३७.६१ तयार गरि अनुदान वितरण गरेको छ । अनुदान वितरणको कार्यविधि तयार गर्दा गत विगतका कानूनी व्यवस्था र अन्य असल अभ्यास समेतलाई ख्याल गर्नुपर्दछ।

८२ **सहकारी संस्थाको भवन निर्माण**

प्रदेश सरकारबाट नाफामूलक सहकारी भवन निर्माणको लागि लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेकोमा रु.२९ लाख ८८ हजार ०५७ कवोल गर्ने सगरमाथा निर्माण सेवालाई मिति २०८२।२।३० सम्म निर्माण सम्पन्न गर्ने गरी मिति २०८१।११।२७ मा सम्झौता गरी कार्यादेश दिएकोमा खुद रु २९ लाख ८३ हजार ६२९ कार्यसम्पन्न गरेको आधारमा गो भौ नं १२।०८२।०३।०२ बाट रु २० लाख ८३ हजार ६२९ भुक्तानी भएकोमा सार्वजनिक निकायले नाफामूलक संस्थालाई अनुदानप्रदान गर्नु नहुने व्यवस्था विपरित प्रदेश सरकारले नाफामूलक संस्थालाई सिधै नाम तोकी अनुदान प्रदान गरेको कार्य नियमसम्मत नभएको हुदा यस कार्यमा सुधार गर्नुपर्दछ।

८३ **दुग्ध संकलन केन्द्र स्थापना/सुधार (वडा नं ५)**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **५०१,१८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

८४ **गजेडहा लांघाली टोलको सडक स्तरोउन्नती** (५७।०८२।३।८-):

खरिद नियमावली , २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई रनिङ्ग विल भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले गजेडहा लांघाली टोलको सडक स्तरोउन्नती कार्यको लागि रु १० लाख को लागत अनुमान तयार रु ३ लाखको लागत साझेदारी हुने गरी गजेहडा लांघाली टोलको सडक स्तरोन्नति समितिसँग मिति २०८१।११।२० मा निर्माण सम्पन्न गर्ने गरी मिति २०८१।१०।५ सम्झौता गरी रु ९५४४०९ को कार्य भएको आधारमा रु. ९८१९९७ भुक्तानी गरेको देखियो । पालिकाले देहाय अनुसार फरक दरमा भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम यकिन गरी असुल गर्नु पर्ने रु.

| क्र.सं. | विवरण | परिमाण | दर | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | फरक दरमा ढुङ्गाको बढी भुक्तानी | ३३.३८ | ९४९ | ३१६७८ | सोलिङ्ग भएको प्रति घ मी रु २७६७ का दरले भुक्तानी भएकोमा पालिकाले नै भवनको नर्म्समा प्रति घ मी रु १८१८ का दरले भुक्तानी गरेकोले प्रति घन मिटर रु.९४९ ले बढी |
| २ | ढुङ्गाको बढी भुक्तानी | २५५१ घ.फि. | १८ | ४५९१८ | पालिकाले प्रति घ फि ढुङ्गाको ३५ का दरले भुक्तानी गरेकोमा बिजक रु.१७ को मात्र पेश गरेको ढुवानी लगायत अन्य खर्च समेत नरेहको |
| | जम्मा | | | ७७५९६ | |

| असुल गर्नुपर्ने | ७७,५९६ |
|---|---|

८५ **विद्युत प्राधिकरण मार्फत पोल जडान**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले रकम खर्च गर्दा उपयुक्त प्रमाण कागजात पेश गरी त्यसको औचित्यको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले विद्युत प्रधिकरणलाई ग्रमिण विद्युतीकरणवापत निम्नानुसारको रकम भुक्तानी गरेकोमा उक्त भुक्तानीका सम्बन्धमा बिल भरपाई पेश नगरेकोले आगामी दिनमा विद्युत प्राधिकरण मार्फत गर्ने कार्यमा कानुन बमोजिम बिल भरपाई पेश गर्नुपर्छ।

| गो. भौ. नं./ मिति | विवरण | भुक्तानी रकम (रु.) |
|---|---|---|
| २०१/ २०८२/ ०३/ १५ | वडा नं. १ को वडा कार्यालय सम्म | १००२३४.९८ |
| ४९/ २०८१/ ११/ १९ | वडा नं. ३ मा विद्युत जडानबापत | १७८२००.९० |
| जम्मा | | २७८४३५.८८ |

८६ **बढी भुक्तानी**

खरिद नियमावली २०६४ को नियम १२३(१ ख) अनुसार खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताव मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्नेमा पालिकाले गंगोलिया दुर्गा बहादुर रानाको घर देखि उत्तरको मुल कुलो वडा नं. ३ उ. स. लाई नालिको लागि जग खन्ने कार्य नगरि नालीको बेडमा १:२:४ को पि. सी. सी. गर्ने कार्य गरि २६ मी. लम्बाई १.५ मी. चौडाई र ०.०५ मी उचाई गरि १.९५ घ. मी. तथा २.५ मी लम्बाई ०.२० मी. चौडाई र ०.५ मी उचाई गरि ०.२५ घ. मी. गरि जम्मा २.२ घ. मी. को रु. ८६०५.४ का दरले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १८,९३२ |
|---|---|

८७ **बढी भुक्तानी** (२८५/२०८२/३/२४-):

पालिकाले ठेक्का नं. ९५ २०८१/०८२, शिब ज्योति कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. बाट गराएको अहिरौली गाउँदेखि पटना सडक स्तरोन्नतिको कार्य गर्दा प्लम कंक्रिट प्लम कंक्रिट वालको बेडमा १२.५ घन मी. को एम १० को पि. सी. सी. को दोहोरो कार्य गरि बढी भुक्तानी गरेको प्रतिघनमीटर रु. ५०० का दरले बढी भुक्तानी गरेको रु. ६२५० असुल गर्नुपर्ने रु.

पोण्ड वालमा प्लम कंकृटको काम नभएको अवस्थामा औचित्य बेगर पोण्ड वालको बेडमा लम्बाई ३२.५ मी. चौडाई १.५ मी. र उचाई १ मी. गरि ४८.७५ घ. मी. खन्ने कार्यवापत रु. १०० का दरले रु. ४८७५, ३२.५ मी. लम्बाई १.५ मी. चौडाई र ०.१ मी. उचाई गरि ४.८८ घ. मी. मा स्टोन सोलिङको रु. ३००० का दरले रु. १४६४० तथा ३२.५ मी. लम्बाई १.५ मी. चौडाई र ०.०८ मी. उचाई गरि ३.९० घ. मी. एम १० को पि. सी. सी. को कार्य वापत रु. ७५०० का दरले रु. २९२५० को कार्य गरेको देखिएकाले रु. ४८७६५ को उक्त कार्य भएको पुष्टि गर्ने प्रमाण गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५५,०१५ |

८८ **कम बिलपेश**

सार्वजनिक खरिद नियमावलीको नियम ९७ मा उपभोक्ता समितिलाई भुक्तानी गर्दा उपभोक्ता समितिले पेश गरेको बिजकका आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न उपभोक्ता समितिबाट कार्य गराउँदा लागत अनुमानमा भएको परिमाण भन्दा कम परिमाण र दरमा बिल पेश गरि भुक्तानी लिएको पाईयो । यसरी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| गो. भौ. नं./मिति | उपभोक्ता समितिको नाम | विवरण | बिल पेश रु. | बिल पेश गर्नुपर्ने रु. | कम बिल पेश दर रु. | बिल पेश गर्नुपर्ने परिमाण घ. मी. | बिल पेश परिमाण घ. मी./ के.जी. | भ्याट भुक्तानी रु. | भ्याट | भ्याट रकम रु. | परिमाण | जम्म |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २१४/२०८२/३/१७ | जयपुर भेलरैया सामुदायिक भवन निर्माण उ. स. | डण्डी | ८८ | ९५ | ८ | ३१७४ | २६४७ | ६५०८ | ०.९१ | २८८८.३४ | | ९३ |
| २१४/२०८२/३/१७ | जयपुर भेलरैया सामुदायिक भवन निर्माण उ. स. | इट्टा | ११ | १४.६ | ३.५६ | ४१.०९ | | २८३१ | ०.४६ | १०१७४.५१ | २२००० | १३ |
| २१४/२०८२/३/१७ | मुक्ति गैरेको घर हुँदै मेलिनाको घर सम्म बाटो स्तरोन्ति | ग्राभेल | ५५०० | ५५०० | | ३२.९४ | १६.९५ | ५९३९ | ०. | | | ५९ |
| २७४/२०८२/३/२३ | हथौसा ओमप्रकासको घरदेखि चौकसम्म आर सि सि ढलान | डण्डी | ८७ | ९५ | ८ | २२३३ | २०३० | २५०७ | १.०४ | २३२२.३ | | ४८ |
| जम्मा | | | | | | | | | | | | ३३ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१३,०३४.५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **२,६०५.३९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,१७०.७७ |

८९ **लागत अनुमान भन्दा बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९७ मा उपभोक्ता समितिलाई भुक्तानी गर्दा उपभोक्ता समितिले पेश गरेको बिजकका आधारमा भुक्तानी गर्ने उल्लेख छ । पालिकाले विभिन्न उपभोक्ता समितिलाई लागत अनुमान भन्दा बढी परिमाणमा कार्य गराई भुक्तानी गरेको छ । जसका केही उदाहरणहरु निम्नानुसार छन् । पालिकाले आगामी दिनमा उपभोक्ता समितिबाट निर्माण कार्य गर्दा कानुनबमोजिम गर्नुपर्दछ ।

| | दिनुपर्ने | | | | | | दिएको | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उ.स.को नाम | आइटम | | लम्बाईदिनुपर्ने | चौडाई | उचाई | परिमाण | लम्बाई | चौडाई | उचाई | परिमाण | बढी परिमाण | दर | बढीभुक्तानी |
| विभिन्न ठाउँमाबाटो स्तरउन्नती तथा ग्राभल उ. स. | | | | | | | | | | | | | |
| नौगाईयाट्रान्सफर देखि छपिया जाने बाटो ग्रावेल उ.स. | नदिकोग्राभेल संकलन ढुवानी गरि बिछ्याउने,पानी राखेर मेशिनले कम्प्याक्सन गर्नेसम्पूर्ण काम | वास्तविक कार्यसम्पन्न ४५८ मी | ४५८ | ४ | ०.१ | १८३.२ | ४५८ | ४.६७ | ०.१ | २१३.८९ | ३०.६९ | १७३०.८५ | ५३११२.८६ |
| लक्ष्मणघाट टोलमापक्की कुलो निर्माण उ.स. | | लागतअनुमानमा नरहेको | कल्भर्टनिर्माण | | | | | | | | | | |
| जगखन्ने कार्य कल्भर्ट १ बिजुलीको घरदेखि दक्षिण पट्टीको सानो कुलो | | | | | | | ४.८५ | १.६ | १ | ७.७६ | ७.७६ | ५७.९ | ४४९.३ |
| जगखन्ने कार्य कल्भर्ट २ लक्ष्मणघाट गन्धर्व टोल | | | | | | | २४.४ | १.२ | १ | २९.२८ | २९.२८ | ५७.९ | १६९५.३१ |
| ढुङ्गाकोसोलिङ गर्ने काम कल्भर्ट १ बिजुलीको घरदेखि दक्षिण पट्टीको सानो कुलो | | | | | | | ४.८५ | १.६ | ०.१५ | १.१६ | १.१६ | २७६३.३ | ३२१६.४८ |
| ढुङ्गाकोसोलिङ गर्ने काम कल्भर्ट २ लक्ष्मणघाट गन्धर्व टोल | | | | | | | २४.४ | १.२ | ०.१५ | ४.३९ | ४.३९ | २७६३.३ | १२१३६.४१ |
| १२४को पि.सी.सी. कल्भर्ट १ बिजुलीको घरदेखि दक्षिण पट्टीको सानो कुलो | | | | | | | ४.८५ | १.६ | ०.१ | ०.७८ | ०.७८ | ८०४६.३ | ६२४३.९३ |
| १२४को पि.सी.सी. कल्भर्ट २ लक्ष्मणघाट गन्धर्व टोल | | | | | | | २४.४ | १.२ | ०.१ | २.९३ | २.९३ | ८०४६.३ | २३५५९.५७ |
| प्लमकङ्क्रिट गर्ने कार्य एम १५ | | | | | | | ४.८५ | ०.३ | ०.२६ | ०.३८ | ०.३८ | ७६१९.८ | २८८२.५७ |
| प्लमकङ्क्रिट गर्ने कार्य एम १५ | | | | | | | २४.४ | ०.३ | ०.६ | ४.३९ | ४.३९ | ७६१९.८ | ३३४६६.१६ |
| **जम्मा** | | | | | | | | | | | | | **८३६४९.७४** |
| छडकोकाम (प्लम कंक्रिटमा छडको काम नहुने) | | | | | | | | | | | २९५.०६ | १२८.६ | ३७९४४.७२ |
| **जम्मा** | | | | | | | | | | | | | **१२१५९४** |

९० **विशेष अनुदान बापत रकम भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **४,६४८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

९१ **रकम रोक्का राख्न पत्राचार गरी पुन- रकम भुक्तानी-**

पालिकाले संघीय सशर्त बजेट अन्तर्ग स्थानीय साझेदारी भवन निर्माण कार्यको लागि ठेक्का नं ५२/०८१।८२ को कामता मा वि, शान्ति निमा वि र बाल मा वि को अन्तिम विल बापतको रु २३ लाख ७२ हजार ६०४ को दिर्धायू कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा ली भुक्तानी दिनको लागि निवेदन पेश गरेकोमा कार्यालयले मिति २०८२।३।१ मा बैंकलाई रकम रोक्काको लागि पत्राचार गरेकोमा पछि गो भौ नं २७।०८२।३।९ बाट रु २३ लाख ७२ हजार ६०४ भुक्तानी भएकोमा १ गते रोक्का राख्ने र ९ गते भुक्तानी दिने कार्य भएकोले

उक्त कार्यको बजेट रोक्का राख्ने र भुक्तानीको लागि सिफारिस गर्ने कार्य भएको देखिएकोले उक्त निर्मित कार्य कार्ययोजना तथा तोकिएको मापदण्ड अनुसार भए नभएको यकिन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

## ९२ पुरानो वडा कार्यालय र पत्रकार भवनमा आल्मुनियम पार्टेशन तथा फर्निसिङ्ग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने उल्लेख छ । पालिकाले यस वर्ष पुरानो वडा कार्यालय र पत्राकार भवनमा आल्मुनियम पार्टेशन तथा फर्निसिङ्ग गरेको भनी निर्माण उपभोक्ता समितिलाई रु. ११ लाख २८ हजार ३२३ भुक्तानी भएको देखियो। पत्रकार भवनको भुइ तथा तथा प्रथम तला को आल्मुनिय पार्टेशन र सालकाठको चौखट वनाई ६ एम एम प्लाइबाट टेवल बनाउने क्रमस: १०५.५७ बर्ग मि को प्रति रु ५१०६.७ का दरले रु ५३९११४.३२ र २१.१८ वर्ग मि को प्रति ७०५९.२४ गरी ६८८६२९ गरी १२२७७४३.३२ वडा कार्यालयको पार्टेशन तथा सालको टेवल तयार गरेको भनी ५१९७४८.८६ गरी लागत अनुमान बरावर रु १२०८३७७.८८ कार्यसम्पन्न भएको भुक्तानी भएको कार्य भएको प्रमाण पेश गर्नुपर्दछ । यस कार्यको कार्यको लागि एल्मुनियम पार्टेशन र टेवन बनाउने कार्यको लागि मिसन फर्निचर तथा स मिल उद्योग को १० पिस अफिस टेवल तयार गरेको भनी रु १५२५५० र एल्मुनियम पार्टेशनको सामान तथा जडान बापत रु. ९७१३४५ गरी रु.११ लाख २३ हजार ८९५ बिजक पेश गरेकोमा रु.१२५३५१० भुक्तानी भएकोमा बढी भुक्तानी भएको रु १२९६१५ को मूल्य अभिवृद्धि कर रु.१६८५० असुल गरी दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १६,८५० |
|---|---|

## ९३ ब्रहमाकुमारी ओम शान्ति भवन निर्माण

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **५८,१७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

## ९४ एकान्त रेष्टुरेन्ट देखि क्रसर जाने सडक स्तर उन्नति बाटो निर्माण

९४.१ (गो भौ नं २३८।०८२।३।१८ -):

खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई विल भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताव मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले एकान्त रेष्टुरेन्ट देखि क्रसर जाने सडक स्तर उन्नति कार्यको लागि रु १४ लाखको लागत अनुमान तयार गरी उपभोक्तासमितिको ५० प्रतिशत लागत साझेदारी हुनेगरी रु.१४ लाखमा मिति २०८१।१२।८ मा निर्माण सम्पन्न गर्ने गर्ने गरी मिति २०८१।१०।१५ मा सम्झौता गरी रु १४ लाख भुक्तानी भएको देखियो । पालिकाले भुक्तानी गर्दा देहाय अनुसार नापी तथा बिजक कम गरी भुक्तानी दिएकोले यकिन गरी असुल गर्नु पर्ने रु.

| क्र.सं. | विवरण | परिमाण | दर | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | डण्डीको बढी परिमाण भुक्तानी | ८५ के.जि. | १२८ | १०८६५ | डण्डी विच्छाउने कार्यको डिष्ट्रिव्यूसन बारमा १० एम एम १३९।९० मिटर लामो डण्डी २४ वटा दिएको मा २५ वटा डण्डी दिएको भनी ८५ केजी डण्डी प्रति के जि रु १२८ का दरले भुक्तानी भएको । |
| २ | ग्राभेलको रोयल्टी | १२०० घन फिट | ८ | ९६०० | १२०० घन फिटको बिजक पेश नभएको । |
| | जम्मा | | | २०४६५ | |

| असुल गर्नुपर्ने | २०,४६५ |
|---|---|

९४.२

डण्डीको भुक्तानी- पालिकाले मेन बारमा ४.९१ मिटरको १० एम एम को डण्डी २० सि एम स्पेसिङ्गमा डण्डी बाध्दा थप रुल अनुसार ६८४ वटा नम्वर हुनुपर्ने वा एक्चुलय रुपमा संख्या काउन्ट गरेको प्रमाण पेश नगरिकनै ६२७ वटा डण्डीको ११७२ के जी डण्डीको भुक्तानी दिएकोले यस संरचनामा डन्डीको बारबेण्डिङ्ग सेड्डुल पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,०१६ |

९५ **कोईली बनगाई चोक देखि उत्तर गौरी चोक जाने बाटो स्तरोन्नती** (गो भौ नं २७४।०८२।३।२३-):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई रनिङ्ग विल भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताव मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले कोईली बनगाई चोक देखि उत्तर गौरी चोक जाने बाटो स्तरोन्नती निर्माणको लागि रु.१२ लाख ८० हजारको लागत अनुमान अनुमान तयार गरी २०८२।३।१० मा निर्माण सम्पन्न गर्ने गरी मिति २०८१।१२।२३ मा सम्झौता गरी रु ९ लाख ६ हजार कार्यसम्पन्न भएको भनी बाट रु ८२६३९९ भुक्तानी गरेको देखियो । पालिकाले देहाय अनुसार बिजक फरक पारी भुक्तानी गरेकोले असुल गर्नु पर्ने रु.

| क्र.सं. | विवरण | परिमाण | दर | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सोलिङ्ग कार्य<br>प्रदेश आर्थिक ऐन, २०८१ को दफा ८ अनुसार<br>प्रति क्यू फिट रु.८ रोयल्टी | ५३ | २८०.३२ | १४८५७ | ५४. ५४ घ मी र प्लम कन्क्रिटको ६०.६० को ४० प्रतिशतले २४.२४ घ मी गरी ७८.७८ को लागि ९५ क्यू मी ढुङ्गाको प्रति क्यू मी रु १२०६ का दरले भुक्तानी भएकोमा ४२ क्यू मी को मात्र विजक पेश गरेको बीजक पेस नभएको रोयल्टी असुल गर्नु पर्ने । |
| २ | ढुङ्गाको बढी भुक्तानी | ५४.५४ | ९४९ | ५१७५८ | सोलिङ्गको लागि ५४.५४ घ मी को सोलिङ्ग भएको प्रति घ मी रु २७६७ का दरले भुक्तानी भएकोमा पालिकाले नै भवनको नर्म्समा प्रति घ मी रु १८१८ का दरले भुक्तानी |
| | जम्मा | | | ६६६१५ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६६,६१५ |

९६ **मधुवन रिचार्ज पोखरी निर्माण**

९६.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१ ख) अनुसार खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताव मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले वडा नं ८ मा मधुवन रिचार्ज पोखरी निर्माण तथा कूलो निर्माण उ स बापतको रकम मधुवन रिचार्ज पोखरी निर्माण तथा कुलो निर्माण उ.स. लाई ५० प्रतिशत अनुदानको गो भौ नं २७७।०८२।३।२३ बाट रु १८५९००० भुक्तानी भएको श्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

रिचार्ज पोखरीको वाउटर बाउन्डरीमा डण्डी बापत ३१३७.२ के जी डण्डीको प्रति के जि रु १२८.६३ का दरले भुक्तानी दिई भुक्तानी भएको रु. ४०३५३८ मा श्रेस्ता परीक्षण गर्दा नापी किताबमा बारबेन्डिङ्ग सेड्युल नराखी थमरुलको आधारमा भुक्तानी गरेकोले फलामको प्रयोगको बारबेन्डिङ्ग सेड्युल पेश गर्नु पर्दछ ।

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई रनिङ्ग विल भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताव मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसार बिजक फरक पारी भुक्तानी गरेकोले असुल गर्नु पर्ने रु.

| क्र.सं. | विवरण | परिमाण | दर | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | पि सि सि गरेकोमा पि सि सि फर आ र सि सि को दर भुक्तानी | १०१.६६ घ. मि. | १०७ | १०८०७ | पि सि सि फर आर सि सि को दर रु. ८९६५.६८ को दरले १०१.६६ क्यू मि को रु ९०७२ का दरले भुक्तानी |
| २ | वाउटलेट कुलोको वालमा बढी भुक्तानी-- | १.५२ घ.मि. | ९०७२ | १३७९० | वाउटलेटको २ वटा वालको उचाइ १ मिटर भएकोमा १.२० मिटरको भनी नापी गरी (२*१९*०.२०*१) ले ७.६ घ मी को भुक्तानी दिनुपर्ने ९.१२घ.मि. भुक्तानी |
| ३ | डण्डीको बढी परिमाण भुक्तानी | १९५ के.जि. | १२८.६३ | २५०८२ | पोखरीको इनलेट र वाउटलेट वालमा मेन बारमा २५ सि एम को स्पेसिङ्ग गरेकोमा मेन बार र डिट्रियसन छडको लागि ९ वटा डण्डी मात्र दिनुपर्नेमा १९ वटा दिई ३९८ के जी को भुक्तानी दिनुपर्नेमा ५९३ के जी प्रति के जी भुक्तानी |
| | जम्मा | | | ४९६७९ | |

| असुल गर्नुपर्ने | ४९,६७९ |
|---|---|

९६.२ बिमा- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक "बीस लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले देहायको कुराको बीमा गराउनु पर्ने उल्लेख छ । वडा कार्यालयले २०८२।३।१५ मा वडाको सिफारिस भएकोमा मिति २०८२।३।१७ मा जारी गरेको विमा बिजकको आधारमा रु. २० हजार भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २०,००० |
|---|---|

९७ **तटवन्ध निर्माण**

पालिकाले यस वर्ष वाणगंगा नदिको विभिन्न स्थानमा तटवन्ध निर्माण गरेको भनी निम्नानुसारको विभिन्न निर्माण व्यवसायीलाई तथा उपभोक्ता समितिलाई विभिन्न कार्यको लागि भुक्तानी गर्दा ढुङ्गाको स्रोत त्यहि खोलामा रहेको अवस्थामा ढुङ्गाको रोल्यटी बापतको मात्रै रकम रु २८५ राखी लागत अनुमान बनाउनुपर्नेमा त्यसको लोड अनलोड समेत भुक्तानी गरी बढी दरमा भुक्तानी गरिरहेको अवस्थामा जुन खोलाबाट अरुलाई नदिजन्य पदार्थ निर्यात गरिन्छ सोहि खोलामा ढुङ्गा अन्तबाट ल्याउने दरमा लागत अनुमान तयार गरी भुक्तानी गरिरहेको देखिएकोले यस कार्यमा सुधार गरी लागत अनुमानलाई मितव्ययि बनाउनुपर्दछ।

| गो.भो. नं./ मिति | निर्माणव्यवसायीको नाम | खोलाकोनाम | भरेकोढुङ्गाको परिमाण घ.मी. | भुक्तानीदर | भुक्तानीहुनपर्ने दर | बढीभुक्तानी |
|---|---|---|---|---|---|---|
| १४२/ ०८२/ ३/ ५ | ईन्द्रेणि त्रिशक्ति एण्ड सप्लायर्स प्रा.ली. | धनेशपुर खेलमैदान पूर्व बाणगंगा नदिमा तटबन्ध | १७४ | ४७८५ | ३९७१ | १४१६३६ |
| १४३/ ०८२/ ३/ ६ | सर्वज्ञ विल्डर्स | खुटेनी कजवे पश्चिम बाणगंगा नदिमा तटबन्ध | १७२.५ | ४७४५ | ३९७१ | १३३५१५ |
| १४४/ ०८२/ ३/ ७ | सुसित इन्जिनियरिङ एण्ड कन्सट्रक्सन प्रा. ली. | बनकसिया बाणगंगा नदिमा तटबन्ध | १७६ | ४७४५ | ३९७१ | १३६२२४ |
| २५४/ २०८२/ ३/ २० | बि.सि.सि. निर्माण सेवा प्रा.लि. | उप्टहवा पश्चिम एक्ले पिपल वाणगंगा नदिमा तटबन्ध | १७१.७५ | ४७९० | ३९७१ | १४००४९ |

९८ **वडा नं ४ कुवेरपुर मुल कूलो निर्माण**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१ ख) अनुसार खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताव मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले वडा नं ४ कुवेरपुर मूल कुलो निर्माण गरे बापत वडा नं ४ कुवेरपुर मूल कुलो निर्माण गरे बापत गो भौ नं १६४।०८२।३।९ बाट रु १९ लाख ८७ लाख ३८४ भुक्तानी भएको श्रेस्ता परीक्षण गर्दा सोलिङ्ग (२३.९५*०.९०*०.१२) भएकोमा पि सि सि एम २० (२३.९५*०.९*०.१) को २.१५५ जानुपर्नेमा (२३.९५*१.१*0.१) २.६३ दिई बढी भुक्तानी भएको ०.४७५ को प्रति घ मी रु. ९०७३ का दरले रु ४३०९ बढी भुक्तानी भएको रु असुल गरी दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ४,३०९ |
|---|---|

९९ **उपभोक्ता समितिबाट जटिल कार्य**

सार्वजनिक खरिद ऐन २०६३ को दफा अनुसार उपभोक्ता समितिले रोजगारी प्राप्त गर्ने श्रममूलक कार्य जुन उपभोक्ता समितिबाट गराउदा मितव्ययी हुन्छ र भविष्यमा त्यसमो स्वामित्व सोहि समूहमा हस्तान्तरण हुने आयोजनामात्र उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसारका जटिल र उपभोक्तामा स्वामित्व हस्तान्तरण गर्न नसकिने योजना समेत उपभोक्ता समितिबाट गराएको देखिएकोले यस प्रकारको कार्यमा नियन्त्रण गर्नुपर्दछ।

| गो भौ नं र मिति | निर्माण कार्य | उपभोक्ता समितिको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| २६९।०८२।०३।२३ | पत्रका। महासंघको भवन रैगरोगन तथा झ्याल ढोकाल व्यवस्थापन | पत्रकार महासंघको भवन रंग रोगन तथा झलाल ढोका व्यवस्थापन उपभोक्ता समिति | २०१२४८८ |
| | भवन निर्माण | कमन नेपाल भवन निर्माण उस | १०४५००० |
| जम्मा | | | ३०५७४८८ |

१०० **पोल जडान**

पालिकाले वडा नं. ६ मा वडाका विभिन्न स्थानमा तार पोल तथा लाईट व्यवस्थापन कार्यका लागि ३ वटा पुराना पोल स्थानान्तरण समेत गरि २१ वटा पोल जडानका लागि ५०१ मीटर तार खरिद गरि पोल जडान गरेको लागत अनुमान तयार गरि कार्य गरेकोमा वडाका कुन स्थानमा कति दुरीमा कति पोल तथा तार र सोही बमोजिमका जडान सामाग्री प्रयोग हुने सम्बन्धमा विस्तृत लागत अनुमात तयार नगरी उक्त कार्य गराई भुक्तानी दिएको देखियो । यसबाट लागत अनुमान यथार्थपरक भए नभएको सम्बन्धमा एकिन हुन सहिएन । तोकिएको स्थानमा यसभन्दा पहिले विद्युतीकरण भए, नभएको साथै कुन स्थानको लागि कति पोल तार तथा अन्य सामाग्री आवश्यक पर्ने विस्तृत लागत अनुमान लगाएतको प्रमाण कागजात संलग्न गरी भुक्तानी गर्नुपर्दछ ।

१०१ **नर्म्स भन्दा बढी भूक्तानी** (२५१।२०८२।०३।२२-):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्मन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाचपास गराई भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले वडा नं ३ मा ह्युम पाईप जडान उ. स. लाई ६० सेमीको ७.५० र.मी. ह्युम पाइपको जिल्ला दररेट बमोजिम प्रति र. मी. रु. ८९११ ले भूक्तानी दिनुपर्नेमा रु. १४४०० ले भूक्तानी दिई प्रति र. मी. रु. ५४८९ ले बढी भुक्तानी दिएकोले ७.५० र.मी. को रु. ४११६७ बढी भुक्तानी दिएको रकम सम्न्धितबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ४१,१६७ |
|---|---|

१०२ **अधुरो भवन**

१०२.१ अधुरो भवन: पालिकाले संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदानबाट विद्यालयको लागि आवश्यकताको विश्लेषण नै नगरिकनै बजेट अनुसार ठेक्का आव्हान गरी बजेट अनुसार निर्माण कार्य गराएको अवस्थाले गर्दा विभिन्न निर्मित विद्यालय संरचना विग्रिन लागेको अवस्था लेखापरीक्षणको क्रममा देखिएको छ। त्यस सम्वन्धमा देखिएका प्रमूख व्यहोरा निम्नानुसार छन् ।



**बाल मा वी**



**शान्ति आ वि डुगवा**



जनज्योती



**कामता मा वी**

१०२.२ **निर्माण योजना तयारी-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले बार्षिक रुपमा १० लाख भन्दा बढीको खरिद कार्य गर्न वार्षिक खरिद योजना तयार गरी खरिद योजना अनुसार खरिद कार्य गर्नुपर्नेमा सो नगरी वजेट निकासा तथा रकम अनुसारको लागत अनुमान तयार गरी खरिद कार्य गर्ने गरेको देखिएको पालिकाले आगामी दिनमा निर्माण कार्य समयमै पुरा हुने गरी खरिद योजना तयार गरी खरिद कार्य गर्नुपर्दछ।

१०३ **सूर्योदय विद्यालय वडा नं ८ भवन निर्माण**

१०३.१ **एक्साभेसन र व्याक फिलिङ्ग बापतको बढी भुक्तानी-**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१०३.२ **डण्डी बापतको बढी भुक्तानी -** पालिकाले माथी उल्लेखित भवनको लागि डण्डीको मेन बार तथा डिष्ट्रिव्यूसन वारमा १५ से मी स्पेसिङ्गमा थम रुल लगाई स्टिमेट गरेकोमा नापी कितावमा समेत सोहि परिमाण भुक्तानी गरेको देखिएको साथै फोटो हेर्दा २० से सी मा स्पेसिङ्ग गरेकोमा थम रुल प्रयोग गरी उक्त कार्यमा ७.४८ टन डण्डी प्रयोग भएको भनी प्रति टन रु१०५००० भुक्तानी भएकोमा ०.२० से मी स्पेसिङ्गले ४.४८ टन मात्र दिनुपर्नेमा बढी परिमाण भुक्तानी भएको उक्त कार्यलाई प्रमाणित गर्ने बार बेन्डिङ्ग सेड्डुअल पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,१५,००० |

१०४ **बैदौली देखि मनोहरापुर जाने सडक बाणगंगा नगरपालिका, वडा नं. ६**

१०४.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१ ख) अनुसार खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताव मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले बैदौली देखि मनोहरापुर जाने सडक बाणगंगा नगरपालिका, वडा नं. ६ मा निर्माण कार्य गर्नको लागि रु. २५३४८५७.२६ कवोल गर्ने दिपिका निर्माण सेवालाई मिति २०८२।२।३० सम्म निर्माण कार्यसम्पन्न गर्ने गरी मिति २०८१।१२।२६ मा सम्झौता गरी कार्यादेश दिएकोमा खुद कार्य रु. २५०७७५८.४९ भएको आधारमा गो भौ नं ३३/०८२।३।२४ बाट अन्तिम विल बापत रु.

१७६८७४५ भुक्तानी भएकोमा निर्माण व्यवसायीले मिति २०८२।२।३० सम्म निर्माण कार्यसम्पन्न गर्नुपर्नेमा भुक्तानी भएको मिति २०८२।३।१९ सम्म टिप्पणी उठान गर्दा समेत Providing laying spreading watering gravel subbase grading को कार्य बापत ९० क्यू मि को प्रति क्यू मी रु १००० का दरले भुक्तानी भइसकेको अवस्थामा फोटो हेर्दा उक्त अवधिसम्म समेत निर्माण सम्पन्न भइनसकेको देखिएकोले जेष्ठ ३० देखि असाढ १९ सम्म २१ दिनको पूर्वनिर्धाक्षित क्षतिपूर्व बापत रु २६३३१ असुल गरी दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २६,३३१ |
|---|---|

१०४.२ **फलामको बढी परिमाण भुक्तानी**- पालिकाले निम्नानुसारको आइटममा २० से मी मा स्पेसिङ्ग गरेको अवस्थामा इष्टिमेट अनुसार १५ से मी स्पेसिङ्गको हिसावले डण्डिको भुक्तानी दिदा बढी भुक्तानी भएको निम्नानुसारको आइटमको रकम असुल गरि दाखिला गर्नुपर्ने रु.

| आइटमको नाम | भुक्तानी परिमाण | भुक्तानी भएको परिमाण | दर | बढी भुक्तानी |
|---|---|---|---|---|
| For Bed abutment | | | | |
| Main bar inner 16mm | ३७*७.३५*१.५८=४३० | ३४*७.३५*१.५८= ३९५ | १०० | ३५०० |
| Distribution Bar 12 mm | ४१*७.५*०.८९=२७३ | ३७*७.३५*०.८९=२४२ | १०० | ३०९६ |
| जम्मा | | | | ६५९६ |

| असुल गर्नुपर्ने | ६,५९६ |
|---|---|

१०४.३ एम १५ को बढी परिमाणमा भुक्तानी:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१ ख) अनुसार खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताव मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले नापी कितावको बुदा नं ५ को Providing and placing M15 machine mixed cement concrete work को wing wall मा ४ वटाको चौडाइ ०.८ राख्नुपर्नेमा १ राखेको and wall Top मा ४ वटा को चौडाई ०.४ राख्नुपर्नेमा ०.६ राखी २५.९४ घ मी को मात्र भुक्तानी दिनुपर्नेमा १.७६ घ मीको बढी हुने गरी २७.७ को प्रति ७९०० का दरले बढी भुक्तानी भएको १३९०४ असुल गरी दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १३,९०४ |
|---|---|

१०५ **औधोगिक पूर्वाधार कार्यक्रम**

पालिकाले अन्तरसरकारी अख्तियारी अन्तर्गत औधोगिक पूर्वाधार कार्यक्रम(विशेष आर्थिक क्षेत्र) को लागि उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०८१।८।१२ को पत्रानुचार बैदौली कोपवा देउवापार हस्तैया सोनापुर औधोगिक पहुँच मार्ग सडक निर्माण कार्यको लागि रु ९९ लाख बजेट विनियोजन भएकोमा पालिकाले रु ९८ लाख ९८ हजार ६९० को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेकोमा रु ७५ लाख ४३ हजार ८६५ कवोल गर्ने इन्द्रेणी त्रिशक्ति कन्ट्रक्सन प्रा ली लाई सारभुर रुपमा प्रभावग्राही रुपमा ठहर गरी मिति २०८२।२।३० मा निर्माण सम्पन्न गर्ने गरी मिति २०८१।११।५ मा कार्यादेश दिई कुल ७५ लाख ३२ हजार १९५ कार्यसम्पन्न भई हाल सम्म २ वटा विल प्रथम विल बाट रु ३३ लाख १२ हजार ५९१ र अन्तिम विल बापत रु ४२ लाख १९ हजार ६०३ गरी ७५ लाख ३२ हजार १९४ भुक्तानी भएको श्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

१०५.१ विमा रकम :

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **७,२७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१०५.२ बढी भुक्तानी :

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१३८,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१०५.३

- **डि पि आर बेगर निर्माण कार्य-** उद्योग मन्त्रालयबाट औधोगिक ग्राम तथा विशेष आर्थिक क्षेत्र निर्माण भएको क्षेत्रमा पहुच मार्ग निर्माण लागि बजेट विनियोजन भएकोमा पालिकाले विस्तृत अध्ययन प्रतिवेदनको आधारमा सोहि क्षेत्रको पहुँच मार्ग निर्माण गर्नुपर्नेमा नाम फरक परेकोमा अन्य स्थानमा सडक निर्माण गरेकोले सोहि स्थानमा निर्माण गर्ने कार्य खर्च सहमति प्राप्त गर्नुपर्ने रु

- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१ ख) अनुसार खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताव मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले डिस्मेल्टिङ्ग तथा डिवाटरिङ्ग कार्यको लागि प्रमाण पेश नगरीकनै लमसम राखी रु ३० हजार र २० हजार गरी ५० हजार भुक्तानी भएको उक्त कार्य गराउन प्राविधिकले कार्यदिश दिएको प्रमाण तथा कार्य गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

१०६ **बढी परिमाण भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बीजक भुक्तानी गर्दा करारका शर्त बमोजिम भुक्तानी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार योजनाको कालोपत्रे कार्य गर्दा ट्याक कोट नर्म्स अनुसार ०.४ देखि ०.६ सम्मको औषत ०.५ दिनुपर्नेमा 0.७५ सम्म दिएको साथै पाइम कोट कालोपत्रे गर्ने सर्भेस भन्दा बढी बेस सवै क्षेत्रमा भुक्तानी दिई बढी व्ययभार परेको देखिएकोले बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्ने र बढी व्यय भार भएको रकम लाई सुधार गर्नुपर्ने रु

| गो भौ नं मिति | योजनाको नाम | पार्टिको नाम | बेसको परिमाण(बर्ग मि) | सर्भेसको परिमाण( वर्ग मिटर) | प्राइम कोट वेब भन्दा बढी सर्फेस एरियामा प्रति बर्ग मिटर १ लिटरका दर @१५० | ट्याक कोट भुक्तानीको परिमाण | ट्याको कोट को भुक्तानी@१२० | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| ७२। ०८२। १।१६ | शान्तिनेपाल टोल जोड्ने सडक कालोपत्रे | तावाश्री निर्माण सेवा | १२०३ | ९४० | ३९४५० | ४७० | ७०३ | २७९६० |
| १११। ०८२। ०२।२८ | कोपवा स्वास्थ्य चौकिबाट हाट बजारसम्म कालोपत्रे | सोम सुर्य कन्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग कन्सल्टिङ्ग सर्थिसेज | | | | ४५३ | ६८० | २९५१० |
| ३५। ०८१। ११।२५ | [ वडा नं. ११ हथौसा देखि घरबुधिया जाने अधुरो सडक कालोपत्रे | वाणगंगा विल्डर्स प्रा ली | १३७० | १०७० | ३३००० | ८१७ | ५३५ | ३१०२० |
| ६०। २०८२। ०१।०५ | वडा नं ३ राजापानी देखि खोपकेन्द्र जाने सडक कालोपत्रे | तावाश्री निर्माण सेवा | १२७९ | १०८० | १९९०० | ८१४ | ५४२ | २७२०० |
| ११०। २०८२। ०२।२८ | बक्सिसपुर अधुरो सडक निर्माण | न्यू अजय निर्माण सेवा | १३२४ | १०६० | २५०८० | ७९६ | ५३० | २५२०३ |
| ६३। २०८२। ०१।०५ | बिसनपुरा पुरानो डिहिदेखि झुगा जोड्ने सडक कालोपत्रे। | तावाश्री निर्माण सेवा | ५०२ | ४०० | १२२४० | ३०५ | २०३ | १२१२६ |
| २४। २०८१। ११।०६ | नन्दनगरदेखि राजपुर जोडने सडक कालोफत्रेको अन्तिम बिल भुक्तानी | इन्द्रेणी त्रिशक्ति कनस्टक्सन एण्ड सप्लार्यस प्रा लि | ६०८३ | ७९०० | १९९८७० | ४०३३ | २६८९ | १४७८०७ |
| २७। २०८१। ११।१८ | मधौलियादेखि खुटेनी अधुरो सडक कालोपत्रे । | बाणगंगा बिल्डर्स प्रा लि | १३१५ | १०३५ | ३०८०० | ८०५ | ५३७ | २९४८० |
| ३४। २०८१। ११।२५ | तिलकहना देखि बभनी जोडने सडक कालोपत्रे । | बाणगंगा बिल्डर्स प्रा लि | ८६२ | ६७५ | २०५७० | ५२१ | ३४७ | १९१४० |
| १९। २०८१। १०।०४ | बालकल्याण आवि देखि जिनुवा खेलमैदान जाने अधुरो सडक कालोपत्रे। | एस एन डि कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा लि | ६८९ | ५५० | १३४८३ | ४११ | २७४ | १३२८९ |
| ३०६। २०८२। ०३।२४ | पर्दशनि गेटदेखि ssdc हुदै नगरपालिका जोडने सडक | सगरमाथा निर्माण सेवा | ७७१ | | | ५७८ | ३८५ | २३०७६ |
| ४२। | वडा नं ८ को अधुरो | पिज्मा एण्ड प्राप्ति | १२७१ | १११० | १९३२० | ८३२ | ५५५ | ३३२४० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८१।११।२९ | मधुवन बिचलारी सडक । | कन्स्ट्रक्सन प्रालि | | | | | | |
| ११७।२०८२।०२।२८ | खानेपानी टंकी जिनुवा सडक स्तरउन्नति | दिपिका निर्माण सेवा | २००५ | १६०५ | ५०००० | ११९९ | ७९९ | ४९८८१ |
| जम्मा | | | | | | | | ४६८९३२ |
| | | | | | | | अनियमित भएको | ४,६८,९३२ |

१०७ **पक्की ढाँडेहुदै ठाकुरापुर जोड्ने सडक कालोपत्रे वडा नं ४**

१०७.१ पालिकाले प्रदेश समपुरक योजना अन्तर्गत वडा नं ४ ममा पक्कि ढाँड हुदै ठाकुरापुर जोडने सडक कालोपत्रे कार्यको लागि रु. ७९ लाख ९९ हजार ५९६ को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरिएकोमा रु. ५९ लाख ४१ हजार ७४० कवोल गर्ने शिव ज्योति कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा लीलाई मिति २०८२।२।३० सम्म निर्माण सम्पन्न गर्ने गरी मिति २०८१।१०।२० मा सम्झौता गरी कार्यदिश दिएकोमा खुद कार्य रु ५४ लाख ०१ हजार ५५७.६४ को भएमा हालसम्म प्रथम रनिङ्ग विल बापत गो भौ नं २५।०८१।११।६ र गो भौ नं ४।०८१।११।२५ बाट रु १६६३२१० र अन्तिम विल बापत गो भौ नं २१।०८२।३।२५ र ३११।०८२।३।२५ बाट रु. ३७३८३४६ गरी रु ५४ लाख १ हजार ५५६ भुक्तानी भएको श्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

- कार्यालयले भेरियसन आदेश बेगर आईटम नं ३, Excavation for foundation,, मा रहेको Extend old Culvert मा (२*२.५*१*१.५) ७.५ घ मी Large Size Drain (15*0.8*1) 47.92 घ मी, Small Size Drain (59.9*1.2*1.3) 23.40 घ मी गरी ७८.८२ घ मी प्रति घ मी रु. ५० दरले खनेको रु. ३९४१, तत स्थानमा १० क्यू मि सोलिङ्ग प्रति घन. मी रु. २००० का दरले रु. २००००, र पि सि सि एम १५ बापत ५ क्यू मी प्रति क्यू मी रु.९५०० रु ३८००० भनी बढी भुक्तानी भएको ६१९४१ बढी भुक्तानी भएको देखिएकोले आगामी दिनमा वास्तविक लागत रुपमा अध्ययन गरी लागत अनुमान तयार गरी खरिद कार्य गराउनुपर्दछ।
- एक्साभेसन र सोलिङ्ग भन्दा बढी स्थामा M15 पि सि सि बापतको भुक्तानी:- पालिकाले भेरियसन आदेश स्वीकृत नगरिकनै इष्टिभेटमा लामो ड्रेन १८० मिटरलामो र छोटो ड्रेन १२५ मिटर निर्माण गर्ने गरी लागत अनुमान तयार गरेको विना आधार र प्रमाण २०२ मिटर र छोटो ड्रेन १७९ मिटर बढाई एक्साभेसन देखि पि सि सि सम्म आइटम बढाई भुक्तानी गरेको देखिएकोले उक्त आइटम बढाउनुको प्रमाण पेश गर्नुपर्दछ ।

१०७.२

- कार्यालयले भेरियसन आदेश बेगर आईटम नं ३, Excavation for foundation,, मा रहेको Extend old Culvert मा (२*२.५*१*१.५) ७.५ घ मी Large Size Drain (15*0.8*1) 47.92 घ मी, Small Size Drain (59.9*1.2*1.3) 23.40 घ मी गरी ७८.८२ घ मी प्रति घ मी रु. ५० दरले खनेको रु. ३९४१, तत स्थानमा १० क्यू मि सोलिङ्ग प्रति घन. मी रु. २००० का दरले रु. २००००, र पि सि सि एम १५ बापत ५ क्यू मी प्रति क्यू मी रु.९५०० रु ३८००० भनी बढी भुक्तानी भएको ६१९४१ बढी भुक्तानी भएको देखिएकोले आगामी दिनमा वास्तविक लागत रुपमा अध्ययन गरी लागत अनुमान तयार गरी खरिद कार्य गराउनुपर्दछ।

१०७.३

- **इष्टिमेट भन्दा कम दरको स्पेसिङ्ग गरी बढी डण्डीको परिमाण भुक्तानी:** पालिकाले ड्रेन निर्माण इष्ट्रिमेट तयारमा डण्डीको स्पेसिङ्ग २५ से मी राखी तयार गरेको नापी किताव तयार गर्दा वास्तविक प्रयोग भएको डण्डीको परिमाण गणना नगरिकनै थप रुलको प्रयोग गरी २० से मी को हिसावले लामो ड्रेन २०२ मिटर लामो ड्रेनको १८७ मिटर लामोको १० एम एमको डण्डी (९३६*३.२५* ०.६१७) र (७५*२.१२*०.६१७) र छोटो ड्रेन १७९.९ मिटरलाई माथीको जस्तै २५ से मि स्पेसिङ्ग गर्ने

ईष्टिमेट गरेकोमा नापी किताव तयार गर्दा थप रुलको प्रयोग गरी २० से मी स्पेसिममा (१२०*१.६७) र (५९.९०*१.७५) ड्रेनमा गरी २९१० के जि डण्डीको भुक्तानी २३२८ के जि भन्दा ५८२ के जी को प्रति के जी १०५ का दरले बढी भुक्तानी भएको रु. ६११११० असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६१,११० |

१०८ **कमन नेपाल भवन निर्माण**

पालिकाले कमन नेपाल पूर्वाधार निर्माण अन्तर्गत गाह्रो लगाउने, बैठक हल निर्माण रेलिङ्ग वनाउने, सोफा खरिद लगायतका कार्यको लागि रु १० लाख ४५ को लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत कार्य गराउनको लागि उपभोक्ता समितिको लागि उपभोक्ता समितिको १०४५७७ लागत साझेदारी हुने गरी रु १० लाख ४५ हजार मा मिति २०८२।३।१० मा निर्माण सम्पन्न गर्ने गरी २०८१।१२।२० मा सम्झौता गरी कार्यदिश दिएकोमा उपभोक्ता समितिबाट विभिन्न सभा कोठा निर्माण, सोफा लगायतका सामाग्री खरिद गरेको भनी विभिन्न सप्लायर्सको विजकको आधारमा नाफामुलक संस्थाको ठुक्रे कार्यको लागि रकम भुक्तानी गरेको आधारमा भुक्तानी भएकोमा उक्त कार्यमा सुधार गर्नुपर्दछ।

१०९ **नेपाल पत्रकार महासंघको भवन निर्माण**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१ ख) अनुसार खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताव मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले पत्राकार महासंघ भवन निर्माणको लागि रु २२ लाख ४० हजारको लागत अनुमान तयार गरी उपभोक्ता समितिको रु २२४५४९ लागत साझेदारी हुने गरी उपभोक्ता समितिलाई मिति २०८२।३।१५ निर्माण सम्पन्न गर्ने गरी मिति २०८२।१।१० मा सम्झौता गरी खुद रु २१९८४०५ कार्यसम्पन्न भएको भनी गो भौ नं २६९।०८२।३।२३ बाट पत्राकार महासंघ को भवन रंगरोगन तथा झ्याल ढोका व्यवस्थापन बापत कार्य गरेको भनी रु २०१२४८८ भुक्तानी भएकोमा उपभोक्ता समितिलाई निर्माण कार्य मितव्ययी हुने तथा त्यसको दिर्धकालिन व्यवस्था हुने र उपभोक्ता समितिले रोजगारी पाउने श्रममुलक योजना उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था रहेकोमा माथी उल्लेखित भवन उपभोक्ता समितिबाट गराउने कार्य नियमसम्मत नभएको हुदा यस कार्यमा सुधार गर्नुपर्दछ। साथै लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख परिमाणको वरावर भएको देखिएकोले साथै खन्ने कार्य तथा फलाम निर्माण कार्य तथा रंगरोगत लगायतका कार्यमा परिमाण पछि डेसिमल समेत बराबर भएको परिमाण पेश गरी रकम भुक्तानी गर्ने कार्य भएकोले उक्त भवनको निर्माणको लागत अनुमान तथा निर्माण कार्य वास्तविक भए नभएको यकिन नभएको हुदा पालिकाले यस सम्वन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

११० **वडा नं १ अधुरो भवन निर्माण**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिले खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताव मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले वडा नं. १ को अधुरो वडा कार्यालय भवन निर्माण को लागि रु १ करोड ३२ लाख ४५ हजारको को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरिएकोमा रु ९२ लाख ६१ हजार कवोल गर्ने श्री ओजर्का विल्डर्स प्रा ली लाई मिति २०८१।३।१४ मा निर्माण सम्पन्न गर्ने कार्यादेश दिएकोमा पछि नगर सभाको मिति २०८१।३।१० मा नगरसभाले म्याद थप गरी २०८१।९।३० सम्म म्याद थप गरेको लागि २०८०।८।१५ सम्झौता गरी हालसम्म कुल रु ८६ लाख ४० हजार ५६५ कार्य भएको आधारमा बाट प्रथम रनिङ्ग विल बापत गो भौ नं १६८।२०८१।२।१७ बाट रु ११ लाख ५८ हजार१२२ लाख ९ हजार ६३० र दोस्रो रनिङ्ग विल बापत गो भौ नं ८८।०८०।३।२४ बाट रु २८ लाख ४४ हजार ९१४ तेस्रो रनिङ्ग विल बापत गो भौ नं २०।०८१।१०।४ बाट रु १६ लाख ५९ लाख ५२२ र अन्तिम विल बापत गो भौ नं ५३।०८२।०३।१४ बाट रु ५३ लाख ७४ हजार ६३८ गरी कुल रु ८६ लाख ४० हजार ५६५ भुक्तानी भएको देखियो । पालिकाले Toe Wall को लम्वाई ५३.८०*०.४० भएकोमा उक्त वाल

बरावर(५३.८*०.३५*०.६८) को १२.८ घ मी ब्रिक वालको रकम भुक्तानी दिनुपर्नेमा ६०.६० मिटर लम्वाई वाल लगाएको भनी १४.४२ घ मी को प्रति घ मी रु ८५०० का दरले भुक्तानी दिई बढी भुक्तानी भएको रकम १५९३१ असुल गरी दाखिला गर्नुपर्ने रु

| Column | lengthMain Bars | Stirrups Type | Total Weight | Wgitht to be given | Rate | Over payment |
|---|---|---|---|---|---|---|
| Column C1 | UPTO First Floor Slab Level 8.86 m | Type 1 (1.23 ) | 175.22 | 146.01 | 105 | |
| | | Type 2(0.95) | 135.11 | 112.59 | | |
| | First to Second Floor Level 3.20 M | Type 1 (1.23 ) | 75.93 | 64.25 | | |
| | | Type 2(0.95) | 58.55 | 49.54 | | |
| | Second to Third Floor Level 3.20 M | Type 1 (1.23 ) | 50.62 | 42.83 | | |
| | | Type 2(0.95) | 39.03 | 33.03 | | |
| Column C2 | UPTO Plinth Level | Type 1 (1.23 ) | 70.09 | 64.25 | | |
| | | Type 2(0.95) | 54.04 | 49.54 | | |
| | Plinth to First Floor Level | Type 1 (1.23 ) | 75.93 | 64.25 | | |
| | | Type 2(0.95) | 58.55 | 49.54 | | |
| | First to Second Floor Level | Type 1 (1.23 ) | 75.93 | 64.25 | | |
| | | Type 2(0.95) | 58.55 | 49.54 | | |
| | Second to Third Floor Level | Type 1 (1.23 ) | 50.62 | 42.83 | | |
| | | Type 2(0.95) | 39.03 | 33.03 | | |
| Total | | | 1017.2 | 865.48 | 105 | 15930.6 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,९३१ |

## १११ नगर परिषरभित्र सवारी साधन पार्किङ्ग स्थान निर्माण

कार्यालयले नगर परिषरभित्र सवारी साधन पार्किङ स्थान निर्माण को लागि रु को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरिएकोमा रु २२ लाख ६५ हजार २१३ कवोल गर्ने तावा श्री निर्माण सेवालाई मिति २०८२।२।३० सम्म निर्माण सम्पन्न गर्ने गरी मिति २०८१। १०।३ मा सम्झौता गरी कार्यादिश दिएकोमा खुद रु २१ लाख को कार्य भएकोमा गो भौ नं ४५।०८१।१२।०४ बाट कन्टिन्जेन्सी बापत रु ५५७७५ सहित रु २१ लाख ५६ हजार ६५७ खर्च लेखेको श्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

१११.१ नापी किवातको आइटम नं ३ मा एक्साभेसन बापत ३२.५७ क्यू मी भएकोमा व्याक फिलिङ्गबापत ३९५.२७ घ मी को प्रति घ मी रु ३०० का दरले रु ११८५८० भुक्तानी भएको छ। खनेको भन्दा बढी व्याक फिलिङ्ग गरेकोमा उक्त कार्य गर्नको लागि बाहिरबाट माटोल्याई व्याक फिलिङ्ग भएको भए उक्त कार्यलाई पुष्टाई गर्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु

१११.२ इनटरबल्क छपाई- पालिकाले यस वर्ष कृषि शाखा तथा पशु शाखा जाने बाटोमा इन्टरलिङ्किग व्लक पाभर कार्यको लागि ४३६.६२ बर्ग मीटर रु.१२५० का दरले रु ५४५७७५( मू अ कर बाहेक) भुक्तानी भएकोमा लेखापरीक्षणको क्रममा उक्त ब्लकहरु नयाँ भवन वनाउके क्रममा ट्रकहरु हिडेर विग्रन थालेको अवस्था रहेको छ। पालिकाले विस्तृत अध्ययन नगरिकनै टुक्रा टुक्रा कार्य गराई निर्मित संरचनाको कारण यसको दिर्धकालिन स्थायित्व नहुने हुदा यस कार्यमा सुधार गर्नुपर्दछ।

## ११२ सम्भाव्यता अध्ययन/डी.पी.आर. लगाएत परामर्श सम्बन्धि कार्य

११२.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ अनुसार सार्वजनिक निकायले कूनै पनि परामर्श कार्यको स्वीकृत नर्म्स, कार्यक्षेत्रगत शर्त तथा विगत वर्षमा सोहि प्रकृतिको कार्य गरेको भए सोहि अनुसार

त्यसमा विश्लेषण गरी लागत अनुमान तयार गरी परामर्श सेवा खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा यो वर्ष ८ कार्यमा रु ५२१३६२३ खर्च गरेको छ। यसरी परामर्श सेवा खरिद गर्दा स्वीकृत नर्म्स, कार्यक्षेत्रगत शर्त तथा विगत वर्षको खरिद समेतका आधारमा खरिदको लागत अनुमान तयार गरि सो कार्यका लागि विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा पालिकाले उक्त विषयको यकिन नगरेको साथै विनियोजित बजेटको आधारमा लागत अनुमान तयार गरी सोहि अनुसार प्रस्ताव माग गरी आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता सम्भाव्यता अध्ययन, प्रारम्भिक वातावरणिय अध्ययन, योजना निर्माण, आई ई ई तथा प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वियनमा जाने विषयमा समेत पालिकाले ध्यान पुर्‍याएको छैन। ड्राफ्ट प्रतिवेदन र अन्तिम प्रतिवेदन तोकिएको कार्यतालिका अनुसार पेश तथा छलफल गरेको देखिएन । साथै टिम लिडर तथा अन्य कर्मचारीहरुले फिल्डमा कार्य गरेको प्रमाण संलग्न गरेको देखिएन । प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वियनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्‍याउनु पर्दछ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन् ।

| क्र.सं. | कार्यक्रमको नाम | परामर्शदाताको नाम | बजेट | कुल खर्च/ परामर्श खर्च | कार्यान्वियन अवस्था |
|---|---|---|---|---|---|
| १ | बसपार्क सम्भाव्य अध्ययन | टाइम्स सोलुसन प्रा ली | १५०००० | १४६९०० | राष्ट्रिय आयोजना बैंकमा प्रविष्ट तथा स्विकृत भएको एवं जग्गा प्राप्तिको प्रकृयामा रहेको । |
| २ | फोहोरमैला ब्यवस्थापनका लागी प्रारम्भिक वातावरणीय अध्ययन | यूनिभर्सल इन्जिनियरिङ्ग कन्सलटेन्ट एण्ड विल्डर्स | ५००००० | ४९५४४८ | राष्ट्रिय आयोजना बैंकमा प्रविष्ट तथा स्विकृत भएको एवं जग्गा प्राप्तिको प्रकृयामा रहेको । |
| ३ | खानेपानी स्वास्थ्य सफाई योजना निर्माण (वास प्लान निर्माण) | टपकन इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | १४००००० | १३९०००० | प्रदेश सरकारबाट वास प्लान स्विकृत भएको, पूर्ण सरसफाइयुक्त वडा घोषणा भएको, नगरको घोषणको चरणमा, यस आबमा सोही अभियानको लागि संघ बिशेष अनुदानमा ९० लाख प्राप्त गरेको । |
| ४ | खोलाहरुको आई ई ई | विभिन्न | ५००००० | ४९८००० | नदीजन्य पदार्थ उत्खनन तथा विक्री कार्य गरेको । |
| ५ | भु उपयोग योजना निर्माण | कार्तिक स्वामी इन्जिनियरिङ्ग | १५००००० | १४९६९६७ | भुमी बर्गिकरण, योजना निर्माण, कित्ताकाट भएको, लालपुर्जा वितरण कार्य सुचारु रहेको । |
| ६ | औद्योगिक प्रोफाइल | शुभलक्ष्मी परामर्श सेवा प्रा.ली. | ५००००० | ४९२००० | औद्योगिक रणनीति तय र निर्माणाधिन औद्योगिक ग्रामको लागि उपयोगी तथा गत आवमा औद्योगिक पहुँच मार्ग निर्माणमा २ करोड संघबाट प्राप्त भएको । |
| ७ | डिजिटल कृषि प्रविधि(जियो कृषि) सम्वन्धी कृषकलाई अधिमुखीकरण तथा कृषक दर्ता | पाथवे टेक्नोलोजिज एण्ड सर्थिसेज प्रा ली | ४००००० | ४००००० | नगरका कृषक यो प्रबिधिसँग जोडीएका, कृषि सिजन अनुसारको सुचना प्रवाह, बजार मुल्य, कृषि समस्या राखी विज्ञबाट सुझाब, कृषि विकास बैंक तथा अन्य वित्तिय संस्थाबाट प्रवाह हुने कृषि कर्जा सहयोगबारे update, mobile app बाट कृषक सँग जोडिएको । |
| ८ | नगर चिनारी नक्साको छपाई तथा प्रयोग | म्यापर्स हव इन्जिनियरिङ्ग प्रा ली | ३००००० | २९४३०८ | भु बर्गिकरण सहितको कित्ताकाट खुल्ने नक्सा छपाइ गरीएको, नगरको भुमी इकाइ, विद्यालय, मालपोत कार्यालय वडा कार्यालय लगायतमा बाँडेको । |
| जम्मा | | | ५२५०००० | ५२१३६२३ | |

११२.२ **फोहोरमैला व्यवस्थापन केन्द्र-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा मन्त्रालयबाट स्वीकृत नर्म्स, कार्यक्षेत्रगत सर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयबाट परामर्शको नर्म्स स्वीकृत नभएको अवस्थामा तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गरी गरेकाले नर्म्स निर्माण (निर्धारण) गरी लागत अनुमान तयार गर्नुपर्छ । साथै सम्बन्धित मन्त्रालयबाट नर्म्स कार्यविधी स्वीकृत गराएर भ्रमण प्रतिवेदन, बसोबास लगायतको प्रशासनिक/व्यवस्थापन खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको कार्यक्षेत्रगत शर्तमा वातावरण विज्ञान, वातावरण व्यवस्थापन, वातावरण ईन्जिनियरिङ्ग, प्राकृतिक स्रोत व्यवस्थापन, वन विज्ञान, जीव विज्ञान, वनस्पति विज्ञान, रसायन विज्ञान, दीगो विकास व्यवस्थापन वा प्रस्तावसंग सम्वन्धित प्रमुख विषयमा न्यूनतम स्नातकोत्तर उपाधि हासिल गरी कम्तिमा तीनवटा वातावरणीय अध्ययन प्रतिवेदन तयारीमा भएको वा यी विषयमा स्नातकोत्तर उपाधि प्राप्त गर्दा वातावरणीय अध्ययनमा शिधिपत्र तयार गरेको वा ऐच्छिक विषयमा वातावरणीय प्रभाव अध्ययन विषय उर्तिण भएको व्यक्ति अध्ययन दलको सदस्य १ जना, सिभिल, आर्किटेक्ट, मेकानिकल, केमिकल ईन्जिनियरिङ्ग, हाईड्रोलोजि, भू-गर्भ शास्त्र, भू-विज्ञान, भौतिक शास्त्र, रसाया शास्त्र विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको व्यक्ति अध्ययन दलको सदस्य १ जना, प्राणी शास्त्र, बनस्पति शास्त्र वा वन विज्ञानमा स्नातकोत्तर उपाधि हासिल गरेको व्यक्ति अध्ययन दलको सदस्य १ जना, समाज शास्त्र/मानव शास्व/अर्थशास्वमा स्नातकोत्तर उपाधि हासिल गरेको व्यक्ति अध्ययन दलको सदस्य १ जना, वातावरण कानूनमा स्नातकोत्तर उपाधि हासिल गरेको व्यक्ति अध्ययन दलको सदस्य १ जना, स्नातक उपाधि हासिल गरि वातावरणीय अध्ययन प्रतिवेदन तयारी कार्यमा कम्तिमा पाँच वर्षको कार्य अनुभव भएको व्यक्ति अध्ययन दलको सदस्य १ जना, अध्ययन दलको परामर्शदाताको रुपमा भाषा विज्ञ अध्ययन दलको सदस्य १ जना गरि जम्मा ७ जना सदस्य रहेको अध्ययन टोलीबाट अध्ययन गराई प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले उक्त कार्यको भुक्तानी गर्दा उपरोक्त व्यवस्थाको पालना भएको पाईएन । परामर्शदातालाई भुक्तानी गर्दा पालिकाले तयार गरेको लागत अनुमानमा उल्लेख नभएको जनशक्ति तथा परामर्शदाताले पेश गरेको दररेटमा उल्लेख नभएको जनशक्ति समेतको भुक्तानी दिइ बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु.

| **जनशक्ति** | **दिन** | **दर(रु.)** | **रकम(रु.)** | **कैफियत** |
|---|---|---|---|---|
| Biologist | २५ | ३२३० | ८०७५० | पालिकाले तयार गरेको लागत अनुमानमा उल्लेख नभएको |
| Geo-Tech Engineer | ८ | ४४६७ | ३३५०० | परामर्शदाताले पेश गरेको दररेटमा उल्लेख नरहेको |
| Senior Surveyor | १५ | ११६७ | १७५०० | |
| **जम्मा** | | | **१३१७५०** | |

| असुल गर्नुपर्ने | १,३१,७५० |
|---|---|

११२.३ **शर्त अनुसार प्रतिवेदन पेश नभएको-** पालिकाले औगोकिक प्रोफाइल तथा योजना तयार गर्नको लागि TOR मा बुदा नै २.१ मा पालिकाको औधौगिक प्रोफाइल तयारी क्षेत्रको योजना तयारी तथा स्थानीय उद्योग दर्ता तथा नियमन सम्वन्धी कार्यविधि तयार गर्ने तथा नगरपालिकाले आवधिक विकास योजनामा आफ्ना क्षेत्रको समष्टिगत विकासका लागि दिने लक्ष्य उद्देश्य र रणनीतिहरु र योजना तर्जुमाका लागि समावेश हुनुपर्ने आवश्यक प्राविधिक विषयवस्तु स्पष्ट हुनुपर्ने गरी कार्यादिश दिएकोमा अन्तिम प्रतिवेदनमा उक्त विषयवस्तु समावेश नगरीकनै अन्तिम प्रतिवेदन पेश गरेको देखिएकोले उक्त प्रोफायल अध्ययन वस्तुनिष्ट रुपमा तयार नगरेको देखिएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ४,९२,८१० |
|---|---|

११२.४ डाटा भेरीफिकेसनको प्रमाण :

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ११३ कृषि बजार पूर्वाधार निर्माण तथा निरन्तरता

११३.१ पालिकाले कृषि बजार पूर्वाधार निर्माण तथा निरन्तरता परियोजना निर्माणको लागि रु. ३ करोड ५९ लाख ९९हजार ७६७ गरी ठेक्का आव्हान गरिएकोमा रु. २ करोड ३१ लाख ३२ हजार४७९.९३ कवोल गर्ने श्री कृष्ण वि एल जे भी सँग मिति २०८२।३।८ मा सम्पन्न गर्ने गरी मिति २०८१।१२।८ मा सम्झौता गरी कार्यदेश दिएकोमा गो भौ नं १७।०८२।२।२७ बाट प्रथम विल बापत रु. ८२८६३५१, गो भौ नं २३।०८२।३।८ बाट दोस्रो रनिङ्ग विल बापत रु. २८३८३६४ र गो भौ नं ३६।०८२।३।२४ बाट तेस्रो रनिङ्ग विल बापत रु. ४०५६००७ गरी हालसम्म रु. १५१८०७२२ भुक्तानी भएको श्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

११३.२ **म्याद थप तथा कार्यसम्पन्न-** निर्माण व्यवसायीलाई मिति २०८२।३।८ सम्म निर्माण सम्पन्न गर्ने गरी कायदिश दिएकोमा तोकिएको समयभित्र निर्माण सम्पन्न भएको छैन भने म्याद थप गरेको प्रमाण नदेखिएकोले नियमानुसार पूर्वनिर्धारित क्षतिपूर्ति लगाई कार्य समय भित्रै सम्पन्न गर्नुपर्दछ।

११३.३ विमा वापत बढी भुक्तानी :

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१८,७५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ११४ नक्सा पास शुल्क

पालिकाद्धारा तयार भएको आर्थिक ऐन, २०८१ को अनुसूचि १४ को बुदा नं २ घरनक्सा पासको राजश्व तथा दस्तुरको व्यवस्था छ। पालिकाले यस वर्ष पुँजीगत अनुदान दिएका विभिन्न संस्थाको निर्माण क्षेत्रफलको नक्सा पास गरी भवन निर्माण गरेको देखिएन । भवन निर्माण स्वीकृत नलगि भवन निर्माण गरेकोले भवन अधिलेखिकरण गर्ने दर रेट अनुसार नक्सा पास सिफारिस विनै निर्माण गरेको देखिएकोले नियमानुसारको अभिलेखन कर बापत रकम असुल गरी दाखिला गर्नुपर्ने रु

| योजना भवनको नाम | क्षेत्रफल | दस्तुर | जम्मा | कैफियत |
|---|---|---|---|---|
| पत्रकारमहासंघको भवन | ७५० | ३१ | २३२५० | २ तलाको क्रमश रु. १५ , १६ , का दरले |
| समृद्धिमहालाको ट्रस निर्माण | ८०० | ३१ | २४८०० | २ तलाको क्रमश रु. १५ , १६ , का दरले |
| जम्मा | | | ४८०५० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,०५० |

## ११५ राजश्व

११५.१ **सम्पत्ति कर-** पालिकाको आर्थिक ऐन २०८१ को अनुसूची १ मा सम्पत्ति करका लागि २०८१/०८२ को दरका बारेमा उल्लेख छ । जसमा न्यूनतम पाँच लाख रुपैयाँसम्मको मूल्याङ्कनमा जग्गामात्र भएकोमा एकमुष्ठ ८० र घरबास समेत भएकोमा एकमुष्ठ रु. ३२० कर लाग्ने उल्लेख छ । पालिकाबाट प्राप्त विवरणमा पालिकामा २३३२५ घरधुरी रहेकोमा हालसम्म ५८३७ घरले मात्र पालिकाको अभिलेखमा घरनक्सा दर्ता रहेको देखियो । यसरी घरनक्सा पास तथा घरनक्सा दर्ता प्रकृयामा नआएका १७४८८ घरको न्यूनतम रु. ३२० का दरले कम्तिमा रु. ५५९६१६० संकलन गर्नुपर्ने सम्बन्धमा एकिन गरी कानुबमोजिम सम्पत्ती कर संकलन गर्नुपर्छ ।

११५.२ **घरनक्सा-** पालिकाको आर्थिक ऐन २०८१ को अनुसूची १४ मा घरनक्सा पास सम्बन्धी राजश्व दस्तुरका बारेमा उल्लेख छ । जसमा वि. सं. २०७२ भन्दा अघि बनेका पुराना घरको प्रतिवर्गफिट न्यूनतम रु. ५ देखि अधिकतम रु. ८ सम्म दस्तुर लाग्ने उल्लेख छ ।

पालिकाबाट प्राप्त विवरणमा ४५४३ पुरानो घर दर्ता रहेकोमा जम्मा ३४८३ घरले मात्र घर नक्सा प्रमाणपत्र लिएको देखियो । यसरी पालिकामा दर्ता रहेका वि. सं. २०७२ भन्दा अघि बनेका पुराना जम्मा १०६० घरले नक्सा नियमित प्रमाणपत्र लिएको देखिएन । पलिकाले घर नक्सा प्रमाणपत्र नलिएका घरका सम्बन्धमा एकिन गरी कानुबमोजिम सम्पत्ति कर संकलन गर्नुपर्छ ।

११६ **यन्त्र उपकरण सञ्चालन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०१ मा कार्यालयले सरकारी सम्पत्ति तथा जिन्सी मौज्दातको वार्षिक विवरण तयार गर्नुपर्ने उल्लेख छ। पालिकले पेश गरेको वार्षिक सम्पत्ति विवरण अनुसार ट्रिपर, एम्बुलेन्स लगाएतका सवारी साधन तथा यन्त्र उपकरण सञ्चालन उल्लेख गरी इन्धन, चालक, पारिश्रमिक र मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ।

| उपकरणकोनाम | संख्या | इन्धन खपत | जनशक्ति लागत | मर्मत लागत | जम्मा खर्च | आय | घाटा |
|---|---|---|---|---|---|---|---|
| जे.सि.वि. | १ | ८७००० | ३९६४६४ | २४७३९६ | ७३०८६० | | -७३०८६० |
| रोड लोडर | १ | | ३९६४६४ | ० | ३९६४६४ | ४८८००० | ९१५३६ |
| मिनि टिप्पर | १ | | | ७८५२५ | ७८५२५ | ० | -७८५२५ |
| ग्रेडर | १ | | ३९६४६४ | ३७६५२५ | ७७२९८९ | २४४२५०० | १६६९५११ |
| ट्याक्टर | १ | | | | ० | ५०००० | ५०००० |
| मोटरसाइकल र स्कुटर | ३० | १५५०००० | | | १५५०००० | | |
| स्कारपियो, पिकअप, ई भि ओमोडा | ४ | १३८२४०० | ७११९९० | ८६५००० | ५५०००० | | |

पालिकाले यस्ता उपकरणहरुको सञ्चालनको लगसिट राखेको छैन भने अर्को तर्फ लगानी र आय विश्लेषण समेत नगरि पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको समेत पाइयो। पालिकाले आगामी दिनमा यसरी प्रदान गर्ने सेवा सञ्चालनको लागि कार्यविधि तयार गरी आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ। पालिकाले आगामी दिनमा यस्ता कार्य गर्दा कानुनबमोजिम विपन्न, महामारी, विपद, फरक क्षमता भएका नागरिकको आवश्यकता र गाम्भिर्यतालाई ध्यान दिनुपर्दछ।

११७ **ई हाजिरी खरिद** (२४२/२०८०/३/२०-):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले रकम खर्च गर्दा उपयुक्त प्रमाण कागजात पेश गरी त्यसको औचित्यको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। पलिकाले २०८१/१०/१० मा विभिन्न विद्यालय वडा तथा स्वासथ्य चौकीमा जम्मा २८ वटा इ हाजिरी मेशिन खरिद पालिकाले धर्मा टेक्नोलोजीजबाट इ हाजिरी खरिद गरि भुक्तानी गरेकोमा उक्त फर्मसंग गरेको सम्झौता पेश गरेको छैन । पालिकाले २०८१/१०/१० मा माग गरेको कोटेशनमा Device Name Biometric Attendance Machine with Battery Backup, Scan type Finger and Face, Min. 200 faces, 1000 fingerprints, Log capacity: 1,00,000, Face recognition duration < 0.2 s/User, Sensor Type: Optical Sensor, Configuration via the web client, Must Support Auto Push Technology, Must Compatible with Attendance.gov.np Software उल्लेख भएकोमा विभिन्न फर्मले पेश गरेको कोटेशनमा Face recognition duration < 0.2 s/User, Hikvision Attendance DS-KIT320EFWX- Warranty: 1 year, Must Support Auto Push Technology, Must Compatible with Attendance.gov.np Software लगाएतको विवरण खुल्ने स्पेशिफिकेशन बेगर पेश भएको कोटेशनका आधारमा उक्त मेशिन खरिद गरेको छ । पालिकाले आगामी दिनमा यस्तो खरिद गर्दा खरिद गरिएको प्रणालीको पोष्ट डेलिभरी इन्सपेक्सन रिपोर्ट र तोकिएको स्थानमा तोकिएका ई- हाजिरी मेशिन जडान भएको प्रमाण समेत संलग्न राखि मितिव्ययी तवरले पालिकाको आवश्यकतामा आधारित भई खरिद गर्नुपर्छ ।

११८ **मनोरञ्जन कर**

पालिकाको अर्थ सम्बन्धी प्रशतावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८१ को अनुसुची ७ मा मनोरञ्जन कर वापत सिनेमा हलले एकमुष्ट ८००० वार्षिक कर तिर्नुपर्ने तथा बुँदा नं. ३ मा चलचित्र घरले टिकट आम्दानीमा ३ प्रतिशतका दरले कट्टी गर्नुपर्ने उल्लेख छ । पालिका

अन्तरगत वडा नं. १ मा जितपुरमा रहेको ओएसिस सिने प्रा. लि. ले बक्स अफिस वापत आ. व. २०८०/०८१ मा रु. ९१०७१०० संकलन गरेकोमा ३ प्रतिशतले हुने रु.२४१७८१ तथा आ. व. २०८१/०८१ मा रु. १४०५६४९८.७६ संकलन गरेकोमा ३ प्रतिशतका दरले संकलन गरेको मनोरञ्जन कर रु.३७३१८१ समेत रु.६१४९६२ यकिन गरी असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,१४,९६२ |

११९ **निजी विद्यालय नियमन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिका भित्र संचालन भएका सम्पुर्ण व्यवसाय वा संघसंस्थाले नगरपालिकामा व्यवसाय दर्ता गरी करमा आवद्ध हुनुपर्ने व्यवस्था छ । पालिकाको आर्थिक ऐन, २०८१ मा पालिका भित्र संचालित संस्थागत विद्यालयहरू पालिकाका व्यवसाय दर्ता गर्न उच्च तहको लागि रू. १५०००, माध्यमिक तहको लागि रू. १०००० , आधारभुत तहको लागि रू.५००० र प्राथमिक तहको लागि रू. ३००० दस्तुर तिरेर व्यवसाय करमा दर्ता गर्नुपर्ने उल्लेख गरेको छ । पालिकाभित्र संचालनमा रहेका देहायका विद्यालयहरूले पालिकामा व्यवसाय दर्ता गरेको देखिएन । तसर्थ, पालिका भित्र संचालित रहि व्यवसाय करमा दर्ता नभएका विद्यालयहरुले व्यवसाय करमा दर्ता हुनुका साथै विगत वर्ष देखिकै व्यवसाय दर्ता कर सम्बन्धित विद्यालयबाट असुल गरी दाखिला गर्नुपर्ने रू.

| क्र.स | स्कुलको नाम | पालिकामा व्यवसाय करमा दर्ता | कक्षा संचालन | स्कुल | प्यान | बुझाउनुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| १ | स्काई लार्क वोर्डिङ, स्कुल | नभएको | १२ | उच्च तह | ३०१३९११२० | १०००० |
| जम्मा | | | | | | १०००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

१२० **ढुङ्गा गिट्टी ठेक्का तर्फ**

१२०.१ ढुङ्गा गिट्टी ठेक्का तर्फ: पालिकाले बाणगंगा खोला लाई मधुवन वगर क्षेत्र, धनेश्वर बालापुर सिसेनी क्षेत्र र भगलापुर बनकसिया क्षेत्र गरी ३ क्षेत्रमध्ये निम्नानुसारको विभिन्न सव विन्दु को उत्खन्नयोग्य परिमाण निर्धारण गरी ठेक्का व्यवस्थापन गरिएकोमा संकलन भएको रकम तथा त्यसमा देखिएको प्रमूख व्यहोरा निम्न छन्।

| नाका | उपनाका | पार्टीको नाम | सिफारिस परिमाण (घ.मि.) | न्यूनतम अंक | कबोल अंक/ दाखिला रकम |
|---|---|---|---|---|---|
| मधुवन | श्रृङ्गिघाटसुरुविन्दु देखि ग्याविन लगाइएको क्षेत्र | SCEGC- ANS JV | २९१६५.८५ | आयोजनालाई नगर कार्यपालिकको निर्णय अनुसार प्रति घ फि रु १५ को दरले निर्धारण | १५४४७६९२.४ |
| | ग्याविन लगाइएको क्षेत्रदेखि भागिरथी गौशालासम्मको क्षेत्र | | १७४४४ | | ९२३९२१५ |
| | गौशाला देखि दक्षिण चिल्ड्रेन पार्क इमिलीकोरुखसम्मको क्षेत्र | | १७३६० | | ९१९४७२४ |
| | जम्मा | | ६३९६९.८५ | | ३३८८१६३१.४ |
| धनेशपुर बालापुर क्षेत्र | बालापुरदुर्गा मन्दिर क्षेत्र | ईन्द्रेणि त्रिशक्ति कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ११६४२.४ | १०६८३६२७ | १९९११५०४ |
| | सिसेनी मस्जिद क्षेत्र | | ५९०४.३६ | | |
| | सिसेनी मस्जिद देखि दक्षिणको क्षेत्र | | ११२७ | | |
| | धनेशपुर पानी टंकी क्षेत्र | | ६२३२.१ | | |
| | कजवे चौरीगाउँ क्षेत्र | | ५३५०.८ | | |
| | जम्मा | | ३०२५६.६६ | | |
| बनकसिया भगलापुर क्षेत्र | भगलापुरचौपारी देखि दक्षिण फुटवल मैदान सम्मको क्षैत्र | HM Builders | २१९७६.५० | ११०१९५८१ | २११३५७५५ |
| | क्रसर पशुपन्छि फर्म देखि दक्षिण बनकसिया पश्चिमक्षेत्र | | ३४८६.०० | | |
| | कपिलवस्तु नगरपालिकासिमा सम्मको क्षेत्र | | ५७४५.६० | | |
| | जम्मा | | ३१२०८.१० | | |
| कोइली खोला | खोजिपुरसिकारे खोला सुवर्णखाल बगर | बिशाल दुर्गा सप्लायर्स | ५०४० | २९९०७९७ | ५८५०५५५ |
| | जिनुवा खेल मैदान चौरको बगरक्षेत्र | | ३४३० | | |
| | जम्मा | | ८४७० | | |
| | | | | | ८०७७९४४५.४ |

१२०.२ **न्यूनतम कवोल अंक निर्धारण-** पालिकाले प्रभावकारी रुपमा न्यूनतम अंक तयार गरी उच्चतम राजश्व संकलनको प्रयास गर्नुपर्नेमा गत विगत सोहि विन्दुमा प्रति क्यू फि रु १५ देखि १८ सम्म कारोबार भइरहेको अवस्थामा कित प्रदेश कानूनले तोके अनुसार न्यूनतम अंकको आधारमा न्यूनतम कवोल अंक निर्धारण गर्नुपर्ने अन्यथा चलन चल्ती तथा गत विगतको रेटको आधारमा प्रदेशको रेट भन्दा कम नहुने गरी अधिल्लो महिना मुधवन नाकाको लागि रु १५ को रेट फिक्स गरेको अवस्थामा अरु विन्दुमा रु १० प्रति क्यू फिटको राखी न्यूनतम अंक गरी ठेक्का आव्हान गरि पालिकालाई उठ्न सक्ने सम्भावित आय संकलनमा ह्रास हुने हुदा वस्तुनिष्ठ न्यूनतम कवोल अंक निर्धारण गर्नुपर्दछ।

१२०.३

नगरपालिका र ठेकदार बिच भएको सम्झौताको शर्त नं. २ मा तोकिएको समयमा आय ठेक्का रकम भुक्तानी नभए नियमानुसार १० प्रतिशत हर्जना तिर्न मन्जुर छु साथै भुक्तानी गर्न विलो भएमा बैंक ग्यारेन्टीबाट रकम असुल गर्दा मेरो मन्जुरी रहने उल्लेख छ । यस वर्ष देहायका आय ठेक्कामा तोकिएको समयमा राजस्व दाखिला नगरी ढिला गरी दाखिला गरेको देखियो । सम्झौता शर्त अनुसार ढिला गरी भुक्तानी गरेकोमा नगरपालिकाले हर्जना असुल गरेको देखिएन । अतः सम्झौता शर्त अनुसार रु. हर्जना असुल गर्नु पर्ने रु.

| आय ठेक्का लागेको क्षेत्र | ठेकदारको नाम | भुक्तानी गर्ने अन्तिम मिति | भुक्तानी भएको मिति | ढिला अवधि | सम्झौता रकम | १० प्रतिशत जरिवाना |
|---|---|---|---|---|---|---|
| बनकसिया भगलापुर क्षेत्रको ३१२०८.१० क्यू मि परिमाणको | एच बी. बिल्डर्स | २०८२।२।१० | | | १९६३५७५७ | १९६३५७५ |

| असुल गर्नुपर्ने | १,५०,००० |
|---|---|

## १२१ कर तथा शुल्क असुली

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | कुल प्राप्ती |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | १४००००००. | ६०२९६००.४ |
| २ | ११३१४ | भुमिकर/ मालपोत | ३०००००. | १०८८११७९.७ |
| ४ | ११३१७ | वहालकर | १००००००० | ७८५११२४.८२ |
| ५ | ११३१८ | वहालविटौरी कर | १५०००००. | २८१२१९५.४५ |
| ११ | ११४७२ | बाँडफाँडबाटप्राप्त हुने विज्ञापन कर | ० | ३४५०००. |
| १९ | १४१५१ | सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय | ३००००००. | ३०३०५००. |
| २२ | १४२१२ | सरकारीसम्पतीको बिक्रीबाट प्राप्त रकम | ४,०००.०० | ० |
| २३ | १४२१८ | विद्युतसेवा शुल्क | ५०००००. | १०२९००. |
| २४ | १४२१९ | अन्यसेवा शुल्क तथा बिक्री | १००००००००. | १०९५८११६.८५ |
| २५ | १४२२३ | शिक्षाक्षेत्रको आम्दानी | ७५,०००.०० | ११,५००.०० |
| २६ | १४२२४ | परीक्षाशुल्क | ० | ८६,७००.०० |
| २७ | १४२२९ | अन्यप्रशासनिक सेवा शुल्क | १००००००. | १३३७१७०. |
| २८ | १४२४२ | नक्सापासदस्तुर | ५००००००. | ९३८१२९१.७४ |
| २९ | १४२४३ | सिफारिशदस्तुर | १००००००००. | १००१६४२८.०९ |
| ३० | १४२४४ | व्यक्तिगतघटना दर्ता दस्तुर | १००००००. | १५०३५००. |
| ३१ | १४२४५ | नाताप्रमाणित दस्तुर | ६०००००. | २६९४००. |
| ३२ | १४२४९ | अन्यदस्तुर | ३००००००. | ३९६१९२४.४३ |
| ३३ | १४२५३ | व्यावसायरजिष्ट्रेशन दस्तुर | ५०००००. | ९१०४५०. |
| ३४ | १४३१२ | प्रशासनिकदण्ड जरिवाना र जफत | ३००००००. | ५२१०४७०.५ |
| ३५ | १४५२९ | अन्यराजस्व | ० | ६,०००.०० |
| ३६ | १४६११ | व्यवसायकर | ६५०००००. | ३७३२४००. |

## १२२ घर भाडा कर

भाडा कर- बाणगंगा नगरपालिकाको आर्थिक ऐन, २०८१ मा १० प्रतिशत घरभाडा कर तिर्नु पर्ने उल्लेख छ । पालिका संचालनमा रहेका देहायका संस्थागत विद्यालयले आफ्नो वित्तीय विवरणमा घरभाडा खर्च लेखी घर भाडा कर तिर्न बाँकी दायित्वमा राखेको देखियो । लेखापरीक्षण अवधिसम्म उक्त दायित्व रकम स्थानीय तहको सञ्चितकोषमा दाखिला गरेको नदेखिएकोले दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नु पर्ने रु.

| क.स | संस्थाको नाम | शिर्षक | वित्तीय विवरंण | | | | जम्मा रकम | बहाल कर १० प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८।७९ | २०७९।८० | २०८०।८१ | २०८१-८२ | | |
| १ | बाल ज्योति ईङलिस बोर्डिङ स्कुल | अफिस रेन्ट | ४५००० | ६०००० | | | १०५००० | १०५०० |
| २ | ईभर ग्रिन ईङलिस बोर्डिङ स्कुल | अफिस रेन्ट | | १८००० | १८००० | १८००० | ५४००० | ५४०० |
| ३ | सगरमाथा विद्या मन्दिर | अफिस रेन्ट | ४२००० | ४२००० | ७२००० | | १५६००० | १५६०० |
| ४ | चिल्ड्रेन पाराडाईज ईङलिस बोर्डिङ स्कुल | अफिस रेन्ट | १४८५०० | १४८५०० | १४८५०० | | ४४५५०० | ४४५५० |
| ५ | सनफलावार ईङलिस बोर्डिङ स्कुल | अफिस रेन्ट | ६०००० | ६०००० | ६०००० | | १८०००० | १८००० |
| | जम्मा | | | | | | | ९४०५० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९४,०५० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : बाणगंगा नगरपालिका, कपिलवस्तु , बाणगंगा नगरपालिका , कपिलबस्तु

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Bhaktiram Marasini | २०८०-६-८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | keshav Raj Gaire | २०७८-१०-३ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७,२९९,४५०.२१ | २,६६८,७७२ | ८,२७२,४१७ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १८,२४०,६३९.२१ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ९,३९२,६२०.९ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ८,८४८,०१८.३१ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | २१२६४३६५२.२४ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ६४६८८१८५९ | चालु खर्च | ६६५२५४८८७.५२ |
| प्रदेश सरकारबाट अनुदान | ३५३३४७०९ | पूँजीगत खर्च | ३७५८२६६८१.८८ |
| राजश्व बाँडफाँट | २५६७२९८२२.४८ | वित्तीय/अन्य व्यवस्था | ५१०५८०४९८.१९ |
| आन्तरिक आय | ७९६८७४०१.९८ | | |
| अन्य आय | ५२९८६६६५६.१५ | | |
| कुल आय | १५४८५००४४८.६१ | कुल खर्च | १५५१६६२०६७.५९ |
| बाँकी मौज्दात | | २०९४८२०३३.२६ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | २३,५९,८४,५६६.९० | ०.०० | २३,५९,८४,५६६.९० | २२,३१,१८,१०४.०६ | ०.०० | २२,३१,१८,१०४.०६ |
| १३००० | अनुदान | | ७०,१३,८४,१८७.३७ | ०.०० | ७०,१३,८४,१८७.३७ | ६७,९२,९७,७४१.५० | ०.०० | ६७,९२,९७,७४१.५० |
| १४००० | अन्य राजस्व | | ९,९०,८७,१०७.५६ | ०.०० | ९,९०,८७,१०७.५६ | ६,५७,९९,४४९.२६ | ०.०० | ६,५७,९९,४४९.२६ |
| १५००० | विविध प्राप्ति | | १३,४५,५५०.०० | ०.०० | १३,४५,५५०.०० | ०.०० | ०.०० | ०.०० |
| क | **कुल जम्मा प्राप्ति** | | १,०३,७८,०१,४११.८३ | | १,०३,७८,०१,४११.८३ | ९६,८२,१५,२९४.८२ | | ९६,८२,१५,२९४.८२ |
| ३ | चालु | | ६६,५२,५४,८८७.५२ | ०.०० | ६६,५२,५४,८८७.५२ | ६३,५१,३३,८१४.१३ | ०.०० | ६३,५१,३३,८१४.१३ |
| २१००० | पारिश्रमिक / सुविधा | | ३६,१०,३५,३३१.८१ | ०.०० | ३६,१०,३५,३३१.८१ | ३९,१६,९०,७३१.४१ | ०.०० | ३९,१६,९०,७३१.४१ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | २९,००,१२,३११.७१ | ०.०० | २९,००,१२,३११.७१ | २२,०१,६२,४७३.७२ | ०.०० | २२,०१,६२,४७३.७२ |
| २५००० | सहायता (Subsidy) | | ४८,३६,२६४.०० | ०.०० | ४८,३६,२६४.०० | १,७७,९१,९३४.०० | ०.०० | १,७७,९१,९३४.०० |
| २७००० | सामाजिक सुरक्षा | | ८४,७९,०५४.०० | ०.०० | ८४,७९,०५४.०० | ४२,७६,१०८.०० | ०.०० | ४२,७६,१०८.०० |
| २८००० | अन्य खर्च | | ८,९१,९२६.०० | ०.०० | ८,९१,९२६.०० | १२,१२,५६७.०० | ०.०० | १२,१२,५६७.०० |
| ४ | पूंजीगत | | ३७,५८,२६,६८१.८८ | ०.०० | ३७,५८,२६,६८१.८८ | ४३,४७,८९,४५७.०० | ०.०० | ४३,४७,८९,४५७.०० |
| ३१११० | भवन तथा संरचना | | ३,००,६३,३१५.०० | ०.०० | ३,००,६३,३१५.०० | २,८०,१०,३२५.०० | ०.०० | २,८०,१०,३२५.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | १,७२,०६,१८६.०० | ०.०० | १,७२,०६,१८६.०० | १,७३,१८,२२३.०० | ०.०० | १,७३,१८,२२३.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ३२,७६,५२,८५७.८८ | ०.०० | ३२,७६,५२,८५७.८८ | ३८,४०,३९,१५३.०० | ०.०० | ३८,४०,३९,१५३.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ९,०४,३२३.०० | ०.०० | ९,०४,३२३.०० | ४९,२१,७५६.०० | ०.०० | ४९,२१,७५६.०० |
| ३१३१० | बहुमूल्य सामानहरु | | ०.०० | ०.०० | ०.०० | ५,००,०००.०० | ०.०० | ५,००,०००.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | | १,०४,१०,८१,५६९.४० | | १,०४,१०,८१,५६९.४० | १,०६,९९,२३,२७१.१३ | | १,०६,९९,२३,२७१.१३ |
| ग) | **बचत /कमी (ग = क-ख )** | | (३२,८०,१५७.५७) | | (३२,८०,१५७.५७) | (१०,१७,०७,९७६.३१) | | (१०,१७,०७,९७६.३१) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | | १,१८,५३८.५९ | | १,१८,५३८.५९ | ८०,७१,५००.९७ | | ८०,७१,५००.९७ |
| घ.१) | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | | | | | (३३,०३६.००) | | (३३,०३६.००) |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | (३१,६१,६१८.९८) | | (३१,६१,६१८.९८) | (९,३६,३६,४७५.३४) | | (९,३६,३६,४७५.३४) |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | | २१,२६,४३,६५२.२४ | | २१,२६,४३,६५२.२४ | ३०,६२,८०,१२७.५८ | | ३०,६२,८०,१२७.५८ |
| छ) | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | २०,९४,८२,०३३.२६ | | २०,९४,८२,०३३.२६ | २१,२६,४३,६५२.२४ | | २१,२६,४ |

| क्र.सं. | कार्यक्रम/आयोजना/ क्रियाकलापकोनाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | नगरप्रहरीचौकी निर्माण | ७००००० | ० |
| २ | प्रशासनिकभवननिर्माण (बहु वर्षीय) वडा नं. ११ | २५००००० | ० |
| ३ | कृषिभवनमाथि तला थप | ३०००००० | ० |
| ११ | विद्युतीयगाडीचार्जिंग सेन्टर निर्माण | ३५००००० | ० |
| १२ | कार्यालयपरिसरभित्रबोरिंग जडान | ७००००० | ० |
| १३ | मुस्लिमकबरस्थानपटना बाउण्ड्री वाल निर्माण | ५००००० | ० |
| १४ | हेमराजमा.वि.साईकल स्ट्याण्ड निर्माण | १०००००० | ० |
| १८ | पशुसेवाशाखाको कार्यालय पूर्वाधार निर्माण | ५०००००० | ० |
| १९ | नवदुर्गानि. मा. वि. भवन पूर्वाधार निर्माण | ९६,०००.०० | ० |
| २० | बुद्धरंगशालास्तरोन्नती | ३०००००० | ० |
| २२ | नगरप्रहरीआवास तथा सभाहल निर्माण | २०००००० | ० |
| २३ | बसपार्कव्यवस्थापन | १५००००० | ० |
| २४ | नगरपालिकासंघकोभवन निर्माणका लागि आर्थिक सहयोग | ५००००० | ० |
| | | | |

| | | | |
|---|---|---|---|
| ३३ | औद्योगिकग्रामनिर्माण | ४६००००० | ० |
| जम्मा | | २८५९६००० | ० |

## बेरूजु दफा ६.२ सँग सम्बन्धित विवरण - अनुसूची -५

| सि. नं . | घरधीको नाम | दर्ता नं. | वार्ड न. | रोकिएको कारण |
|---|---|---|---|---|
| १ | राम प्र. गैरे | ४५० | ४ | ऐलानिकुलोमा परेको |
| २ | कुमकुमा खनाल | १५८ | ८ | ऐलानिजग्गामा परेको |
| ३ | खेम ब. सोमै | २९१४ | ३ | ऐलानिजग्गामा परेको |
| ४ | गणेश कु. गुप्ता | २८९ | ११ | ऐलानिजग्गामा परेको |
| ५ | चन्द्र ब. परियार | ३५९ | ३ | ऐलानिजग्गामा परेको |
| ६ | चिन्नी प्र. चौधरी | ३४७९ | ३ | ऐलानिजग्गामा परेको |
| ७ | दामोदर पङ्गेनि | ५६६ | ११ | ऐलानिजग्गामा परेको |
| ८ | देउकी सापकोटा | २८४ | ३ | ऐलानिजग्गामा परेको |
| ९ | देवकी सोमै | २९१७ | ३ | ऐलानिजग्गामा परेको |
| १० | प्रेम बहादुर खत्री | ४४४ | ८ | ऐलानिजग्गामा परेको |
| ११ | भोमलाल न्यौपाने | २८८९ | ७ | ऐलानिजग्गामा परेको |
| १२ | रमेश घिमिरे | ३६५४ | ४ | ऐलानिजग्गामा परेको |
| १३ | होमकला सोमै मगर | ८८ | ८ | ऐलानिजग्गामा परेको |
| १४ | गंगा देवी सापकोटा | १२ | ४ | ऐलानिजग्गामा बनाएको |
| १५ | गणेश रिमाल | ९ | ८ | ऐलानिजग्गामा बनाएको |
| १६ | गिता थापा | ८ | ४ | ऐलानिजग्गामा बनाएको |
| १७ | घनश्याम गिरी | २५ | ९ | ऐलानिजग्गामा बनाएको |
| १८ | जंग ब. थापा | ५ | १ | ऐलानिजग्गामा बनाएको |
| १९ | जानकि खड्का बस्नेत | १९ | ९ | ऐलानिजग्गामा बनाएको |
| २० | टेक नारायणरेग्मी | १ | ३ | ऐलानिजग्गामा बनाएको |
| २१ | डासुराम पौडेल | ६ | ८ | ऐलानिजग्गामा बनाएको |
| २२ | दिल ब. तरामु | २ | ३ | ऐलानिजग्गामा बनाएको |
| २३ | देवि स्थान सरस्वतीप्रा लि | १३ | ३ | ऐलानिजग्गामा बनाएको |
| २४ | नर ब. वि.क. | १७ | ८ | ऐलानिजग्गामा बनाएको |
| २५ | नर बहादुर वि.क. | १६ | ८ | ऐलानिजग्गामा बनाएको |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| २६ | पित ब. रेश्मी | २ | ८ | ऐलानिजग्गामा बनाएको |
| २७ | पुजा मस्राङ्गी | १८ | ८ | ऐलानिजग्गामा बनाएको |
| २८ | प्रम कुमारी हमाल मल्ल | ५ | ४ | ऐलानिजग्गामा बनाएको |
| २९ | प्रेम कुमार सुनार | १५ | ८ | ऐलानिजग्गामा बनाएको |
| ३० | बसन्ति भट्टराई | ४ | ३ | ऐलानिजग्गामा बनाएको |
| ३१ | बुध्द फाउन्डेसन नेपाल ( वृद्ध आश्रम) | २४ | २ | ऐलानिजग्गामा बनाएको |
| ३२ | मदन प्रसादरेग्मी | १० | ४ | ऐलानिजग्गामा बनाएको |
| ३३ | मन्जु बन्जाडे | २२ | ८ | ऐलानिजग्गामा बनाएको |
| ३४ | मान कुमारी थापा | २० | ४ | ऐलानिजग्गामा बनाएको |
| ३५ | यमलाल गैरे | २ | ८ | ऐलानिजग्गामा बनाएको |
| ३६ | रन्जित गुरूङ | २ | ९ | ऐलानिजग्गामा बनाएको |
| ३७ | राम रतन थारू | ३ | ११ | ऐलानिजग्गामा बनाएको |
| ३८ | रूपनी थरूनी | ९ | ३ | ऐलानिजग्गामा बनाएको |
| ३९ | वत्ति कुमारी सेन | ११ | ४ | ऐलानिजग्गामा बनाएको |
| ४० | विनोद घर्ति क्षेत्री | २१ | ५ | ऐलानिजग्गामा बनाएको |
| ४१ | विष्णु ब. सार्की | ४ | ४ | ऐलानिजग्गामा बनाएको |
| ४२ | शरदा ढकाल | ८ | ८ | ऐलानिजग्गामा बनाएको |
| ४३ | शोहित प्रसाद थारू | १४ | ३ | ऐलानिजग्गामा बनाएको |
| ४४ | श्री गौरी भवानीमा.वि. | २३ | ३ | ऐलानिजग्गामा बनाएको |
| ४५ | सरिता पन्थी | ७ | ४ | ऐलानिजग्गामा बनाएको |
| ४६ | सहविर तरामु | ३ | ३ | ऐलानिजग्गामा बनाएको |
| ४७ | सुखलावती थारू | २६ | ८ | ऐलानिजग्गामा बनाएको |
| ४८ | हरी प्रसाद भट्टराई | १ | १ | ऐलानिजग्गामा बनाएको |
| ४९ | हेमु मल्ल | ६ | ४ | ऐलानिजग्गामा बनाएको |
| ५० | होम ब. के सी | ७ | ८ | ऐलानिजग्गामा बनाएको |

## बेरूजु दफा ३२ सँग सम्बन्धित विवरण - अनुसूची -६

| कक्षा | 1 | | | 2 | | | 3 | | | 4 | | | 5 | | | 6 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालयको नाम | जम्मा विद्यार्थी संख्या | पा. पु. भुक्तानी संख्या | दर (रु.) | जम्मा विद्यार्थी संख्या | पा. पु. भुक्तानी संख्या | दर (रु.) | जम्मा विद्यार्थी संख्या | पा. पु. भुक्तानी संख्या | दर (रु.) | जम्मा विद्यार्थी संख्या | पा. पु. भुक्तानी संख्या | दर (रु.) | जम्मा विद्यार्थी संख्या | पा. पु. भुक्तानी संख्या | दर (रु.) | जम्मा विद्यार्थी संख्या |
| श्री शुद्धोदन जनजीवन मा वि | ४ | ५ | ५२१ | ४ | ६ | ५५७ | | | ५८१ | ५ | १० | ५९६ | ७ | १२ | ६३३ | ६ |
| जम्मा | | | | | | | | | | | | | | | | |

## बेरूजु दफा ३४ सँग सम्बन्धित विवरण - अनुसूची -७

| क्र.सं. | विद्यालयको नाम | वडा | जम्मा दरबन्दि अनुदान | जम्मा विद्यार्थी संख्या | अनुपात |
|---|---|---|---|---|---|
| १ | श्री सिद्धार्थ मा.वि, बुङ्ची (0-10) | बा.न.पा-01 | ११ | ४४१ | ४० |
| २ | श्री बाल मा.वि, बैरिया (0-12) | बा.न.पा-01 | १६ | ९२० | ५८ |
| ३ | श्री पञ्च आ.वि, वैजलपुर (0-8) | बा.न.पा-02 | ८ | १९९ | २५ |
| ४ | श्री जनता मा.वि, पिपरा (0-12) | बा.न.पा-02 | २८ | २५४० | ९१ |
| ५ | श्री कपिलवस्तु आ.वि, राजपुर (0-5) | बा.न.पा-02 | ५ | १०८ | २२ |
| ६ | श्री बालज्योती आ.वि, कप्टैया (0-5) | बा.न.पा-02 | ५ | ६१ | १२ |
| ७ | श्री गौरी भवानी मा.वि, भक्तौली (0-10) | बा.न.पा-03 | १२ | १९१ | १६ |
| ८ | श्री दुर्गा भवानी आ.वि, कर्महना (0-8) | बा.न.पा-03 | ७ | ८९ | १३ |
| ९ | श्री कोटिया आ.वि, गंगौलिया (0-3) | बा.न.पा-03 | २ | ३९ | २० |
| १० | श्री सरस्वती आ.वि, ठाँटी (1-5) | बा.न.पा-03 | २ | ५२ | २६ |
| ११ | श्री शान्ती आ.वि, डुङ्गहवा (0-8) | बा.न.पा-04 | ८ | ७४ | ९ |
| १२ | श्री सिद्धार्थ आ.वि, गजेहडा (0-8) | बा.न.पा-04 | ८ | १८७ | २३ |
| १३ | श्री बाणगङ्गा मा.वि, गजेहडा (0-12) | बा.न.पा-04 | २४ | १०९० | ४५ |
| १४ | श्री महेन्द्र आ.वि, कोपवा (0-12) | बा.न.पा-05 | २५ | ७०० | २८ |
| १५ | श्री अन्तर्रराष्ट्रिय युवा वर्ष आ.वि, सिमलखोर (0-5) | बा.न.पा-05 | ३ | ४३ | १४ |
| १६ | श्री श्यामा आधारभूत विद्यालय, मटेरिया (0-5) | बा.न.पा-05 | ३ | ५२ | १७ |
| १७ | श्री मा.वि, झण्डा (0-12) | बा.न.पा-06 | १७ | २४३ | १४ |
| १८ | श्री लक्ष्मणघाट मा.वि, | बा.न.पा-06 | ११ | ४१६ | ३८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | लक्ष्मणघाट (0-10) | | | | |
| १९ | श्री ज्ञानोदय आ.वि, सुठौली (0-8) | बा.न.पा-06 | ७ | ८३ | १२ |
| २० | श्री नवदुर्गा आ.वि, मोतिपुरडाँडाँ (0-8) | बा.न.पा-0७ | ९ | १८५ | २१ |
| २१ | श्री जनचेतना आ.वि, बनगाई (0-8) | बा.न.पा-0७ | ७ | १९२ | २७ |
| २२ | श्री जनज्योती मा.वि, मोतिपुर (0-12) | बा.न.पा-0७ | १८ | ५१९ | २९ |
| २३ | श्री जनसेवा आ.वि, उदयपुर (0-8) | बा.न.पा-08 | ९ | १६७ | १९ |
| २४ | श्री बाणगङ्गा मा.वि, लौगाई (0-12) | बा.न.पा-08 | १८ | १३९१ | ७७ |
| २५ | श्री जननी आ.वि, मधुवन (0-8) | बा.न.पा-08 | ७ | २५२ | ३६ |
| २६ | श्री सूर्योदय आ.वि, चप्परगाउँ (0-8) | बा.न.पा-08 | ६ | २३० | ३८ |
| २७ | श्री सुद्धोदन जनजीवन मा.वि, जिनुवा (0-12) | बा.न.पा-09 | १५ | ३३१ | २२ |
| २८ | श्री बालकल्याण आ.वि, बर्दहवा (0-8) | बा.न.पा-09 | ८ | ८७ | ११ |
| २९ | श्री राम आ.वि, पडरिया, (0-8) | बा.न.पा-09 | ८ | २०० | २५ |
| ३० | श्री भरतापुर आ.वि, भरतापुर (0-8) | बा.न.पा-09 | ७ | १४६ | २१ |
| ३१ | श्री गौतम बुद्ध आ.वि, कुसुमडाँडाँ (0-5) | बा.न.पा-09 | ३ | ५८ | १९ |
| ३२ | श्री कामता मा.वि, करैलिया (1-10) | बा.न.पा-10 | १३ | ३२८ | २५ |
| ३३ | श्री जनकल्याण आ.वि, बालापुर (0-3) | बा.न.पा-10 | ३ | ७१ | २४ |
| ३४ | श्री कोठीनदी आ.वि, गोगापुर (0-3) | बा.न.पा-10 | १ | २६ | २६ |
| ३५ | श्री सरस्वती आ.वि, बनगवा लखनपारा (0-5) | बा.न.पा-10 | ३ | ११६ | ३९ |
| ३६ | श्री शारदा आ.वि, मझौवा (0-5) | बा.न.पा-10 | १ | ३९ | ३९ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३७ | श्री बाल आ.वि, बनकट्टा (1-5) | बा.न.पा-10 | ३ | ३० | १० |
| ३८ | श्री नेपाल राष्ट्रिय आ.वि, अहिरौली (0-5) | बा.न.पा-10 | ५ | ११८ | २४ |
| ३९ | श्री ओदारी मा.वि, ओदारी (0-12) | बा.न.पा-11 | १८ | ५७५ | ३२ |
| ४० | श्री हेमराज मा.वि, हथौसा (0-12) | बा.न.पा-11 | २१ | ५८७ | २८ |
| ४१ | श्री सूर्योदय मा.वि, बरवा (0-12) | बा.न.पा-11 | २० | ४७० | २४ |
| ४२ | श्री आदर्श आ.वि, भड्डिहवा (0-8) | बा.न.पा-11 | ७ | २१४ | ३१ |
| ४३ | श्री आधारभूत विद्यालय, घरवुधिया (0-5) | बा.न.पा-11 | ५ | १०७ | २१ |
| ४४ | श्री जनसहयोग आ.वि, मैनहरा (0-3) | बा.न.पा-11 | १ | ११ | ११ |
| **जम्मा** | | | **४१८** | **१३९७८** | **३३** |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।